

द्वन्द्व प्रभावित क्षेत्रका

# खोज कथा

# द्वन्द्व प्रभावित क्षेत्रका
# खोज कथा

खोज पत्रकारिता केन्द्र

# द्वन्द्व प्रभावित क्षेत्रका खोज कथा

प्रथम संस्करण, २०७१ भदौ
खोज पत्रकारिता केन्द्र, नेपाल (खोपके)

सम्पादकः हस्त गुरुङ
टाइप सेटिङः उमाकान्त नेपाल
भाषा सम्पादनः धर्मराज दाहाल
लेआउट डिजाइनः विपेन्द्र घिमिरे
आवरण कलाः रविन सायमि
सर्वाधिकार © : खोज पत्रकारिता केन्द्रमा सुरक्षित

ISBN: 978-9937-2-8558-2
Dwanda Prabhawit Kshetraka Khoj Katha

खोज पत्रकारिता केन्द्र, नेपाल
पो.ब.नं. २४८४६, जावलाखेल, ललितपुर, नेपाल
फोनः ५५३१४३४
इमेलः mail@cijnepal.org
www.cijnepal.org.np

मुद्रणः सिटी प्रेस, ललितपुर

यो पुस्तक लेखन र प्रकाशनका लागि युएनडीपी नेपाल/सीपीपी (UNDP Nepal/CPP) नेपालले सहयोग गरेको हो । यसमा व्यक्त भएका विचारसँग युएनडीपी नेपाल/सीपीपीको सहमति छ भन्ने होइन ।

# विषयसूची

१. एकल पहिचानसहितको संघीयता, कीर्तिपुरे माग र संविधानसभा

*- भानु बोखिम, १*

२. नवलपरासी द्वन्द्वः सानो बीज, ठूलो संहार

*- कल्पना भट्टराई, ११*

३. नेपालगञ्ज दंगा–२०६३: नागरिक समाजको निर्णायक भूमिका

*- वसन्त उपाध्याय, २१*

४. शान्ति बजेटमा भाग शान्ति

*- बसन्तप्रताप सिंह, ३१*

५. बाँदरमुढे विस्फोट : नियोजित घटना, दूरगामी असर

*- नारायण ढुंगाना, ४३*

६. जातीय भूगोलको राजनीतिः नेतालाई लाभ, जनतालाई सास्ती

*- पी.टी. लोप्चन, ५३*

७. सरकारी बेवास्ताको शिकारः उजाड गाउँ, चर्किएका घर र स्कूल

*- युवराज श्रेष्ठ, ६५*

८. बलात्कारः पीडितमाथि कानूनी बोझ पनि

*- राकेश चौधरी, ७७*

९. नहरै नखनी रु.६ करोड सकेपछि..

*- दिनेश सुनार, ८५*

१०. असुरक्षित वन र सार्वजनिक स्थलः निरन्तर द्वन्द्वका मैदान

*गणेश चौधरी, ९३*

११. वन्य-स्रोतको लागि द्वन्द्व

*श्रवणकुमार देव, १०१*

१२. व्यावसायिक बन्दैछन् पूर्व लडाकू

*कमल पराजुली, १०९*

१३. शान्तिको अवरोधः पीडितलाई उपेक्षा

*भवानी भट्ट, १२३*

१४. शंकै शंकामा निर्दोषको हत्या

*प्रकाश सिंह, १३१*

# प्राक्कथन

नेपालमा खोज पत्रकारिताको अवधारणा र अभ्यासलाई अघि बढाउन खोज पत्रकारिता केन्द्र, नेपाल (खोपके) दुई दशकदेखि क्रियाशील छ। विश्व पत्रकारिताको उमेरलाई हेर्दा यस काललाई बाल्यावस्था नै मान्नुपर्ने हुन्छ। तथापि तालीम, अभ्यास, छलफल, प्रकाशन लगायत आफ्नो बुद्धि-बर्कतले भ्याएसम्मका उपाय अपनाएर नेपाली पत्रकारितामा खोज पत्रकारितालाई स्थापित गराउन खोपकेले निरन्तर जमर्को गर्दै आएको हो। समयक्रममा नेपाली समाज, राज्य र यसका अंगहरू जे-जस्तो अवस्थामा पुगेका छन्, त्यसले खोज पत्रकारिताको आवश्यकता र अनिवार्यतालाई– त्यस सँगसँगै खोपकेको उपादेयतालाई समेत– झन्-झन् टड्कारो पार्दै ल्याएको छ।

खोज पत्रकारितालाई निरन्तरता दिने र विस्तार गर्दै लैजाने सिलसिलामा सन् २०१३/१४ मा युएनडीपी, सीपीपी (UNDP-Nepal/Conflict Prevention Program) सँग मिलेर खोपकेले द्वन्द्व संवेदनशील पत्रकारिताको मोडल अनुरूप सामाजिक विषयका खोज रिपोर्टिङ (Social Investigative Reporting) गर्ने क्षेत्रलाई थप गरिएको हो। यस वर्ष, यो नयाँ विषयमा दुईदिने तालीम कार्यक्रमको आयोजना गरियो। त्यस कार्यक्रममा देशभरबाट छानिएका १४ जना क्रियाशील पत्रकारहरूको सहभागिता थियो। तालीममा द्वन्द्व र शान्ति विषयका ज्ञाता र खोज पत्रकारिताका जानकारहरूले क्रियाशील पत्रकारहरूसँग सैद्धान्तिक र व्यावहारिक ज्ञान र सीप आदान-प्रदान गरे। यस तालीमका सहभागी पत्रकारहरूले नेपालको १४ वटा द्वन्द्व संवेदनशील जिल्ला र क्षेत्रको स्थलगत भ्रमण गरी अध्ययन गरे। छोटो समयको अध्ययनको क्रममा गरिएका सूचना सङ्कलन र तथ्य विवरणका आधारमा रिपोर्ट तयार पारे। यसरी रिपोर्ट तयार पार्न स्थलगत भ्रमणमा गएका पत्रकारहरूलाई यसै सम्बन्धी विषय हेर्न गठन भएको एडिटोरियल बोर्डका

सदस्यहरू, कान्तिपुर दैनिकका सम्पादक श्री सुधीर शर्मा, अन्नपूर्ण पोष्ट दैनिकका तत्कालीन सम्पादक श्री गुणराज लुइँटेल र नेपाल टेलिभिजनकी वरिष्ठतम कार्यक्रम निर्माता सुश्री आरती चटौत र खोपकेका प्रशिक्षकहरू श्री बाबुराम विश्वकर्मा, श्री एकल सिलवाल र सम्पादक समेतले सक्दो सहायता र मेन्टरिङ्ग गरे। त्यसैको प्रतिफल हो, यो पुस्तिका।

स्थलगत अध्ययन र भ्रमणकाल छोटो भए पनि सहभागी पत्रकारहरूले उत्साहपूर्वक बढीभन्दा बढी सूचना सङ्कलन गरे। खोपकेले तिनै सूचनाहरूलाई सम्पादन र शोधन गरेर राष्ट्रिय तथा स्थानीय पत्रपत्रिका, रेडियो, अनलाइन र टीभीमा समेत उपयोगी हुने गरी रिपोर्टहरू पार्न सहयोग पुऱ्यायो।

यहाँ प्रस्तुत रिपोर्टहरू द्वन्द्व रोकथाम वा न्यूनीकरण गर्नका लागि उपयोगी हुने खालका छन्। यी रिपोर्टहरूले अन्य पत्रकारहरूलाई पनि उत्सुक तुल्याउने छ भन्ने विश्वास लिइएको छ।

नेपालमा चलिरहेको सङ्क्रमणकाललाई छोट्याउन र दीगो शान्ति स्थापना गर्न सहायता पुऱ्याउने उद्देश्य लिएर तयार गरिएका यी रिपोर्टहरूमा राजनीतिक तथा सामाजिक क्षेत्रका विविध विषय समेटिएका छन्। यी रिपोर्टहरू तयार पार्दा, हिंसात्मक द्वन्द्व रोकथाम गर्न र त्यस्ता हिंसाबाट भएका क्षतिले उत्पन्न गरेका नकारात्मक प्रभावहरूलाई मत्थर गर्न सहयोग पुग्ने लक्ष्य राखिएका थिए।

विशेषगरी देशको समुदाय र सरकारले साथ-साथ काम गर्न सक्ने वातावरण तयार गर्न, समावेशी सहभागिता बढाएर सरकार र समुदायबीच प्रभावकारी संवाद गराउन तथा स्थानीय शान्ति समितिहरूलाई सक्रिय र आत्मनिर्भर बनाउन यी रिपोर्टहरूले मद्दत गर्न सक्ने आशा लिइएको छ।

नेपाली समाज र समुदायलाई द्वन्द्व व्यवस्थापनमा सक्षम, सक्रिय र आत्मनिर्भर बनाउन, विशेष र संवेदनशील मुद्दामा उनीहरूबीच सिर्जनात्मक सहमति निर्माण गर्न र द्वन्द्वको वेग र निरन्तरतालाई रोक्न राजनीतिक र सामुदायिक तहमा बेलैमा लिनुपर्ने सतर्कताबारे रिपोर्टहरूले नयाँ तथ्यहरू उजागर गरेका छन्।

समाजका विभिन्न तहबाट आउने अवरोध हटाउनका लागि द्वन्द्वको वास्तविक बीज, पात्र र भूमि पहिचान र तिनको सम्यक् विश्लेषण गर्नुपर्ने हुन्छ। प्रस्तुत रिपोर्टहरूमा यही विधि अपनाइएको छ। धेरैजसो रिपोर्टमा द्वन्द्वका वास्तविक बीज, पात्र र भूमिको पहिचान गरिएको छ। साथसाथै स्थानीय तहबाट आएको द्वन्द्व समाधानका उपाय पनि समेटिएको छ।

यी रिपोर्टहरूले शान्ति निर्माण कार्यमा सक्रिय समाजको निर्माण गर्न, समुदाय र नागरिकलाई बराबर जिम्मेवार बनाउन तथा सिर्जनात्मक तवरले द्वन्द्व समाधान गर्न अवश्य पनि घचघच्याउने छन् ।

नेपालमा भएको ऐतिहासिक राजनीतिक परिवर्तनलाई शान्तिपूर्ण तवरले व्यवस्थापन गर्न अपरिहार्य भएको र देशलाई द्रुतगतिको विकास-धारामा लैजान आवश्यक भएकोले, यहाँ उठ्ने द्वन्द्वहरू र अन्य सामाजिक–राजनीतिक अवरोधहरूको समाधान वा रोकथाम नखोजी दीगो शान्ति सम्भव छैन ।

यसैकारण यहाँ नेपाली समाजका वास्तविक द्वन्द्वका केही रूपहरूलाई केलाउने प्रयत्न गरिएको छ। सूचनाहरूको विश्लेषणले के देखाएको छ भने, देशलाई विद्यमान कठोर परिस्थितिबाट बाहिर ल्याउन पनि सामाजिक र राजनीतिक दुवै क्षेत्रबाट कठोर प्रतिबद्धता आउनु जरूरी रहेको छ। यसका साथै प्रत्येक समुदाय र समाजलाई द्वन्द्वको संवेदनशीलता प्रति सचेत गराउने प्रयास पनि गरिएको छ ।

प्रस्तुत रिपोर्टहरू प्रशिक्षार्थी पत्रकारहरूद्वारा तयार पारिएका हुनाले यिनमा अवश्य पनि कमी-कमजोरी छन्, तर लक्ष्यहीन छैनन् । नेपाली पत्रकारहरूलाई यस्ता काम गर्न प्रेरित गर्ने, आर्थिक, भौतिक र शैक्षणिक सहयोग गर्ने नेपालस्थित युएनडीपी/सीपीपी कार्यक्रमलाई मुरी-मुरी धन्यवाद दिन्छौं ।

हामीलाई मानसिक र भौतिक सहयोग गर्ने सबै निकाय र महानुभावप्रति खोज पत्रकारिता केन्द्र सविनय आभारी छ। ■

**हस्त गुरुङ**<br>**महासचिव/सम्पादक**<br>**खोज पत्रकारिता केन्द्र, नेपाल** (**खोपके**)

१ **भानु बोखिम,** काठमाडौं

# एकल पहिचानसहितको संघीयता कीर्तिपुरे माग र संविधानसभा

स्वतन्त्र राज्य गुमेपछि कीर्तिपुरवासीले चलाएको राज्य पुनर्प्राप्तिको अभियान अहिले नेवाः स्वायत्त प्रदेशको मागमा पुगेर अडिएको छ । कीर्तिपुरेहरू पृथ्वीनारायण शाहसँगको हारको बदला नेवाः स्वायत्त प्रदेश प्राप्त गरेर लिने निरन्तर अभियानमा छन् । त्यसैले कीर्तिपुरेको माग र राजनीति एकल पहिचानसहितको संविधानका पक्षधर समूहको प्रतिनिधि आवाज बन्न पुगेको छ । दोस्रो संविधानसभाका सदस्यहरू र कीर्तिपुरेबीच यसै मुद्दामा राजनीतिक द्वन्द्व चलिरहेको छ । यसै द्वन्द्वको भुमरीबाट निस्कने निष्कर्ष र सहमतिबाट 'नेपालको संविधान' को निर्माण र संक्रमणकाल समाप्त भएर शान्तिकाल शुरू हुनेछ ।













१. आधुनिक कीर्तिपुर ।

२. संविधानसभा भवन (तस्वीरः विक्रम राई) ।

३. संविधानसभाको सभाकक्ष (तस्वीरः विक्रम राई) ।

४. आदिवासी जनजातिहरू एकल पहिचानसहितको संघीयता माग गर्दै आन्दोलनमा ।

५. एकल पहिचानसहितको संघीयता माग गर्दै आदिवासी जनजाति मोर्चा ।

कीर्तिपुरे बूढापाकाहरू भन्छन्, "काठमाडौं उपत्यकामा शाहवंशको शासन आएपछि, नेपाल भाषी समुदायमा एउटा उक्ति चल्यो–*सा कुविया लाय्कुया छु च्यूता ?* (मल बोक्नेले दरबार (राजनीति) को के चिन्ता गर्नु ?) जसको प्रष्ट अर्थ थियो, उपत्यकाका आदिवासी रैथाने समूहले राजनीतिबाट टाढा रहनु ।

वि.सं. १८१४ तिर मल बोक्ने समूह भन्नाले स्थानीय ज्यापू किसान समुदायलाई जनाउँथ्यो । उनीहरू दरबार र भारदारको अह्रन-खटनमा जोतिन्थे । संस्कृतिविद् प्रयागमान प्रधान भन्छन्, "शाहकाल आएपछि ज्यापूहरूको राजनीतिक पहिचान रहेन । यसपछि चाहिं कीर्तिपुरेहरूले राज्य गुमाएको महसूस गरे, अनि आफ्नै स्वायत्त राज्य स्थापना गर्ने अभियान चलाए ।"

२०६२/६३ सालको जनआन्दोलनले २४० वर्षे शाह शासनलाई नेपालबाटै समाप्त गरिदियो । २०६३ सालमा शाहवंशका अन्तिम राजा ज्ञानेन्द्रले नेपालको शासन त्याग गरेपछि पुरानो लोकोक्तिमा एकाएक परिवर्तन आयो । अचेल युवा कीर्तिपुरेहरू भन्छन्, *'सा कुविउ ब्वोलँ देयु कुबी फू'* (मल बोक्नेले पनि राजनीतिक गर्न सक्छन्) । यही फेरिएको उक्तिको आधारमा कीर्तिपुरेहरू नयाँ पहिचान बनाउन लागिपरेका छन् ।

शाहकालअघि, इ.सं. १२०० तिर आएका मल्ल राजाहरूले पूर्ववर्ती लिच्छवि शासकलाई धपाएर उपत्यकामा शासन शुरू गरे । लिच्छविहरूले चाहिं किराँती शासकलाई धपाएका थिए । लिच्छवि र मल्लहरू दुवै समूह हालको भारतको उत्तरप्रदेशमा पर्ने मल्लदेश र लिच्छवि गणतन्त्रका शासक थिए ।

प्राचीन उपत्यकामा बौद्धमार्गी र तन्त्रवादी किराँती संस्कृति थियो । लिच्छवि र मल्लहरूले संस्कृत भाषा, हिन्दूधर्म तथा मागधी, अवधी र पाली भाषालाई भित्र्याए । तर यिनले स्थानीय भाषा र संस्कृतिलाई पनि प्रवर्द्धन गर्दै लगे । मल्ल र लिच्छविहरू स्थानीय जातिसँग भाषिक र सांस्कृतिक आधारमा एकरूप जस्तै भए । त्यसैले इ.सं. १८२५ तिर पृथ्वीनारायण शाहले उपत्यकामा हमला गर्दा मल्ल राजाहरूले स्थानीयको साथ पाए ।

तर मल्लहरू पराजित भए। तथापि उनीहरूले स्थानीय समूहलाई शाह विरोधी मोर्चामा उभ्याइरहे । ज्यापू महागुठीका केन्द्रीय अध्यक्ष राजभाइ ज:कमी भन्छन्, "गोर्खालीहरू राज्य विस्तारमा लागेकाले हिंस्रक थिए। तिनले स्थानीय भावनालाई बुझ्दैनन् भनेर आदिवासीहरू जति विरोधी मोर्चामा बसे।"

यहींबाट शाह शासन र आदिवासीबीच राजनीतिक र सामाजिक अस्तित्वको लागि द्वन्द्व शुरू भयो । कीर्तिपुरेले तीनपटकसम्म गोर्खालीलाई विफल तुल्याए, सफल कीर्तिपुरेले यो लडाइँको नेतृत्व लिए । यी दुई शक्तिबीच कहिल्यै मधुर सम्बन्ध बनेन। अहिले यही द्वन्द्व अर्को स्वरूपमा संविधानसभाको बैठकमा पुगेको छ।

**द्वन्द्वको नयाँ रूप**

अहिले कीर्तिपुरेले स्वायत्त राज्य (नेवा: राज्य) र एकल पहिचानसहितको संविधानको माग गर्दैछन्। उनीहरू भन्छन्, "उपत्यकाका आदिवासी भनेकै नेपाल भाषीहरू हुन्। हाम्रो पहिचान, भाषा र संस्कृतिलाई पुनरुत्थान गर्न नेवा:राज्य चाहिन्छ।"

तर कीर्तिपुरमा धेरै परिवर्तन आइसक्यो । कीर्तिपुरबाट निर्वाचित सभासद् राजन केसी भन्छन्, "भाषा, संस्कृति जातिको आत्मा हो, यसको रक्षा गर्नुपर्छ। तर त्यसैको नाममा नेवा:स्वायत्त राज्य माग्न मिल्दैन।"

गोर्खालीहरूले उपत्यकामा हमला गर्दा काठमाडौं, भक्तपुर, पाटन र कीर्तिपुर राज्यका धेरै सर्वसाधारणले ज्यान गुमाएका थिए। त्यस युद्धमा मारिनेहरूका सन्तानले अहिले राजनीतिक मोर्चा कसेका छन्। उनीहरू भन्छन्, "युद्धविराम भएपछि पनि गोर्खाली सेनाले अत्याचार गरेकाले कीर्तिपुरेहरूमा बदलाको भावना आएको थियो।" इतिहासकार श्रीकृष्ण आचार्य भन्छन्, "गोर्खाली फौजले कीर्तिपुरेलाई आत्मसमर्पण गराउन पाकेको बाली उठाउन नदिएकै हुन्। तर पराजित भएपछि, उनीहरू विरुद्ध कुनै अमानवीय व्यवहार भएन।"

तर कीर्तिपुरेहरू भन्छन्, "गोर्खाली सेनाले कीर्तिपुरेहरूको नाक-कान काटेर १७ धार्नी पुऱ्याएका थिए रे!" यो बहस र विवाद चलिरहेकै छ। इतिहासकार प्रयागमान प्रधान भन्छन्, "सत्ताका इतिहासकारले शाहवंशको कर्तुत ढाकछोप गर्न खोजे पनि स्वतन्त्र विदेशीहरूले लेखेको इतिहासमा कीर्तिपुरेको नाक काटिएको तथ्य प्रमाणित छ।" यस विवादले कीर्तिपुरेहरू र नवआगन्तुक समूहबीच गहिरो द्वन्द्व चलेको छ।

## पुरानो हिसाब

लिच्छवि र मल्लकालमा उपत्यकामा प्रवेश पाएको संस्कृत भाषा, हिन्दू संस्कृति, हिन्दू देवताका जात्रा तथा भजन र नृत्यहरू यहाँका आदिवासीहरूमा भिजेको छ । मल्लकालमै लागू भएको वर्णाश्रम प्रथा पनि यहाँ चलिरहेकै छ। उसबेला स्थानीय समुदाय अशिक्षित हुँदा तिनको विरोध भएन, हुर्कियो, फैलियो ।

ने.सं. ८९५ (वि.सं १८३३) मा नेपाल–तिब्बतबीच व्यापार-सन्धि हुँदा प्रतापसिंह शाहले नेपाल भाषा प्रयोग गरे। रणबहादुर शाहले नेपाल भाषामा तमसुक लेख्न छूट दिएर अड्डा-अदालतमा चलाए। तर यिनीपछिका राजाहरूले नेपाल भाषा र संस्कृतिलाई कुनै महत्त्व दिएनन्।

तर वि.सं. १९६० मा चन्द्रशमशेरले नेपाल संवत् हटाएर विक्रम संवत् लागू गरेपछि भने नेवार समुदायले आफ्नो संस्कृतिमाथि प्रहार भएको महसूस गरे। राजभाइ जःकमी भन्छन्, “त्यसपछि हाम्रो राजनीतिक अधिकार खोसियो, भाषा र संस्कृति उपेक्षित भयो ।” अर्का इतिहासकार काशीनाथ तमोट जोड्छन्, “शाहकालमा आएर खस भाषाले न्यायालय र प्रशासनमा कब्जा जमाएपछि नेपाल भाषा अलपत्र पर्न गयो ।” तर इतिहासकार महेशराज पन्त भन्छन्, “नेपाल भाषा र संवत् प्रयोगमा रोक लगाउने कुनै इस्तिहार जारी भएको पाइँदैन। तर सत्ताको प्रभाव परेर नेपाल भाषा खुम्चियो । अहिले नथोपरिए पनि अंग्रेजी भाषाले प्रभाव बढाएको जस्तै त्यसबेला खस भाषा फैलन गयो।”

स्थानीय समूहमा असन्तोष हुँदाहुँदै काठमाडौं उपत्यकामा आधुनिकता भित्रियो । नवआगन्तुकहरू बढेर टुँडिखेल, भृकुटीमण्डप तथा सिंहदरबार जस्ता कलाकृति स्थापना गरे । अनि आदिवासी कलाकृति ओझेलमा परे । त्रिभुवन विश्वविद्यालय (त्रिवि) को लागि कीर्तिपुरको जमीन अधिग्रहण गरियो । त्यसमा आठ रोपनी खेत गुमाएका रामकृष्ण महर्जन भन्छन्, “त्रिविविले सबै खेत लिइदियो। सुकुम्बासी बनाइदियो।”

यसपछि पनि कीर्तिपुरेहरू माथिको अन्याय रोकिएन। २०१३ र २०३५ सालमा गरी त्रिविविले उनीहरूको तीन हजार ७०० रोपनी जमीन लियो। उनीहरू भन्छन्, “त्रिविविमा नोकरी दिने लोभ देखाएर जमीन लियो, अहिले जमीन पनि छैन, नोकरी पनि छैन।” यसपछि त्रिविवि र कीर्तिपुरवासीबीच बेलाबखत हिंसात्मक द्वन्द्व हुन थाल्यो। यस द्वन्द्वले राज्यसँग पुरानो हिसाब खोज्न बाटो दियो।

## अन्यायको विरोध

२०१५ सालमा सरकारले भृकुटीमण्डप, टुँडिखेल आदि बनाउँदा पनि किसानको जग्गा लियो। अहिलेको सैनिक मुख्यालयमा तीन रोपनी जग्गा परेका विपिन्द्र महर्जन भन्छन्, “सरकारले किसानको जरै उखेलिदियो। पुरानो बसपार्क, भृकुटीमण्डप बनाउन हाम्रो खेत लियो, अहिले व्यापार चलाएको छ। हरिसिद्धिका किसानको ५०० रोपनी जग्गा कौडीको मोलमा लिएर करोडौंमा अरूलाई बेचिदियो। किसानलाई अन्याय गरे।”

राणाकालमा उपत्यकामा झारा वनेगु (ज्याला नलिई सामाजिक वा सामुदायिक काम गर्ने) चलन थियो। शासकको आदेशमा, वर्षमा एक दिन घरलौरी एक जना भीमफेदी गएर काम गर्नुपर्थ्यो। नजानेले दण्ड पाउँथे। त्यसबेला कीर्तिपुरेले मोर्चा कसेर अवज्ञा गरे। तर राज्यले दबाब बढाउँदै लग्यो।

विस्तारै अड्डा, अदालत, प्रशासन तथा शिक्षा क्षेत्रबाट नेपाल भाषा उखेलिंदै गयो। कीर्तिपुरे र राज्यबीच द्वन्द्व बढ्यो। २०१७ अघिसम्म रेडियो नेपालमा नेपाल भाषामा कार्यक्रम चल्दथ्यो। पञ्चायत आएपछि त्यो पनि बन्द भयो। नेवाः देय दवुका अध्यक्ष नरेश ताम्राकार भन्छन्, “पञ्चायतकालमा रेडियो नेपालमा पैसा तिरेर पनि नेपाल भाषामा विज्ञापन बजाउन दिइएन।”

२०५८ मा प्रशासन तथा न्याय क्षेत्रमा नेपाल भाषा प्रयोग गर्न पाउनुपर्ने माग उठ्यो। तर सर्वोच्च अदालतले खारेज गरिदियो। अनि यहाँका आदिवासीहरूले एकल पहिचानसहितको संघीयताको नारा उठाउन थाले। जसमा नयाँ पुराना सबै द्वन्द्व जीवित भएर आए।

## स्वायत्त राज्यको माग

नेवाः स्वायत्त राज्यको मागले आदिवासीको राजनीतिक अधिकारको वकालत गर्छ। अभियन्ताहरू भन्छन्, “आदिवासीको पसिनाले यो देश बनेको हो। तर शासकहरूले उचित व्यवहार गरेनन्। आदिवासीलाई न्याय भएन। यसैकारण नेवाः स्वायत्त राज्यको माग गरिएको हो। नेवाः स्वायत्त राज्य कायम भएमा, कम्तीमा हामीमाथि कसैले पनि मनोमानी गर्न पाउने थिएनन्।”

मंकाः (साझा) संघर्ष समितिको राजनीतिक अवधारणा छ, “आफ्नो रोजाइको राजनीतिक प्रणाली र आर्थिक, सामाजिक तथा सांस्कृतिक मामिलाका सम्बन्धमा निर्णय लिन र कार्यान्वयन गर्न पाउनु सार्वभौम

नेवारहरूको संवैधानिक अधिकार बन्छ । देशको सामाजिक, राजनीतिक तथा सांस्कृतिक द्वन्द्व न्यूनीकरण गर्न नेपाल सबै जातजातिको साझा मुलुक हो भन्ने भावना राख्नुपर्छ । त्यो काम जातीय स्वायत्त राज्य दिएर मात्र सम्भव छ ।"

संयुक्त राष्ट्रसंघीय अन्तर्राष्ट्रिय श्रम संगठनको अवधारणा (१६९) लाई पनि कीर्तिपुरेले अघि सार्दै आएका छन् । यसमा 'स्वायत्त राज्यभित्रको जल, जमीन, जंगल र प्राकृतिक स्रोतमा आदिवासीहरूको अग्राधिकार हुनेछ' भनिएको छ । अभियन्ता नरेश नेवा भन्छन्, "नेवार समुदायको राजनीतिक सशक्तीकरणको मूल उपाय नै नेवा: स्वायत्त राज्यको स्थापना हो ।"

कीर्तिपुरका नवयुवा सन्तोष महर्जन भन्छन्, "नेपाली बोल्न सक्नेले सबै ठाउँमा संवाद गर्न सक्छन् । तर नेपाली बोल्न नजान्नेहरू सरकारी कार्यालयमा काम लिएर जान सक्दैनन् । उनीहरू सबै अवसरबाट वञ्चित छन् । यसैले नेवा: राज्य हुनु जायज छ ।"

## फरक मत

नेवा: स्वायत्त राज्यको माग मुखर भए पनि, कीर्तिपुरका अन्य समूहले नेवा: स्वायत राज्यको विरोध गरेका छन् । कीर्तिपुरमा अन्य जातिको संख्या बढेकोले नेवा: राज्य बनेमा आफू असुरक्षित हुने ठान्छन् ।

कीर्तिपुर चम्पादेवी निवासी मञ्जरी बस्नेत भन्छिन्, "यो उपत्यका जति नेवारहरूको मात्रै हो र ? अब हामीले यो ठाउँ छोडेर जानुपर्ने भयो त ?" यसरी उपत्यकामा आदिवासी (नेवार) र नेवारइतर समुदायबीच अविश्वास बढ्न थालेको छ ।

तर नेवा: देय दवुका अध्यक्ष नरेश ताम्राकार भन्छन्, "उपत्यकामा गैर नेवारी भाषा, संस्कृति र धर्मलाई पनि समान हैसियत दिएर सम्वर्द्धन गरिनेछ ।"

## संविधानसभामा बहस

कीर्तिपुरका नवयुवा सन्तोष महर्जन र मञ्जरी बस्नेतबीच भइरहेको संवाद नै संविधानसभामा पुगेको छ । यसले राष्ट्रिय रूप लिएको छ । अन्य आदिवासी जनजातिहरूले पनि सडक र संसद्मा एकल पहिचानको आवाज उठाएका छन् । नेपालको संविधान निर्माण हुन यस मुद्दाको टुंगो लाग्नुपर्नेछ ।

पहिलो संविधानसभामा कीर्तिपुरबाट जितेका एनेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल र उनको पार्टीले चुनावी घोषणापत्रमै नेवा: प्रदेशसहित १३ प्रदेशको खाका दिएको छ । तर यसपटक कीर्तिपुरका सभासद् बनेका राजन केसी तथा उनको पार्टी नेपाली कांग्रेसले नेवा: प्रदेशको परिकल्पना नै गरेको छैन ।

राजनीतिक विश्लेषक तथा एनेकपा माओवादीका पूर्व सभासद् हरि रोक्का भन्छन्, "पहिचानको मागलाई जातीय मुद्दासँग जोडेर शुरूदेखि नै अपव्याख्या भयो । त्यसैले यस मामिलामा राजनीतिक पार्टीका सदस्यहरू विभाजित छन् ।"

एमाओवादी नेतृत्वको सरकारले डा. गणेशमान गुरुङको अध्यक्षतामा गठन गर्न खोजेको राज्य पुनर्संरचना आयोगलाई कांग्रेसले समर्थन दिएन । डा. मदन परियारको अध्यक्षतामा गठित राज्य पुनर्संरचना आयोगले पनि सर्वसम्मत निर्णय लिन सकेन । जातीय पहिचानको आधारमा ११ प्रदेशको खाका कोर्नेहरूमा संयोजक मदन परियार र सदस्यहरू मल्ल के. सुन्दर, स्टेला तामाङ, डा. कृष्ण हाछेथु, सुरेन्द्र महतो, भोगेन्द्र झा थिए । तर डा. रमेश ढुंगेल, सावित्री गुरुङ (गुरुङसँग विवाह गरेको, तर बायोलोजिकली क्षेत्री) र सर्वराज खड्काले ६ प्रदेशको खाका दिए, जसमा एकल पहिचानमा आधारित प्रदेशको परिकल्पना पनि परेन । एमाओवादी नेता लोकेन्द्र विष्ट मगर सभापति रहेको संविधानसभाको राज्य पुनर्संरचना समितिले एकल जातीय पहिचान सहितको १४ प्रदेशको खाका दिएको थियो । त्यो खाका पनि सर्वसम्मतिबाट आएको थिएन। तर १४ प्रदेशको खाका भने बहुमतबाट पारित भएको थियो । नेपाली कांग्रेसका सूर्यमान गुरुङ भन्छन्, "पहिचानको सवालमा जोगीदेखि भैंसी डराउने, भैंसीदेखि जोगी डराउने भएको छ। यस मुद्दामा यसपालि चर्कै बहस हुन्छ ।"

पहिलो संविधानसभामा एनेकपा माओवादीले एकल पहिचान सहितको संघीयताको खाका बोकेर चुनाव लड्दा कीर्तिपुरबाट जितेको थियो । तर अन्तरिम संविधान बनाउँदा भने एमाओवादीले संघीयताको वकालत गरेको थिएन । यस मुद्दालाई मधेश आन्दोलनले स्थापित गरेको हो ।

तथापि एमाओवादी एकल पहिचानको पक्षमा छ। पहिलो संविधानसभामा एमाओवादी र अन्य दलका गरेर यस मोर्चामा दुई-तिहाइभन्दा बढी सभासद् थिए । यसपटक भने त्यो समीकरण बिथोलिएको छ । विरोधी पक्ष बलियो भएको छ ।

## उपत्यकाः जनसंख्याको स्वरूप

| जिल्ला | जम्मा | नेवार | ब्राह्मण (पहाडी) | क्षेत्री | तामाङ | अन्य |
|---|---|---|---|---|---|---|
| **काठमाडौं** | १७४४२४० | ३८३१३६ | ४१०१२६ | ३४७७५४ | १९२३११ | ४१०९१३ |
| **भक्तपुर** | ३०४६५१ | १३८,८७३ | ४३३५३ | ६११०२ | २७२४९ | ३४८७४ |
| **ललितपुर** | ४६८१३२ | १५५६०४ | ६१०६० | ८८३०६ | ६१३६८ | १०१७९४ |

कीर्तिपुरे सभासद् राजन केसी भन्छन्, "एकल पहिचानका विरोधीलाई जनताले रुचाएर जिताएका हुन्। कीर्तिपुरेको निर्णय यही हो। जसको प्रमाण प्रचण्डको पराजय र मेरो विजय हो।"

मधेशवादी दल र एमालेबाट विभाजित संघीय समाजवादी नेपाल र केही साना दलहरू चाहिं एकल पहिचानको पक्षमा उभिएका छन्। यस पक्षमा उभिने सभासद्को संख्या एक-तिहाइ पनि पुग्दैन। संघीय समाजवादी पार्टी नेपालका महासचिव अजम्बर काङमाङ भन्छन्, "अब राई/लिम्बूको आधार नै निर्णायक हुनेछ। यो विषय बहुमत र अल्पमतको आधारमा निर्णय हुने होइन। हिजो हाम्रो बहुमत हुँदा उनीहरूले मानेनन्, अब हामी पनि उनीहरूको निर्णय मान्दैनौं।"

## समाधान टाढा छैन

उपत्यकामा फेरिएको जातीय अनुपातले कीर्तिपुरेको माग पूरा नहुने देखाउँछ। तर इतिहासको दुष्चक्रमा पिल्सिएका नेवारहरूको भाषा, धर्म, संस्कृति र परम्परालाई राज्यले उचित कदर नगरे द्वन्द्वको आगो निभ्दैन।

नेवाः देय दबुका अध्यक्ष नरेश ताम्राकार भन्छन्, "अब नेवा समुदायले पनि उपत्यकामा रहेका जाति, भाषा, धर्म र संस्कृतिलाई कदर गर्नुपर्छ। त्यस्तो अभ्यास शुरू भइसकेको छ। प्रताप मल्लले रानीपोखरी बनाए पनि, अहिले तराईवासीले यहीं छठ मनाउँछन्। तराईवासीको सम्मान गर्न पाउँदा हामीलाई आनन्द लागेको छ।" नरमपन्थी नेवार अगुवाहरू भन्छन्, "सम्झौता नै उत्तम विकल्प हो। अब समाधान टाढा छैन, हाम्रै हातमा छ।"

**साझा बिन्दु**

तर यस मुद्दामा निर्णय हुनु अति आवश्यक छ। कीर्तिपुर र राज्यबीच लामो समयदेखि चल्दै आएको द्वन्द्वको समाधान आवश्यक छ। उपत्यकाका नेवा अगुवाहरू भन्छन्, “स्वायत्तता र पहिचान सहितको राज्यको माग गलत होइन। तर संविधानसभामा यस पक्षका सभासद्हरू ज्यादै थोरै छन्। अब सम्झौता बाहेक अर्को उपाय छैन।”

संविधानसभाका सभामुख सुवासचन्द्र नेम्वाङ सङ्केत गर्छन्, “संसारमा कुनै त्यस्तो देश छैन, जहाँ राजनीतिक माग शतप्रतिशत पूरा भएको होस्।” ■

२ **कल्पना भट्टराई,** नवलपरासी

# नवलपरासी द्वन्द्वः सानो बीज, ठूलो संहार

दुई सामान्य व्यक्तिबीच एउटा सामान्य जमीनको टुक्राका लागि भएको विवाद ३५ वर्षसम्म सुल्झिन नसक्दा नवलपरासीको वर्गदवा गाउँ हिंसाको ज्वालामा पर्न गयो । यो गाउँ उजाड भएको दशक बढी भइसक्यो, तर घटनाका कहालीलाग्दा असर अझै आलै छन् । माओवादी र तत्कालीन सत्ताले बनाएको प्रतिकार समितिले व्यक्तिगत विवादमा हिंस्रक राजनीति गर्दा गाउँका निमुखाहरूले परिवार र सर्वस्व गुमाए । जसको परिपूर्ति कतैबाट हुन सक्दैन । तथापि शान्ति फर्कने संभावना भने कायमै छ ।
















१. विवादको मुख्य जरो बनेको जमीनको टुक्रो ।
२. द्वन्द्वको एक पक्ष गर्भी धोवीको परिवार ।
३. द्वन्द्वको अर्को पक्ष भागवत चौधरी ।
४. घाइते रामप्रित ।
५. शोकाकुल प्रेमनी ।

(तस्वीरहरू: कल्पना भट्टराई)

यो घटना वास्तविक हो, तर चलचित्रको पटकथा जस्तै छ । २०३० सालतिर गोलही चमार नवलपरासीको सोमनी-७ मा पर्ने वर्गदवा गाउँका जमीनदार नन्दकुमार चौधरीको घरमा परिवार सहित हरूवा (स्थायी बँधुवा) बस्न आए । उनले रु.३०० मा जमीनदारकै सात कट्ठा जमीन पनि किने ।

जमीनदार नन्दकुमारको २१ बिघा जमीन थियो । गरीब गाउँलेहरू उनीकहाँ काम गरेर परिवार पाल्थे । चौधरीको घरभरी हरूवा-चरुवा थिए । गोलहीपछि हरूवा बस्न आएका गर्भी धोवीले पनि २०४० सालमा चौधरीबाटै १४ कट्ठा जग्गा किने ।

तर यी दुवै जग्गाको रजिष्ट्रेशन पास भएको थिएन । नन्दकुमारले गाउँकै बोधही हरिजन, जयसिंह हरिजन र सतन हजामलाई पनि यसैगरी जग्गा बेचेका थिए । ती जमीन पनि पास हुन बाँकी थिए । तर २०४४ सालमा नन्दकुमारको मृत्यु भएपछि उनले दुई हरूवासहित पाँच जनालाई बेचेको जमीन उनका तीनभाइ छोरा भागवत, सत्यनारायण र भरतमणिले अंशबण्डा गरेर लिए ।

बोधही, जयसिंह र सतनले किनेको जग्गा सत्यनारायण र भरतमणिको भागमा पऱ्यो । उनीहरूले थप रकम लिएर बोधही, जयसिंह र सतनको नाममा जग्गा पास गरिदिए ।

तर गोलही र गर्भीले किनेको जमीन भागवत चौधरीको भागमा पऱ्यो । उनीहरूले पनि भागवतसँग जग्गापास गरिदिन आग्रह गरे । भागवतले पनि अरू भाइहरूले गरे जस्तै रकम थप्न भने ।

गर्भी भन्छन्, "भागवतका बाबुलाई २०४० सालमै मूल्य तिरेर जग्गाको भोगचलन गरिरहे पनि रजिष्ट्रेशन पास भएको थिएन । नन्दकुमारकै हरूवा बसेको थिएँ, पास गरिदिन्छन् भन्ने विश्वास थियो ।"

तर २५ वर्षपछि, भागवत चौधरीले 'जमीनको मूल्य बढिसक्यो, पैसा थप्यौ भने मात्र पास गरिदिन्छु' भनेपछि गोलही र गर्भीसँग चौधरीको द्वन्द्व शुरू भयो । पैसा नथप्ने भए कमसल जग्गा पास गरिदिने भनेर भागवतले राखेको प्रस्ताव गोलही र गर्भी दुवैले मानेनन् । २०४५ सालमा गर्भीले

पञ्चायत गुहारे। तत्कालीन प्रधानपञ्च देवेन्द्र त्रिपाठी, उप-प्रधानपञ्च मोहन चौधरी र बहादुर चमार रहेको समितिले भागवतकै पक्षमा निर्णय दियो।

२०५६ सालमा भागवतले गर्भी र गोलहीसँग चल्तीको मूल्य पाए मात्र जग्गा पास गरिदिने बताए। तर दुवै जनासँग चल्तीको मूल्य तिर्ने हैसियत थिएन।

भागवतसँग कुरा नमिलेपछि २०५८ सालमा मामिला गाविसमा गयो। गाविसले 'चलेको मूल्य अनुसार लेनदेन गर्नू' भन्यो, जुन पीडितका लागि सहज थिएन। उनीहरूले पहिले नै जग्गाको मूल्य तिरिसकेका थिए।

स्थानीय शान्ति समितिका संयोजक भानुप्रसाद चौधरी भन्छन्, "एकपटक दुवै पक्षबीच मूल्य मिलान गरी जग्गा लेनदेन गर्ने सहमति भएको थियो। तर एउटा पक्षले पैसा नथपिकनै जग्गा पाउनुपर्ने र अर्को पक्षले चलेको मूल्य नपाई जग्गा नदिने भनेपछि सामान्य विवाद हिंसामा बदलियो।"

## द्वन्द्वको राजनीतीकरण

दशकौं संघर्ष गर्दा पनि जमीन पाउन नसकेपछि गोलही र गर्भीका परिवार निराश बने। गोलही वृद्ध भइसकेकाले उनका छोरा रामकिशुनले २०५८ सालमा माओवादीका जिल्ला जनसरकार प्रमुख चिनक कुर्मीलाई 'न्याय पाऊँ' भन्दै निवेदन दिए। तीन वर्षपछि, २०६१ कात्तिकमा माओवादीले भागवतलाई बोलाएर जग्गा पास गरिदिन दबाब दिए। तर भागवतले मानेनन्। माओवादीले यस मामिलालाई प्रतिष्ठाको विषय बनायो। अनि भागवत भारततिर गएको मौका पारेर उनका कान्छा छोरा प्रदीप चौधरीलाई अपहरण गरेर कुटपीट गरे। यसपछि भागवतले १० मंसीर २०६१ मा दुवैको नाममा जग्गा पास गरिदिए।

तर माओवादीको आडमा जग्गा पास गराएको आरोप लगाएर भागवत र उनका जेठा छोरा संजय चौधरीले २५ मंसीर गर्भी धोवीलाई कुटपीट गरे, उनको घर तोडफोड गरिदिए।

यसको बदलामा माओवादीले चौधरीको परिवारमाथि १७ पुसमा पुनः आक्रमण गर्‍यो। त्यस दिन पनि भागवत घरमा थिएनन्। राति ८ बजेतिर खाना खान बसेका छोरा संजयलाई निकालेर घरदेखि ३०० मीटर टाढाको वीरेन्द्र प्राविमा लगेर गोली हानी हत्या गरिदिए।

यसको प्रतिशोध लिन चौधरी परिवारका सबै सदस्यहरूले जिल्लामा माओवादी विरुद्ध सक्रिय प्रतिकार समितिमा उजुरी गरे।

## दुईतिरै बन्दूक

प्रतिकार समितिमा उजुरी परेपछि गाउँमा हतियार भित्रिन थाले । भागवतकै अगुवाइमा कुटपीट र लूटपाट शुरू भयो । रामकिशुन र गर्भी धोवीले माओवादी लगाएर आफ्नो छोरा मारेको भनी भागवतले प्रतिकार समिति परिचालन गरेर ५ फागुन २०६१ मा रामकिशुन हरिजनलाई अपहरण गराए । यसको तीन दिनपछि रामकिशुनको हत्या भयो । उनी गोपीगञ्जको व्यापारीकहाँ काम गरेर परिवार पाल्थे । उनकी बुहारी शान्ति हरिजनले भनिन्, "उहाँको लास पनि परिवारले देख्न पाएनन् ।" घरमूलीको हत्या भएपछि उनको नौ जनाको परिवार भारतको बिहारमा विस्थापित भयो । विवादित जग्गा खरीदकर्ता रामकिशुनका बुबा गोलहीको पनि २०६७ सालमा मृत्यु भयो ।

रामकिशुनको हत्या भएपछि माओवादी छापामारहरूले २ वैशाख २०६२ को राति सोमनी-७, वर्गदवा गाउँ घेरेर आक्रमण गरेर थप ११ जनाको हत्या गरिदिए । प्रतिकार समितिका सदस्यहरू लुकेर बसेको आशंकामा उनीहरूले गाउँलाई नै घेरा हालेर एक्कासी बम र गोली बर्साएका थिए ।

यस आक्रमणमा कमल धोवी (४१) लाई सुतिरहेको अवस्थामा घरबाहिर ल्याई गोली हानिएको थियो । सास छँदै प्रहरीले लुम्बिनी अञ्चल अस्पतालमा पठाए पनि त्यसै रात मृत्यु भयो । यिनका कान्छा भाइ चन्द्रभान पनि त्यही रात मारिए । बाँकी बचेका दुई दाजुभाइ भारत गएकाले बाँचे ।

माओवादीले रामसुरज यादवका १४ वर्षीय छोरा हृदयेशलाई आमाको काखैबाट खोसेर आँखै अगाडि गोली हानी मारिदिए । यादव भन्छन्, "त्यस बालकले गाउँमा के भइरहेको छ भन्ने समेत बुझेको थिएन, तर मारिदिए । हामी गाउँमा बस्न सकेनौं, बाँचेकालाई त बचाउनै पऱ्यो भनेर गाउँ छाडेर परिवारसहित अर्को गाउँ जहदा, मझौनीमा बस्दै आएका छौं ।"

रामसुरजका दाइ रामप्रित यादवका १२ र १८ वर्षका दुई छोराहरू कमलेश र भरत (जितेन्द्र) पनि त्यसै रात मारिए । रामप्रितको वंश सखाप भयो । उनी भन्छन्, "मेरो त घर-संसार नै उजाडिदियो माओवादीले । अहिले भारतको ठुठीबारीमा ससुरालीको १० हात जग्गामा छाप्रो बनाएर बसेको छु । नेपालको गाउँको सम्झना आयो कि रुन मन लाग्छ । कहिले त बेहोसै हुन्छु ।"

भारतको पञ्जाबमा मजदूरी गरेर परिवार पाल्दै आएका यादवको नेपालमा अहिले पनि १४ कट्ठा जमीन छ । भन्छन्, "हामी विस्थापित

भएको ११ वर्ष भयो, तर नेपाल सरकारले पनि वास्ता नगरेकोले फर्कने हिम्मत गरेका छैनौं ।"

माओवादीको आक्रमणमा वशिष्ठप्रसाद चौधरीका दुई नाबालिग भाइहरू दीपेन्द्र र दिनेश पनि मारिए । आमाबुबा र भाइहरू सनही गाउँमा बसे पनि वशिष्ठको परिवार वर्गदवा बस्थ्यो । दुई भाइहरू उनको परिवारलाई भेट्न दुई दिनअघि वर्गदवा आएका थिए । माओवादीले वशिष्ठको घरमा आक्रमण गर्दा उनीहरू घरभित्रै थिए । उनीहरूलाई देख्नासाथ माओवादीले गोली चलाए । दीपेन्द्र र दिनेश घरभित्रै मारिए ।

त्यसबेला खाडी मुलुकमा भएकाले बाँचेका वशिष्ठ भन्छन्, "मेरा भाइहरूको केही दोष थिएन, तर मारिदिए ।" यस घटनापछि उनको परिवार पनि भारत पलायन भयो । उनीहरू पुरानो त्रासदी सम्झँदै बसेका छन् ।

वर्गदवाकै ४८ वर्षीया प्रेमनीदेवी चौधरीलाई त्यस रातको त्रासदीले तर्साइरहन्छ । घरमै सुतिरहेका उनका श्रीमान् विजय र छोरो अभिमन्युलाई माओवादीहरूले ओछ्यानबाटै थुतेर बाहिर ल्याएर उनकै आँखा अगाडि कञ्चटमा गोली हानेर मारिदिए । अर्को छोरो कृष्णमोहनले भागेर ज्यान जोगाए । तर त्यसैदिन जहदाको मदानपुरबाट हरिश्चन्द्र लोनियाको घरमा पाहुना आएका राजेन्द्र लोनिया मारिए ।

शिक्षण पेशा गरेर गुजारा चलाउँदै आएका श्रीमान् मारिएपछि दुई छोरा पाल्ने जिम्मा प्रेमनीको काँधमा आयो । उनी भन्छिन्, "घटना आँखामा आइरहन्छ, घरमा बस्नै सक्दिनँ ।" घटनापछि पत्रकार र मानवअधिकारकर्मी आए पनि माओवादी र दलका नेताहरू सान्त्वना दिनसम्म नआएकोमा झन् दुःखी छन् उनी ।

माओवादी आक्रमणमा परी मारिएका ११ जनामा १४ वर्षीय दिनेश कोहर पनि परे । उनका दाजु मुन्नर कोहर भन्छन्, "मेरो त भाइ पनि मारियो, घर पनि ध्वस्त भयो । हामीलाई कसैले सहानुभूति पनि दिएनन्, क्षतिपूर्ति त परै रह्यो ।"

द्वन्द्वकालीन हत्या भएकाले यी सबै घटनाको विरुद्धमा हालसम्म कतै उजुरी परेको छैन । कसैलाई कारबाही पनि भएको छैन ।

### देश छाड्न बाध्यहरू

१७ पुस २०६१ मा माओवादीले सञ्जय चौधरीको हत्या गरिदिएपछि भागवत चौधरीको १४ जनाको परिवार भारत पलायन भयो । उनीहरू

भारतको बेलैया गाउँमा बस्छन्। भागवतले त्रिभुवन उच्च मावि बेलाटारीको प्राथमिक स्कूलमा ३० वर्ष सेवा गरेका थिए। महीनाको रु.१२ हजार तलब पाउँथे । गाउँको सात बिघा जमीनबाट राम्रो आम्दानी हुन्थ्यो । भारत पलायन भएपछि त्यहाँ पनि प्रावि शिक्षक बनेका छन्, तर कमाइ भने मासिक रु.४ हजार ८०० छ। भागवत दुखेसो गर्छन्, "मैले जमीन पास गरेर दिएकै थिएँ, माओवादी लगाएर मेरो छोराको हत्या गर्नुपर्ने थिएन। मेरो सब बर्बाद भयो, अब नेपाल किन जानु !"

भागवतले गाउँ छाडेपछि प्रतिकार समितिले माओवादी र तिनका समर्थकहरूमाथि आक्रमण गरे । गर्भी धोवी भन्छन्, "हाम्रो गाउँमा माओवादीले धेरै जना मारे। तर सबै दोष मलाई लगाए। गाउँलेले पनि तेरो कारणले यो सब भयो भने। अनि मर्ने-मार्ने खेल चल्यो। मैले पनि गाउँ छाडें। अब त्यो गाउँमा जान सक्दिनँ।"

गर्भीको घरमा प्रतिकार समितिले २०६१ मा बम विस्फोट गराइदियो। त्यसबेला उनका छोरा चन्द्रघोष नेपाल प्रहरीको जवान थिए । घरमा प्रतिकार समितिले आक्रमण गरेलगत्तै चन्द्रघोषले जागीर छाडे । उनले नेपालको खेतबारी बेचे। भारत पसेको धोवी परिवार महाराजगंज जिल्लाको वर्गदवामा १० धुर जमीन किनेर त्यहीं एउटा छाप्रो बनाई बसेको छ।



## नवलपरासीको प्रतिकार समिति

तत्कालीन शाही नेपाली सेना र प्रशासनको संरक्षणमा जिल्लाको दक्षिणमा पर्ने भारतीय सीमावर्ती १६ गाविसमा माओवादी विरुद्ध प्रतिकार समिति गठन गरिएका थिए । समितिमा आबद्ध झण्डै ४०० सदस्यमध्ये २०० भन्दा बढी भारतमा अपराध गरी नेपालतर्फ आएर लुकिरहेका भारतीय नागरिक थिए ।

तिनीहरूलाई शाही नेपाली सेनाले त्रिवेणीस्थित बज्रदल गण मातहतको सीमा सुरक्षा गुल्ममा १५ दिनसम्म राखेर हतियार चलाउने तालीम दिई कमसल खालका हतियार थमाएको थियो । सेनाबाट पाएको तालीम, हतियार र निर्देशनलाई उनीहरूले स्थानीय सर्वसाधारणमाथि ज्यादती गर्ने लाइसेन्सको रूपमा दुरुपयोग गरे । स्थानीयलाई कुटपीट गर्थे र चन्दा पनि असुल्थे ।

प्रतिकार समितिको अगुवाइ गर्नेमा आपराधिक पृष्ठभूमिका मुरारी कुशवाह, मुन्ना खाँ, राधे मुखिया लगायतका भारतीय नागरिकहरू थिए । उनीहरूमध्ये सर्वाधिक खोजीको सूचीमा रहेका राधे मुखिया पछि भारतीय प्रहरीद्वारा समातिए, अरू सबै अहिलेसम्म उम्किइरहेका छन् । मुखिया अहिले अपहरण, चोरी-डकैती, कर्तव्य ज्यान लगायतका दर्जनभन्दा बढी कसूरमा भारतको तेतिया जिल्लास्थित बगाहा जेलमा थुनिएका छन् । ■

उनको घरमा सबैलाई सुत्न पुग्ने ठाउँ पनि छैन ।

पूर्व प्रहरी जवान चन्द्रघोष भन्छन्, “यतै ज्याला गरेर ८ जनाको पेट पाल्दैछु ।” दुःखी गर्भीले भने, “यहाँ धेरै दुःख छ । शान्ति भयो भने नेपाल जानुपर्ला भनेर नेपाली नागरिकता जतनसाथ राखेको छु ।”

माओवादीको आक्रमणमा ज्यान गुमाएका चन्द्रभान धोवीकी श्रीमती कमला तीन छोराछोरीसहित भारतको उत्तरप्रदेशमा पर्ने महाराजगंजको झुलनीपुरमा बसेकी छन् । आफ्नै आँखा अगाडि श्रीमान् मारिएको देखेकी कमला घटना सम्झिएर रोइरहन्छिन् । उनकी जेठानी अलैंची धोवीले भनिन्, “गाउँ फर्क भन्छौं, उनी मान्दिनन् ।”

## आन्तरिक विस्थापन

सोमनी-७, वर्गदवाका ४२ वर्षीय रामानन्दप्रसाद हरिजन भन्छन्, "अहिले पनि गाउँमा ढुक्कसँग बस्न सकेका छैनौं, त्यो घटना सम्झँदा उनलाई डर लागिरहन्छ ।"

द्वन्द्वअघि सानो किराना पसलबाट गुजारा चलाइरहेका हरिजनलाई माओवादी विरुद्ध सक्रिय प्रतिकार समितिले लुटिदियो । २०६१ सालमा परिवारै लिएर परासी सरे। यहाँ साइकल मर्मत गरेर ६ महीना बिताए। अहिले गाउँ फर्किए।

प्रतिकार समितिको डरले गाउँ छाडेका जयप्रकाश हरिजन सपरिवार परासीको मन्झरियामा बस्दै आएका छन्। विस्थापित हुनुअघि उनी देउराली गाविसको विद्यालयमा पढाउँथे । प्रतिकार समितिले कुटपीट र लूटपाट गरेपछि उनले गाउँ छाडे । प्रतिकार समितिले उनको घरमा पनि बम विस्फोट गराइदियो। जयप्रकाश भन्छन्, "गाउँको माया छ, शान्ति आएपछि जान्छु ।"

वर्गदवाको तीन बिघा खेत अधिया दिएका जयप्रकाशले परासीमा अर्काको खेत अधियामा लिएका छन्। वर्गदवाका २५ परिवार उनी जसरी नै आफ्नै देशभित्र शरणार्थी जीवन बिताउन बाध्य छन्।

यी विस्थापित मानिसहरूलाई प्रतिकार समितिले माओवादी र माओवादीले प्रतिकार समिति समर्थक देख्थ्यो। दुवैले उनीहरू माथि आक्रमण गर्थे।

यसरी विस्थापित हुन बाध्य भएका परिवारका बालबालिकाले बीचैमा पढाइ छाडे । उनीहरूमध्येका कोही वैदेशिक रोजगारीमा गए, केही खेतीकिसानी गरेर बसेका छन्।

## घाइतेको बेहाल

माओवादीले गाउँका दलित जति सबै माओवादी सदस्य हुन् भनेपछि चमार र हरिजनका घरघरमा पसेर प्रतिकार समितिले कुटपीट र लूटपाट मच्चाएको थियो। त्यसको शिकार भए– रामप्रित चमार। उनको घरबाट कुखुरा, परेवा, बाख्रा, अन्नपात, लत्ताकपडा, गरगहना र पैसा सबै प्रतिकार समितिले लुटेर लगे। लूटपाटपछि उनलाई पनि कोखामा भाला रोपेर घाइते बनाइदिए।

रामप्रितले बुटवलको लुम्बिनी अञ्चल अस्पतालमा उपचार गराए । प्राथमिक उपचारपछि गोरखपुर जान भन्यो। गोरखपुरको निजी अस्पतालले

## हिंसाको मार महिलामा

९ पुस २०६१ को राति माओवादीले गराएको बम विस्फोटमा परी पक्लिहवा रतनगन्जका मैनुदिनले ज्यान गुमाए। छिमेकी मुन्ना खाँको घरमा माओवादीले बम विस्फोट गराउँदा त्यसैको चोइटाले लागेर बाटोमा हिंडिरहेका मैनुदिन मारिएका थिए।

श्रीमान् मारिएपछि ऐसा नेसा (३७) लाई घरबाटै निकालियो। दुई छोरीहरूको पनि बिचल्ली हुने देखेपछि आफूभन्दा कान्छा देवरसँग बिहे गरिन् । तर सम्बन्ध राम्रो भएन । रोजगारीमा मलेशिया गएका देवर तीन वर्ष उतै बसेर फर्किएलगत्तै अर्को बिहे गरे । ऐसा भन्छिन्, "एउटा त मारिए, अर्कोले मलाई मार्दैछ ।" ज्याला मजदूरी गर्दै बसिरहेकी ऐसा अहिले श्रीमान् विरुद्ध अंशमुद्दा लडिरहेकी छिन्। सासू-ससुरा र श्रीमान्ले मुद्दा फिर्ता लिन दबाब दिइरहेका छन्।

माओवादीले युद्ध बिसाएको ९ वर्ष भइसक्दा पनि वर्गदवा गाउँमा फैलिएको पारिवारिक र सामाजिक हिंसाको आगोले थुप्रै ऐसाहरूलाई यसरी नै पोलिरहेको छ। ■

भैंसालोटन पठायो। अस्पतालमा एक महीना २२ दिन बसेर उपचार गर्दा उनको श्रीसम्पत्ति सकियो। चल सम्पत्ति थिएन। अचल सम्पत्तिको नाममा रहेको तीन कट्ठा जग्गा बन्धकी राखेर रु.४० हजार लिएर उपचार गरे। तर त्यो पैसा तिर्न नसकेपछि जमीन छाडेर ऋणमुक्त भए। उनी भन्छन्, "खै सरकारले त एक रुपैयाँ पनि दिएन।"

२०६२ सालको घटनापछि भारत पलायन भएका १४ परिवार र त्यसपछिको आतंकमा परी आन्तरिक विस्थापनमा परेका अन्य २५ परिवारले पनि राहतको नाममा केही पाएका छैनन्। एउटै वडामा एक वर्षभित्र मारिएका १३ जना सर्वसाधारणका परिवारहरू पीडा र घाउ लिएर बसिरहेका छन्। तर पनि एक दिन गाउँमा अवश्य शान्ति फर्कनेछ भनेर पर्खिबसेका छन्। ■

३ वसन्त उपाध्याय, नेपालगञ्ज

## नेपालगञ्ज दंगा–२०६३

# नागरिक समाजको निर्णायक भूमिका

एउटा राजनीतिक पार्टीले आफ्नो अस्तित्व र शक्ति प्रदर्शन गर्न खोज्दा पार्टीका नयाँ कार्यकर्ताहरूबाट हुन गएको दम्भ प्रदर्शनले मध्यपश्चिम नेपालको सदरमुकाम नेपालगञ्जमा देश नै हल्लाउने गरी हिंसात्मक दंगा फैलियो । आठ वर्षअघिको यस दंगामा एक युवकले अनाहकमा ज्यान गुमाए, कैयौं घाइते भए, धेरै भौतिक क्षति भयो । पाँच वटा धर्म मान्ने मानव समूहको बसोबास रहेको बहुधार्मिक, बहुजातीय र बहुसांस्कृतिक शहर नेपालगञ्जमा भएको त्यस बर्बादीको कारण भने धार्मिक र साम्प्रदायिक थिएन, राजनीतिक थियो । प्रशासन र प्रहरीले १०/१२ जना युवाहरूलाई बेलैमा सम्झाइ–बुझाइ गर्न सकेको भए सम्भवतः त्यो घटना टर्ने थियो । तर नागरिक समाज सचेत र सक्रिय भएकोले घटनाले संहारकारी रूप लिन पाएन । नेपालगञ्जको नागरिक समाजको जस्तै अन्य स्थानका नागरिक समाजले पनि दायित्वबोध गर्ने हो भने हिंसात्मक द्वन्द्व न्यूनीकरण गर्न कठिनाइ हुने छैन ।

१


२


३


४



१. राजनीतिक पार्टीको दंगाफसाद ।

२. प्रहरी हस्तक्षेप ।

३. दंगाले साम्प्रदायिक रूप लिँदै ।

४. साम्प्रदायिक सद्भावना र्‍याली ।

(तस्वीरहरूः वसन्त उपाध्याय)

८ देखि १२ पुस २०६३ मा नेपालगञ्जमा हिंसात्मक द्वन्द्व भए। स्थानीय राजनीतिकर्मी र प्रशासन तथा प्रहरी संयन्त्रले यस घटनालाई धार्मिक तथा साम्प्रदायिक दंगाको रूपमा लिएर भड्काइदिए । जसको परिणाम नेपालगञ्ज शहर र नगरवासी सर्वसाधारणले ठूलो क्षति बेहोर्नु पऱ्यो ।

२०६३ सालमा मधेश आन्दोलनले उत्कर्षको रूप लिंदै थियो। नेपालको राजनीतिमा पहाडे–मधेशी मुद्दाले ठूलो आकार लिइसकेको थियो । यस्ता राजनीतिक द्वन्द्वले बाँके जिल्लामा पनि गहिरो प्रभाव पारिसकेको थियो ।

**घटनाको बीज**

त्यसबेलाको देशका प्रमुख सात राजनीतिक दलमध्येको एक थियो, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) समूह । यो समूह माउ पार्टीबाट भर्खरै टुक्रिएको थियो। गठन हुनासाथ यस पार्टीले समान जनसङ्ख्या तथा भूगोल र सांस्कृतिक एकरूपताको आधारमा निर्वाचन क्षेत्र कायम गर्नुपर्ने मुद्दा अघि सारेको थियो। अन्तरिम संविधानमा नयाँ व्यवस्था नभएकोले र पुरानै तरीकाले २०५ निर्वाचन क्षेत्र कायम राख्न खोजेको भनी राजनीतिक असन्तुष्टि जनाएको थियो । त्यसैले नयाँ निर्वाचन क्षेत्र कायम गरी मधेश र मधेशीलाई समानुपातिक प्रतिनिधित्व गराउने व्यवस्थाको माग राखेर ३ देखि ८ पुससम्म दबाबमूलक कार्यक्रम गरेर १० पुस मधेश बन्द गर्ने निर्णय गरेको थियो ।

त्यसको पूर्वसन्ध्यामा पार्टीका नेपालगञ्ज निवासी नगर कार्यकर्ताहरूले ८ र ९ पुस प्रचारप्रसार गर्दा पनि छिटफुट घटना भएका थिए। जसका कारण शहरमा त्रास फैलिएको थियो ।

१० पुस बिहानैदेखि पार्टीका नगर कार्यकर्ताहरू लाठी, फलामे रड आदि लिएर होटल, कलकारखाना, यातायात र बजार बन्द गराउन सक्रिय भए। अघिल्लो समय जस्तै नेपालगंज शहर लगभग पूर्णत: बन्द थियो, तर नेपालगञ्ज नर्सिङहोम अगाडिका साना होटलहरू खुल्लै थिए। माओवादीले सशस्त्र द्वन्द्व चलाएको समय र  कडा भन्दा कडा बन्दका दिनहरूमा पनि यी होटलहरू खुल्थे। किनभने यी होटलहरूले नर्सिङहोमका बिरामी र तिनका

कुरुवालाई दूध, तातोपानी र बिरामीको खाना पकाउने सेवा दिन्थे। त्यसदिन मध्याह्नतिर बजार बन्द गराउन हिंडेका सद्भावना पार्टी (आ) का केही कार्यकर्ताहरूले यी होटलहरूलाई पनि बन्द गराउन खोजे।

बर्दिया पाताभार-८ का नवराज सन्ज्यालले चलाएको सुर्खेती कैलाली होटल, बर्दिया बनियाभार-५ का ठाकुरप्रसाद अधिकारीले चलाएको सुर्खेती बर्दिया होटल, दाङ मानपुर–५ का निमबहादुर केसीले चलाएको दंगाली मामा होटल र बाँके बागेश्वरी–२ का वीरबहादुर रोकामगरले चलाएको खजुरा भूपू सैनिक होटलले अस्पतालका बिरामी र तिनका कुरुवाहरूलाई आवश्यक पर्ने दाल, जाउलो, तातोपानी, दूध र खाना आदि पकाएर राखेका थिए। बिरामी र कुरुवाहरूले आवश्यक सामग्री लिंदै थिए।

बजार बन्द गराउन हिंडेका पार्टीका कार्यकर्ताहरू नवयुवक थिए। उनीहरूलाई ती होटलहरू खुल्लै रहेको र कारोबार गरिरहेको सह्य भएन। उनीहरू भर्खरै राजनीतिमा आएकाले अपरिपक्व थिए। यी होटलहरू किन सधैं खुला राखिन्छ भन्ने जानकारी उनीहरूलाई थिएन। त्यसैले उनीहरूले चार वटै होटलमा पसेर बन्द गर्न दबाब दिए, केही विवाद भएपछि एकाएक तोडफोड गर्न शुरू गरे।

बिरामी र कुरुवाका लागि बनेका खाना फालिदिए। पानीका ड्रम फुटाए, भान्साका सामग्रीहरू फालिदिए। दाल-चामल पोखिदिए। म:म पकाउने भाडाहरू कुच्याइदिए। खाना खाने टेबल र कुर्सीहरू तोडफोड गरे। यसै घटनाको मौका पारेर केही उच्छृंखल व्यक्तिहरूले लुटपाट गरे, होटल धनीहरूलाई कुटपीट गरे। यस्ता घटना हुँदा नजिकको प्रहरीले रोक्ने कोशिश गरेन। पीडित होटलवालाहरू भन्छन्, “प्रहरी आएर सम्झाइ-बुझाइ गरेको भए केटाहरू नयाँ थिए, मान्थे होलान्। तर हेरेर बसिरहे। छाडा केटाहरू उग्र भएर आगो लगाउन थाले।”

घटनाका पीडितको निवेदन केलाउँदा पहिलो दिनको घटनामा न्यू मामा दंगाली होटल, खजुरा भूपू सैनिक होटल, सुर्खेती कैलाली होटल र सुर्खेती बर्दिया होटल गरी चार वटा होटलमा करीब रु.५० हजार जतिको क्षति भएको थियो। यति क्षति हुँदा नै प्रशासन र प्रहरीले स्थिति सम्हाल्न तदारुकता देखाएको भए अरू क्षति हुन पाउने थिएन।

दोस्रो दिन भाडाका गाडी, बस र माइक्रो बसमा आक्रमण भयो। तोडफोड, लूटपाट र आगजनी भए। माछा, मासु, मण्डी, फलफूल व्यापारी, फुटकर व्यापारी र निम्नवर्गका व्यापारी लुटिए।

## आगोमा घ्यू

फुप्रा होटलहरूमा आगो लगाएपछि उन्मत्त भएका युवाहरूले नजिकैको हयात इन्टरप्राइजेजमा पनि आगो झोसिदिए। यो पसल स्थानीय मुसलमान ऐजाज अहमद सिद्दिकीको थियो।

ऐजाज सम्झन्छन्, "प्रहरीको आँखै अगाडि मेरो पसल लुटियो । कलरपेन्ट पसलमा लूटपाट भयो । त्यहाँ आगो झोसिदिए । म माथि अत्याचार भैरहेको दृश्य प्रहरी र अरू सबैले हेरिरहे। मेरो त सर्वस्व नै पारिदिए। तर कसैले सहायता गरेनन्।"

यसपछि यही समूहले सुर्खेत रोडमा लामो समयसम्म तोडफोड गरे। प्रहरी र प्रशासनको उपस्थिति नदेखेपछि सद्भावना पार्टीका कार्यकर्ताहरूले पहाडे समुदायलाई कुटपीट गर्न थाले। आक्रमणमा परेकाहरूको बचाउ गर्न स्थानीय हिन्दू युवाहरू घटनास्थलमा आए। यसपछि आगोमा घ्यू थपियो।

हिन्दू युवाहरूले मुसलमान माथि आक्रमण गरे भन्ने हल्ला फैलियो। अर्कोतिर मधेशीहरूले पहाडियाहरूमाथि आक्रमण गरे भन्ने हल्ला फैलियो। अनि त्रिपक्षीय हिंसात्मक भिडन्त शुरू भयो। हिंसाले धार्मिक र साम्प्रदायिक रूप लिइसक्दा घटनाका मुख्य कारक सद्भावना पार्टीका केही कार्यकर्ताहरूको कर्तुत जति लोप हुन गयो।

त्यसदिन भीडको आक्रमणमा परेका एनुल जेदा सलमानी भन्छन्, "म मधेशी, मुसलमान माथि आक्रमण हुँदा पहाडे पत्रकारहरू तस्वीर खिच्दै थिए। तीमध्ये कोही पनि मलाई सहायता दिन आएनन्।"

१० पुससम्मका घटनाहरू सामान्य तहकै थिए। तर घटना नियन्त्रण गर्न प्रहरी र प्रशासनको उपस्थिति नदेखेपछि, दंगाकारीहरू झन्-झन् उग्र हुँदै गए। भोलिपल्ट, ११ पुस दिनभरि नै हिंसात्मक दंगा भयो। यस दिन चाहिं पहाडे, मधेशी र मुसलमानहरूले भिन्ना भिन्नै मोर्चा बनाएका थिए। नेपालगञ्ज निवासी तीन वटा साम्प्रदायिक समूहमा विभाजित भएर एकअर्कामाथि आक्रमण गर्न लागे। परिमाणतः १२ पुस झन् ठूलो दंगा भयो। अतिवादीहरूले नगरमा लूटपाट र आगजनी गरे। द्वन्द्वले हिंसात्मक रूप लियो।

## साम्प्रदायिक मोर्चा

बाँकेमा केही हिन्दू अतिवादीहरूले विगत दुई दशकदेखि आफ्नो संगठन बढाइरहेका छन्। विश्व हिन्दू महासंघ अन्तर्राष्ट्रिय समितिको केन्द्रीय तहमा

## पुरानो तुष

२०४९ सालमा बाँकेसँग सीमा जोडिएको जिल्ला दाङको तुल्सीपुरमा दुई युवा समूहबीच भएको झडपलाई पनि हिन्दू-मुस्लिमबीच भएको दंगा भनी प्रचार गरिएको थियो । त्यस प्रचारका कारण नेपालगञ्जका मुसलमान निकै आक्रोशित थिए ।

सन् १९९० मा भारतीय जनता पार्टीले हिन्दूत्वको राग बढाएर बिहार र उत्तरप्रदेशमा रथयात्रा गरेको थियो । उनीहरूले राम जन्मभूमि निर्माण गर्ने भनी अयोध्याको बाबरी मस्जिद ढालिदिएका थिए। यस घटनाले नेपालका मुसलमान हिन्दू जमातदेखि क्रूद्ध थिए। भारतमा भएको अन्यायको विरोधमा उनीहरूले नेपाली कांग्रेसका नेता तथा वर्तमान प्रधानमन्त्री सुशील कोइरालाको नेपालगञ्जस्थित सुर्खेतरोडमा रहेको घरमा ढुंगामुढा गरेका थिए ।

२०५४ सालमा मुस्लिम समुदायको पवित्र चाड मोहर्रमका बेला स्थानीय मुसलमानहरूले ताजिया निकाल्दा अतिवादी हिन्दू युवाहरूले विना कारण विवाद झिकेका थिए । त्यसबेला हिन्दू र मुस्लिम साम्प्रदायिक झडप भएको थियो । जसमा बाँके जयसपुर गाविसका फज्जल कबाडियाको मृत्यु भएको थियो । ■

बाँके जिल्लाबाट पनि प्रतिनिधित्व भएको थियो । भारतको हिन्दू अतिवादी संगठन राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस) ले बाँकेमा शाखा गठन गरी हिन्दू अतिवादी युवाहरू संगठित गरेर जिल्ला कार्य समिति नै बनाएका छन् । यहाँ अर्जुन शक्ति केन्द्र, रामशक्ति दल र पशुपति लाठी समिति जस्ता हिन्दूवादी संगठन पनि क्रियाशील छन् ।

हिन्दू मोर्चाको प्रतिवाद गर्न मुस्लिम समुदायका कट्टरपन्थीहरूले पनि गोप्य संगठन बनाएका छन् । तर नेपालगञ्जमा सानो घटना हुँदा पनि यिनी मोर्चा बनाएर उपस्थित हुन्छन्। यिनीहरूको मोर्चाले धार्मिक भावनामा खेल्ने गरेका हुनाले जो जतिखेर पनि दंगामा आउन सक्छन् ।

यहाँ मधेशी र पहाडियाका नाममा कुनै संगठन अस्तित्वमा छन् । तथापि मधेश आन्दोलन पछि मधेशी र पहाडे छुट्याउने राजनीतिक रागले

दुवै समूहलाई भावनात्मक रूपमा अलग्याएको छ ।

पुस २०६३ को दंगामा पनि यी चारवटै मोर्चाको संलग्नता थियो । तर सो दंगाले 'हिन्दू–मुस्लिम' समुदायमा सबैभन्दा बढी क्षति पुऱ्यायो । किनभने यी दुवैसँग संगठित लडाकू थिए ।

## प्रशासनप्रति आक्रोश

१२ पुसको बिहानैदेखि उठेको दंगा नियन्त्रण गर्न प्रहरीहरू मोर्चामा आए । भीड बढी भएको हुनाले तितरवितर गर्न गोली चलाउँदा बिहानको ८ बजेतिर नै प्रहरीको गोली लागेर कमल गिरीको मृत्यु भयो । अनि प्रशासनले नेपालगञ्जमा कर्फ्यू लगायो ।

मधेशी युवकको मृत्यु भएपछि, पहाडियाहरूलाई बचाउन प्रशासनले कर्फ्यू लगाएको भनेर मधेशी र मुसलमानहरू उग्र भए । कर्फ्यूपछि साम्प्रदायिक दंगाले पनि उग्र रूप लियो । यस समूहले मृतक गिरीलाई 'शहीद घोषणा गर्न, उनको परिवारलाई उचित क्षतिपूर्ति दिलाउन र गैरकानूनी हत्या भएको विषयमा न्यायिक छानबीन गराउन माग गर्दै दंगा बढाउन थाले ।

प्रहरीको गोली लागि मारिएका कमल गिरीलाई 'शहीद' सरहको सम्मान र दोस्रो जनआन्दोलनका 'शहीदहरूलाई दिए सरहको रु.१० लाख दिने सहमति भएको थियो । यस सहमतिलाई प्रशासनले स्वीकार गरिदिएको भए पनि दंगा बढ्न पाउने थिएन ।

यस बाहेक प्रहरीको गोली लागि गम्भीर घाइते भएका पुरैना-२ का हफिज खाँ, वडा नं. १५ की बालिका मानषी लखेर, वडा नं. ९ का सुधीर (पप्पू) लखेर, वडा नं. ४ का मोहम्मद नादिर खाँ र रामदुलारे वैश्य, वडा नं. १० का राजु वर्मालाई उपचारको व्यवस्था मिलाउने सहमति पनि भएको थियो । घटनामा १४ जना गम्भीर घाइते र अंगभंग भएका थिए भने ५२ घर पसल तोडिएका, आगो लगाइएका र लुटिएका थिए । तर यी कसैलाई पनि प्रशासनले सान्त्वना दिने काम गरेन । उल्टो बेवास्ता गरिएपछि दंगाले उग्ररूप लिएको थियो ।

## जनताको आक्रोश

पुस ११ मा नेपालगञ्ज नगरभित्र कर्फ्यूको घोषणापछि (दिनको ११.३० बजेपछि) भएका आगजनी, तोडफोड र लूटपाट जस्ता घटनाको जिम्मेवारी

तत्कालीन बाँकेका प्रमुख जिल्ला अधिकारी तिलकराम शर्माले लिनुपर्दछ भन्ने माग स्थानीयवासीहरूको थियो। स्थानीय बासिन्दाले प्रजिअलाई शान्ति सुरक्षाको उचित व्यवस्था नगरेको आरोप लगाएका थिए।

यसैगरी बाँके जिल्ला प्रहरी कार्यालयका तत्कालीन प्रहरी प्रमुख रमेश भट्टराईको नेतृत्वमा खटिएको प्रहरीले जथाभावी गोली चलाउँदा युवक कमल गिरीको हत्या भएको र अन्य निर्दोष, अबोध तथा दंगामा संलग्न नै नभएका व्यक्ति र बालबालिकालाई समेत गोली लागेको हुँदा निजलाई पनि कारबाहीको माग राखिएको थियो।

स्थानीय मो. नादिर खाँले आफूलाई गोली हान्ने व्यक्ति जिल्ला प्रहरी कार्यालय बाँकेका असई प्रमोद क्षेत्री हुन् भनी लेखाएका थिए। तर प्रहरीले वास्तै नगरेपछि दंगाले उग्र रूप लिन थाल्यो।

## नागरिक समाजको भूमिका

प्रहरी र प्रशासनले दंगा समूहलाई रोक्न र नियन्त्रणमा लिन नसकेपछि स्थानीय आठ राजनीतिक दल, नागरिक समाज, मानवअधिकारकर्मी, नेपालगञ्ज उद्योग व्यापार संघ आदि समाधान खोज्दै अघि सरे। यस समूहले तुरुन्तै बैठक गरेर, स्वतन्त्र र निष्पक्ष छानबीन आयोग गठन गर्न नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरे। यस समाचारले दंगा गर्ने बीच सान्त्वनाको संचार गरायो। तर दंगा फसाद घटेको थिएन। यसैबीच नागरिक समाजले शान्ति तथा सद्भाव जुलूस निकाल्ने तयारी गरे।

तर पहाडे समुदायतर्फको आक्रोशित भीडले गिरीमाथि गोली चलाउने प्रहरी र सिडिओलाई कारबाही नगरेसम्म शान्ति तथा सद्भाव जुलूस निकाल्न नदिने बखेडा झिक्न थाले। उनीहरूले व्यापार संघको कार्यालयमा ढुंगामुढा गरे।

यस्तो अवरोधका बीच पनि नागरिक समाजले शहरका गल्ली, चोकहरूमा “हिमाल पहाड तराई, कोही होइन पराइ”, “हिन्दू, मुस्लिम, बौद्ध, शिख, इसाई सबै नेपाली दाजुभाइ” जस्ता नाराहरू लगाएर नगर परिक्रमा शुरू गरे। यो अभियान सफल भयो। नेपालगञ्जका घर-घरमा शान्ति तथा सद्भाव र साम्प्रदायिक सद्भाव कायम राख्नुपर्ने सन्देश पुगे। प्रशासनले कर्फ्यू लगाएको समयमै निकालिएको जुलूसले नगरमा दंगा मत्थर गराउन र शान्ति फर्काउन महत्त्वपूर्ण भूमिका खेल्यो। यसपछिको दोस्रो दिन नै नेपालगञ्जको जनजीवन सामान्य हुन थाल्यो।

## दंगाको असर

नेपालगञ्ज नगरको भित्री भागमा वर्षौंदेखि 'हिन्दू-मुस्लिम' र पहाडे तथा मधेशीको संयुक्त बसोबास थियो । यस पटकको दंगा अतिवादी स्वरूपको हुनाले 'हिन्दू-मुस्लिम' र मधेशी–पहाडियाबीच वैमनस्य बढायो । जसका कारण एक हिन्दू होटल व्यवसायीले नेपालगञ्जको सुर्खेतरोडस्थित गुरुद्वार रोडमा सञ्चालन गरिरहेको 'होटल हंगेरी' बेचेर अन्यत्र जानु पर्‍यो ।

यसपटक नगरमा स्थायी रूपमा बस्दै आएका स्थानीय हिन्दूहरूमाथि पनि जमेर प्रहार भएको थियो । उनीहरू पनि नगरभित्रै आन्तरिक बसाइँसराइ गर्न बाध्य भए। हिन्दू समुदायका सर्वसाधारणहरूले पुरानो बासस्थान छोडेर नगरकै सुरक्षित स्थानतिर बसाइँ सरे ।

मधेशी र पहाडिया भन्ने विभेद चलेको हुनाले नगरको तेजनगर, बसपार्क, वाटरपार्क क्षेत्रमा बसेका पहाडेहरू बसाइँ सरेर उत्तरी क्षेत्रमा सर्न बाध्य भए। ■

### प्रतिवेदन फालियो

आठ राजनीतिक दलका नेता आठ जना, उद्योग व्यापार संघको कार्य समितिले तोकेको नागरिक समाजको प्रतिनिधि- एक जना, नगरपालिकाका इन्जिनियर, प्राविधिकहरू र नगरविकास समितिका सदस्यसचिव, प्राविधिक इन्जिनियर समेतको 'क्षति मूल्याङ्कन र निर्धारण समिति' संयन्त्र गठन गरेर क्षतिको मूल्याङ्कन गरी क्षतिपूर्ति दिने भनिए पनि त्यस आयोगले कुनै काम गरेन ।

यसपछि सरकारले नेपालगञ्ज घटना (१०-१२ पुस २०६३) जनस्तरीय नागरिक छानबीन समितिको गठन गरी जाँच गरायो । यस समितिका संयोजक अधिवक्ता शालिकराम सापकोटा भन्छन्, "घटना हुनुमा स्थानीय राजनीतिक दलका अगुवा जिम्मेवार थिए। स्थानीय प्रशासनले अवस्थालाई सही रूपमा बुझ्न नसक्नु नै ठूलो गल्ती थियो।"

यसपछि पुरुषोत्तम पराजुलीको अध्यक्षतामा द्रोणराज रेग्मी र सुखचन्द्र झा सदस्य रहेको आयोग गठन भयो । यी दुवै आयोगले छानबीन गरी

प्रतिवेदन दिए । तर सरकारले कार्यान्वयन गरेन ।

आयोगको प्रतिवेदन कार्यान्वयन नगरेको झोंकमा बाँके जिल्लाका पीडितहरूले ११ पुसको दिनलाई 'कालो दिन' का रूपमा सम्झने गरेका छन् ।

सरकारको यस्तो व्यवहारले नेपालगञ्जवासीहरू हिन्दू–मुसलमान र पहाडे–मधिशे दुवै आक्रोशित छन् । यो आक्रोशको आगोले कुनै पनि बेला नेपालगञ्जलाई फेरि जलाउन सक्छ ।

४ बसन्तप्रताप सिंह, बझाङ

# शान्ति बजेटमा भाग शान्ति

बझाङमा शान्ति स्थापना, राहत तथा पुनर्स्थापनाका नाममा सात वर्षयता एक अर्बभन्दा बढी बजेट गएको छ । तर, यस बजेटमा द्वन्द्व पीडितले भन्दा बढी अरूले नै रजाइँ गरेकाले पीडितहरू असन्तुष्ट छन् । राहत रकममा मात्र मनपरी नहुने हो भने शान्ति फर्काउन गाह्रो हुँदैन ।








१. मृतक चन्द्र धामीकी श्रीमती मनुरी धामी ।

२. बाजे-बज्यैको घरमा आश्रय लिएको मिलन सुनार ।

३. बजारमै अलपत्र परेका स्थानीय शान्ति समितिका साइनबोर्डहरू ।

(तस्वीरहरूः बसन्तप्रताप सिंह)

सशस्त्र द्वन्द्व पीडित परिवारलाई पुनर्स्थापना गर्न तथा राहत स्वरुप क्षतिपूर्ति दिएर देशमा शान्ति स्थापना गर्ने प्रक्रिया शुरू भएको सात वर्ष भयो । यस अवधिमा शान्तिका नाममा जिल्लामा विभिन्न निकायबाट झण्डै एक अर्बभन्दा बढी रकम गयो । तर, द्वन्द्वका वास्तविक पीडितहरू भने अझै पनि रकमबाट बञ्चित छन् । बझाङमा शान्ति फर्काउने प्रक्रियामा जे-जे भए ती सबै कागजमै सीमित रहे ।

## दुईथरी तथ्याङ्क

द्वन्द्व पीडितलाई वितरण गरिएको भनिएको राहत रकमको फेहरिस्त हेर्दा बझाङमा दुईथरी तथ्याङ्क भेटिएको छ । स्थानीय शान्ति समितिले प्रकाशन गरेको *द्वन्द्वमा बझाङ जिल्ला* नामक स्मारिका र शान्ति तथा पुन:निर्माण मन्त्रालयको राहत तथा पुन:स्थापना इकाईले प्रकाशित गरेको *द्वन्द्व पीडितलाई वितरण गरेको राहत विवरण* पुस्तिकामा राहत पाउनेको नाम र संख्या फरक फरक देखाइएको छ ।

जिल्लामा सशस्त्र द्वन्द्वको क्रममा १०९ जनाको ज्यान गएको, ९५ जना घाइते भएको, तीन जना अपाङ्ग भएको, ३६ जना बेपत्ता भएको, ३८ महिला विधवा भएको र १० जना बालबालिकाले आमाबाबु दुवै गुमाएको विवरण स्थानीय शान्ति समितिले सार्वजनिक गरेको छ । समितिको विवरण अनुसार– जिल्लामा ३८ परिवारको व्यक्तिगत सम्पत्तिको क्षति, ६९ परिवार जिल्लाबाट विस्थापित र पाँच जना अपहरणमा परेका थिए । समितिले विवरणमा समेटेका सबै व्यक्ति तथा परिवारले न्यूनतम रु.३ हजारदेखि रु.३ लाखसम्मको राहत बुझेको तथ्याङ्क पनि सार्वजनिक गरेको छ ।

तर शान्ति मन्त्रालयको राहत तथा पुनर्स्थापन इकाईले प्रकाशन गरेको विवरणमा भने जिल्लामा सशस्त्र द्वन्द्वको अवधिमा मृत्यु भएका १२५ जना, बेपत्ता पारिएका तीन जना, घाइते तथा अपाङ्ग ९४ जना, उपचार गर्नुपर्ने घाइते ४९ जना, सम्पत्ति क्षति भएका ५१ जना, अपहरणमा परेका ६ जना, टुहुरा बालबालिका नौ जना, कैद वा हिरासतमा परेका चार जना र

विस्थापित ५३५ जनाले राहत पाएको तथ्याङ्क दिइएको छ। एउटा विषयको दुईथरी आँकडाले शान्तिका नाममा जथाभावी भएको देखाउँछ।

## पीडितको व्यथा

चैनपुरका रंगे वादी मागेर गुजारा चलाउँथे। २६ चैत २०५८ मा पनि उनी माग्दै गाउँ चहारिरहेका थिए। उनी त्यस दिन राति ११ बजेतिर घर फर्कंदै गर्दा सदरमुकाम चैनपुर नजिकै बाहुलीगाड खोलामा सेना र प्रहरीको संयुक्त गस्ती टोलीको तारोमा परे। मारिएको भोलिपल्ट रेडियो नेपालबाट दोहोरो भिडन्तका क्रममा रंगे वादी नाम गरेको 'आतंककारी' मारिएको समाचार बज्यो।

यो घटना भएको करीब डेढ महीनापछि ११ जेठ राति १० बजेतिर दिसा बस्न घरबाट बाहिर निस्किएकी रंगे वादीकी श्रीमती दिला वादी बेपत्ता भइन्। उनी हालसम्म घर फर्किएकी छैनन्। पीडित वादी परिवार भन्छन्, "दिलालाई सेनाले बेपत्ता बनाएको शंका छ।"

सदरमुकामबाट बेपत्ता भएकी दिला वादीको नाम भने कुनै पनि निकायको बेपत्ता सूचीमा परेको छैन। दिलाका छोरा सुरेन्द्र वादी गुनासो गर्छन्, "हाम्रो कुरा राखिदिने कोही भएनन्। मेरी आमाको बारेमा कुनै सुनुवाइ नै भएन।" स्थानीय शान्ति समितिका कार्यालय सचिव रामबहादुर सिंह भन्छन्, "दिला बेपत्ता भएको सबैलाई थाहा छ, तर उनको नाम कतै पनि परेनछ, बेपत्ताको सूचीमा उनको नाम चढाउन पहल भइरहेको छ।"

जिल्ला प्रशासन कार्यालयले भने बेपत्ताको नाममा आएको रकम लिने मान्छे नभेटिएका कारण फिर्ता जाने गरेको जानकारी दिएको छ। "गत आर्थिक वर्षमा बेपत्ता विशेष राहतका नाममा आएको रु.२ लाख रकम लिने मान्छे नभेटिएका कारण फिर्ता पठायौं", जिल्ला प्रशासन कार्यालयका लेखापाल चन्द्रप्रसाद जोशीले भने, "प्रक्रिया नपुगेको र सूचीमा नाम समावेश नभएका व्यक्तिलाई दिन सकिंदैन, त्यस्ता मानिस धेरै छन्, तर हामीलाई मात्र थाहा भएर त भएन, प्रक्रिया पुगेको हुनुपर्‍यो।"

५ साउन २०६० मा दाङमा भएको भिडन्तमा परी मृत्यु भएका बझाङ भामचौरका चन्द्रवीर धामीकी पत्नी मनुरी धामीले मृतकका विधवा पत्नीले पाउनुपर्ने राहत पाएकी छैनन्। सदरमुकामबाट एक दिन टाढाको पैदल दुरीमा रहेको भामचौर बस्ने धामी परिवारलाई द्वन्द्व पीडितले राहत पाउँछन् भन्ने जानकारी पनि थिएन। मनुरी भन्छिन्, "त्यस्तो कुरो हामीलाई त

पहिले थाहै भएन, पछि जाँदा पाइएन।" मनुरी विधवा राहत पाइने आशाले एक दिनको पैदल बाटो हिंडेर ६ पटक चैनपुर पुगिसकिन्। यिनको नाम द्वन्द्व पीडितको सूचीमा पनि छ। तर, राहत दिइएको छैन।

२०५८ साल फागुनमा सदरमुकाम चैनपुरबाट गएको सुरक्षा फौजले घट्टमा अनाज पिसेर फर्कँदै गरेका कैलाश गाविस-५ का गोर्खे कामी र गगन सिंहलाई पक्राउ गरे। उनीहरू माओवादी भएको आशंका गरेर मरणासन्न हुने गरी कुटपीट गरे। सुरक्षाकर्मीको कुटाइबाट थलिएका गोर्खेको उपचार बझाङमा हुन नसकेपछि भारतको बैङ्गलोर लगेर उपचार गरियो। तैपनि पूर्णरूपमा स्वस्थ भएनन्। हप्तामा एक दिन फिजियोथेरापी गर्नुपर्ने भएकोले उनी बैङ्गलोरमै छन्। द्वन्द्वमा परेर घाइते भएकालाई सरकारले उपचार खर्च दिन्छ भन्ने थाहा पाएपछि कामी परिवार धेरै पटक जिल्ला प्रशासन कार्यालय र गाविस धाए। कलु कामी भन्छन्, "हाम्रो कुरा कसैले सुनिदिएन, त्यसैले कुनै राहत पनि पाइएन।" कलुले गुनासो गर्दै भने, "उपचारको लागि दुई भाइ नै भारतमा बस्नु परेको छ। भएको जग्गा जमीन पनि बेचिसकियो। अहिलेसम्म रु.१०–१२ लाख खर्च भइसक्यो, रु.४ लाखभन्दा बढी त ऋण नै लागिसक्यो।"

तर गोर्खे कामीसँगै सेनाको कुटपीटमा परेका गगनबहादुर सिंहले भने द्वन्द्व पीडितका नाममा धेरै पटक राहत बुझेको शान्ति समितिको तथ्याङ्क छ। सिंहले विस्थापित व्यक्ति तथा परिवारलाई पुनर्स्थापना खर्च, उपचार खर्च, द्वन्द्व पीडित राहत आदिको नाममा रु.६० हजारभन्दा बढी रकम पाएको बताए पनि कुन व्यक्तिले कति रकम लिएको भन्ने वास्तविक तथ्याङ्क भने वितरण गर्ने निकायमा भेटिएन।

## गाविस सचिवको खेल

शान्ति तथा पुनर्निर्माण मन्त्रालयले असार २०७० मा जिल्ला प्रशासन कार्यालय मार्फत जिल्लाका ४७ वटै गाविसलाई रु.२० हजारका दरले रु.९ लाख २० हजार रकम निकासा दिएको थियो। यो रकम द्वन्द्व व्यवस्थापन तथा शान्ति प्रवर्द्धनको क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी क्षेत्रसँग सहकार्य गरेर गाविसस्तरका शान्ति समितिको क्षमता विकास, द्वन्द्व पीडितको लगत संकलन, शान्ति समितिको कार्यालय व्यवस्थापनको लागि दिइएको थियो।

स्थानीय शान्ति समितिका सचिव रामबहादुर सिंह भन्छन्, "गाविस सचिवहरूले बजेट खाए, तर काम गरेनन्। व्यासी गाविस बाहेक अन्य

४६ गाविसका सचिवले त त्यो रकम कहाँ खर्च भयो भन्ने हिसाब समेत दिएका छैनन् ।"

जिल्ला प्रशासन कार्यालयका नायव सुब्बा गोरख धामी भन्छन्, "गाविसबाट सूचना नआएकोले जिल्ला प्रशासन कार्यालय र स्थानीय शान्ति समितिले जिल्लाका कतिपय द्वन्द्व पीडितको नाम संकलन गर्न सकेनन् । उनीहरू छुट्न गए । त्यस बाहेक द्वन्द्व पीडित तथा द्वन्द्व प्रभावित व्यक्ति एवम् परिवार भनेर जिल्ला प्रशासनले सिफारिश गरेका कतिपय व्यक्ति र परिवारलाई लगत संकलन कार्यदलले स्वीकृति दिएन ।

शान्ति समितिका कार्यालय सचिव रामबहादुर सिंह भन्छन्, "गाविस स्तरका स्थानीय शान्ति समितिहरू निष्क्रिय भएका कारण धेरैलाई अन्याय हुन गयो । गाविसस्तरको स्थानीय शान्ति समितिमा गाविस सचिव नै पदेन सदस्य-सचिव हुन्छ। तर अधिकांश गाविस सचिवहरूले तथ्याङ्क नै दिएनन् ।"

## हदैसम्मको उपेक्षा

२० असार २०७० मा बझाङ सदरमुकामको राम आर्टका रामबहादुर बोहरासँग केही गाविस सचिवहरूले गाविसस्तरीय शान्ति समितिको साइनबोर्ड बनाइदिन अर्डर दिए । उनीहरू एक हप्तापछि आएर साइनबोर्ड लैजाने भने पनि अझैसम्म फर्केर आएका छैनन् । गाविसस्तरीय शान्ति समितिको साइनबोर्ड अझै पनि राम आर्टमै मिल्किइरहेको छ। उक्त साइनबोर्ड लेखेको रकम लिन भनेर आर्टिस्ट बोहरा चाहिं जिल्ला शान्ति समितिको कार्यालयमा धाइरहेका छन् ।

जिल्ला शान्ति समितिका सचिव सिंह भन्छन्, "गाविस सचिवले शान्ति समितिको साइनबोर्ड नै लगाएनन् । शान्ति प्रवर्द्धनको कामलाई हदैसम्मको उपेक्षा गरे ।" यसरी आर्ट सेन्टरमै शान्ति समितिको साइनबोर्ड छाड्नेहरू पौवागढी, लेकगाउँ, सैनपसेला र सुनकुडा गाविसका सचिवहरू थिए ।

लेकगाउँ गाविसका सचिव रमेश बुढा भन्छन्, "शान्ति मन्त्रालयबाट आएको रु.२० हजार बजेटले गाविसस्तरीय शान्ति समितिको लेटर प्याड छापियो, छाप र साइनबोर्ड बनाइयो । तालीम सञ्चालन गरियो । नियम बमोजिम नै खर्च गरियो ।" सचिव बुढालाई शान्ति समितिको साइनबोर्ड किन नलिएको भनेर सोध्दा उनले सजिलै भने, "लिनुपर्ने त थियो, बिर्सियो ।"

दाँतोला गाविसका सचिव राधाकृष्ण जोशीले भने, "हामीले त कुन वडामा द्वन्द्व पीडित कति छन् भन्ने लगत लिएर जिल्ला शान्ति समितिमा

बुझाएका थियौं ।" तर जिल्ला शान्ति समितिका कार्यालय सचिव सिंह भन्छन्, "जिल्लामा व्यासी गाविस बाहेक कुनै पनि गाविसले तथ्याङ्क दिएनन् ।"

दाँतोलाका गाविस सचिव जोशीले त जिल्ला प्रशासन कार्यालयमा पेश्की फछ्र्योट नै गरेका छैनन् । जोशी भन्छन्, "जिल्ला प्रशासनले पेश्की फछ्र्योट गर भनेर पत्र नै पठाएको छैन । त्यसैले हामीले खर्च विवरण पनि बुझाएनौं ।"

सुनकुडा गाविसका सचिव भुरीप्रकाश जोशीले द्वन्द्व पीडितको तथ्याङ्क संकलन गरेको दाबी गरे । उनले प्रष्ट भने, "त्यस बजेटको केही रकम तथ्याङ्क संकलनमा खर्च भयो, केही चाहिं समितिको चिया खाजामा खर्च भयो ।" उनले थपे, "तथ्याङ्क संकलन गरेका छौं, तर कतै पनि दिएका छैनौं ।" शान्ति समितिको बोर्ड लेखाएर लिन नजाने यी सचिवले भने, "मलाई दुई वटा गाविसको जिम्मा भएकोले साइनबोर्ड लिन जाने फुर्सत नै भएन ।"

जिल्ला शान्ति समितिका कार्यालय सचिव रामबहादुर सिंह भन्छन्, "गाविस सचिवहरूले द्वन्द्व पीडितहरूलाई हदैसम्मको उपेक्षा गरे । उनीहरूले शान्ति प्रवर्द्धनको लागि कामै नगरी रकम पचाइदिए ।"

## फेरि पनि उस्तै

यो वर्ष पनि शान्ति निर्माणको लागि आर्थिक वर्ष अन्त्य हुनलाग्दा जिल्ला विकास समितिले गाउँ विकास समितिको खातामा प्रति गाविस रु.२२ हजारका दरले रकम भुक्तानी गरेको छ ।

गाविसमा गठन भएका स्थानीय शान्ति समितिले गाविसस्तरमा शान्ति प्रक्रियालाई सहयोग पुग्ने खालका विविध क्रियाकलापका लागि प्रस्ताव तयार गरी गाविसलाई पठाउने र गाविसको कार्यालयले सिफारिश सहित जिल्ला विकास समितिसँग रकम माग गर्नुपर्नेमा कैलाश गाविसले मात्र प्रस्ताव पेश गरेको र अन्य गाविसले प्रस्ताव विनै रकम भुक्तानी लिएको जिल्ला विकास समितिका लेखापाल लालबहादुर खातीले बताए ।

कस्तो प्रस्ताव तयार गर्नुपर्थ्यो भन्ने जिज्ञासामा लेखापाल खातीले भने, "के गर्दा शान्ति प्रक्रियालाई सहयोग पुग्छ भन्ने प्रस्ताव तयार गर्नुपर्थ्यो, त्यसो भएन । रकम फ्रिज जानुभन्दा केही त गर्लान् भनेर निकासा दिएका छौं, हेरौं के गर्छन् ।"

### छात्रवृत्तिमा मनपरी

द्वन्द्व पीडित विद्यार्थीहरूलाई राहत दिनका लागि शान्ति मन्त्रालयले जिल्ला शिक्षा कार्यालय मार्फत विभिन्न विद्यालयलाई उपलब्ध गराएको बजेट पनि दुरुपयोग भएको छ ।

सदरमुकाम चैनपुरको नमूना निम्नमाध्यमिक विद्यालयको खातामा आर्थिक वर्ष २०६६/६७ देखि २०६९/७० सम्म वर्षेनि ५० हजार बजेट गइरहेको छ। यहाँका पाँच जना द्वन्द्व पीडित विद्यार्थीको नाममा उक्त बजेट गएको जिल्ला शिक्षा कार्यालयको तथ्याङ्कले देखाउँछ। यस विद्यालयले मिलन सुनार, आकाश सुनार, अनिश सुनार, कमल वादी र सविता वादीलाई वर्षेनि जनही रु.१० हजारका दरले छात्रवृत्ति रकम वितरण गरेको तथ्याङ्क राखेको छ । यीमध्ये कमल र सविता मृतक रंगे वादी र बेपत्ता दिला वादीका छोरा-छोरी हुन्। आकाश, अनिश र मिलन सुनारका पिता सुरेश सुनारलाई ८ फागुन २०६१ मा कैलालीबाट बझाङ जान हिंडेको बेला बसपार्कबाट विद्रोहीहरूले अपहरण गरी कैलालीकै फूलबारी भन्ने ठाउँमा गोली हानी हत्या गरेका थिए ।

सुरेशको हत्या पछि उनकी जेठी श्रीमती अर्कैसँग बिहे गरेर गएपछि उनका छोरा १४ वर्षीय मिलन सुनार चैनपुरस्थित पुर्ख्यौली घरमा बाजे-बज्यैसँग बस्दै आएका छन् भने कान्छी श्रीमती आफ्ना दुई छोरा आकाश र अनिशलाई लिएर ८/९ वर्षदेखि कञ्चनपुरको पुनर्वासमा रहेको माइती घरमा बस्दै आएकी छिन् ।

विद्यालयका प्रधानाध्यापक गजेन्द्र रसाइली भन्छन्, "यी पाँचै जना विद्यार्थी विद्यालयमा छैनन् । मिलन सुनार र कमल वादीले चार वर्षअघि र सविता वादीले दुई वर्षअघि विद्यालय छोडे । आकाश र अनिश सुनार कञ्चनपुर जिल्लाको निजी विद्यालयमा पढ्छन् । तर तिनका अभिभावकहरू पैसा बुझ्न आउँछन्, नदिए झगडा गर्छन् । शिक्षा कार्यालयबाट पनि पैसा दिनुस् भन्ने दबाब आउँछ, हामीले के गर्ने ?"

कैलाश गाविसको नारायण माध्यमिक विद्यालयलाई पनि तीन जना विद्यार्थी, कुवेरबहादुर सिंह, नेशनल सिंह र दिव्यकुमारी सिंहको नाममा तीन पटक गरी रु.९८ हजार रकम गइसकेको छ। यी तिनै जना सहोदर भाइबहिनी हुन् । १८ जेठ २०५९ को राति यिनका पिता करबहादुर सिंहलाई विद्रोही माओवादीले घरबाट अपहरण गरी तीन घण्टा टाढाको चललेक भन्ने जंगलमा कुटेर हत्या गरेका थिए। माओवादीले आफ्नो घर

लुटेको जानकारी सेनालाई दिएको र आफ्ना कार्यकर्ताको सुराकी गरेको आरोपमा उनको हत्या गरेको बताएको थियो ।

विद्यार्थी नेशनल सिंहले भने, "२०६७ सालमा दिव्यकुमारी र मलाई रु.२० हजार दिए । तर ६८ सालमा रु.१२ हजार मात्र दिए ।" यी तिनै जनाले २०६८ साउनपछि विद्यालय छोडे । तर पनि शिक्षा कार्यालयको तथ्याङ्कमा भने आर्थिक वर्ष २०६८/६९ सालसम्म उनको नाममा रकम निकासा भइरहेको उल्लेख छ ।

दुर्गा उच्च माध्यमिक विद्यालय सैनपसेलालाई दुई जना विद्यार्थी अभिमन्यु र लोकेन्द्रको नाममा चार वर्षको अवधिमा रु.८६ हजार बजेट गएको छ । यिनीहरू सहोदर दाजुभाइ हुन् । यिनका पिता दुर्गाबहादुर कडायतको ११ मंसीर २०६१ मा बझाङबाट रोजगारीका लागि भारत जाने क्रममा डडेल्धुराको आइतेखान भन्ने ठाउँमा भएको भिडन्तमा विद्रोही पक्षको गोली लागेर मृत्यु भएको थियो । लोकन्द्रले गुनासो गरे, "उनले दुई पटक रु.२० हजार र दाइ अभिमन्युले एक पटक रु.१४ हजार मात्र पाएका छन् ।"

लेखापाल गजेन्द्र दौल्याललले पनि विद्यालयले दुई पटक मात्र द्वन्द्व पीडित छात्रवृत्ति वितरणको तथ्याङ्क राखेका छन् । जिल्ला शिक्षा कार्यालयले पठाएको बजेटबारे जिज्ञासा राख्दा उनले भने, "हामीलाई पैसा पठाएका छैनन् । हाम्रो बैंक स्टेटमेन्टमा रकम निकासा भएको देखिँदैन । विद्यार्थीले स्कूल छोडेर गएको हुनाले पैसा नपठाएको होला ।"

जिल्ला शिक्षा कार्यालयले जिल्लाका २६ वटा विद्यालयलाई छात्रवृत्तिको नाममा रु.२१ लाखभन्दा बढी रकम निकासा दिएको तथ्याङ्क राखेको छ । तर कतिपय विद्यालयले भने आफूकहाँ बजेट नै नआएको गुनासो गरेका छन् । बजेट पाएका कतिपय विद्यालयले स्कूलमै नभएका विद्यार्थीलाई रकम वितरण गरेका छन् भने कतिले चाहिं अन्यत्र अध्ययन गरिरहेका विद्यार्थीको नाममा बजेट लिएका छन्, र तलब आदिमा खर्च गरिरहेका छन् ।

जिल्ला शिक्षा अधिकारी मोतीलाल शर्मा भन्छन्, "द्वन्द्व पीडित विद्यार्थीको नाममा आएको छात्रवृत्ति रकम विद्यालयको खातामा भुक्तानी दिनु शिक्षा कार्यालयको गल्ती थियो । त्यस्तो रकम वितरण गर्न जिल्ला शिक्षा कार्यालयले दरखास्त आह्वान गरेर सम्बन्धित विद्यार्थीले आफू द्वन्द्व पीडित भएको र विद्यालयमा अध्ययन गरिरहेको प्रमाणसहित निवेदन गरेपछि विद्यार्थीलाई भुक्तानी दिनुपर्ने थियो ।"

शिक्षा कार्यालयका लेखापाल रामबहादुर खड्काले भने, “गत आर्थिक वर्षको द्वन्द्व पीडित छात्रवृत्तिको रकममा महालेखा परीक्षकको कार्यालयले रु.३ लाख रकम बेरुजु देखाएको छ। निकासा पाएका कुनै पनि विद्यालयले जिल्ला शिक्षा कार्यालयमा विवरण नबुझाएकाले यो रकम बेरुजु देखिएको हो ।”

द्वन्द्वको समयमा बझाङमा ४७ मध्ये ४५ गाविसका गाविस भवन, प्रहरी चौकी, कृषि तथा पशु सेवा केन्द्रहरू, वन कार्यालयका रेञ्जपोष्टहरू, संचारका पूर्वाधारहरूमा बढी क्षति पुगेको थियो । शान्ति प्रक्रिया शुरू भएको सात वर्ष बितिसक्दा पनि द्वन्द्वबाट क्षति पुगेका संरचनाको नाममा करोडौं खर्च भएको छ। तर पनि साँच्चिकै क्षति भएका अधिकांश संरचना पुनर्निर्माण गरिएका छैनन् गत वर्ष निर्माण गरिएका झण्डै १ करोड २० लाखका २२ वटा संरचनामध्ये चार वटा गाविस भवन र एउटा वन कार्यालयको रेञ्जपोष्ट बाहेक अन्य १७ वटा योजनामा द्वन्द्वको अवधिमा कुनै क्षति नपुगेका योजना हुन्। यसभन्दा अघि निर्माण भएका योजना हेर्ने हो भने पनि अधिकांश राजनीतिक पहुँचका आधारमा द्वन्द्वको समयमा कुनै क्षति नभएका ठाउँमा नयाँ संरचना निर्माण गरिएका छन् । गाविस भवन, प्रहरी चौकी जस्ता जनतासँग प्रत्यक्ष सरोकारका र द्वन्द्वको समयमा क्षति भएका योजना पूरा नहुँदै सामुदायिक भवन, सहकारी भवन, मन्दिर निर्माण, सिंचाइ, कुलो जस्ता कम सरोकारका ठाउँमा रकम खर्च गर्ने होडबाजीमा राजनीतिक पहुँच भएका व्यक्तिहरू लाग्नुले उनीहरूको नियतमाथि शंका गर्नेहरू प्रशस्तै छन् ।

द्वन्द्वको अवधिमा ध्वस्त भएका गाविस भवनको पुनर्निर्माण हुन नसक्दा धेरै गाविसका कार्यालयहरू हालसम्म पनि सदरमुकाममा छन् । जसका कारण सामान्य कामको लागि पनि सेवाग्राहीले कोसौंको पैदलदुरी तय गर्नुपर्ने र हजारौं रकम खर्च गर्नुपर्ने बाध्यताबाट मुक्ति पाउन सकेका छैनन् ।

## समितिको सिफारिश डस्टबीनमा

हरेक वर्ष प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको जिल्ला पुनर्निर्माण समितिले द्वन्द्वको बेला क्षति पुगेका संरचनाको पुनर्निर्माणका लागि रकम माग गर्न बैठकबाट निर्णय गरी सिफारिश पठाउँछ तर माथिबाट योजना स्वीकृत हुँदा सिफारिश गरिएका एउटा पनि योजना हुँदैनन्। “नामै

नसुनेका ठाउँमा योजना स्वीकृत भएर आउँछन् । सिफारिश त खाली औपचारिकता मात्र भएको छ" जिल्ला प्राविधिक कार्यालयका लेखापाल घनश्याम रोकायाले भने, "तीन वर्षदेखि पुनर्निर्माण समितिले सिफारिश गरेको एउटा पनि योजना परेको मलाई थाहा छैन ।"

समितिका संयोजक एवं प्रमुख जिल्ला अधिकारी हरि प्याकुरेलले राजनीतिक पहुँचका आधारमा यस्तो हुने गरेको बताए। जिल्लामा कारागार, वनका भवन, गाविस भवन पुनर्निर्माण हुन नसकेको अवस्थामा यसरी समितिको सिफारिश विना योजना दिने प्रक्रिया राम्रो नभएको टिप्पणी गर्दै उनले भने, "मन्त्रालयले कि त सिफारिश अनुसार काम गर्नुपर्‍यो, नभए समिति नै विघटन गर्नुपर्‍यो ।" ■

९ **नारायण ढुंगाना,** चितवन

# बाँदरमुढे विस्फोट नियोजित घटना, दूरगामी असर

बाँदरमुढे बस विस्फोट सम्बन्धी घटनाका बारेमा हाल चलिरहेको राजनीतिक व्याख्या र विश्लेषणले सो घटनालाई सामान्य राजनीतिक गल्तीको रूपमा स्थापित गरेको छ । यसै आधारमा यस घटनालाई पनि द्वन्द्वकालीन अन्य सामान्य घटनाको फेहरिस्तमा राखिएको छ । तर यो घटना द्वन्द्वकालीन अन्य घटना भन्दा भिन्न प्रकृतिको छ । बाँदरमुढे बस विस्फोटको घटनामा परेका पीडितहरूमा देखिएका असरहरूले यस्तै संकेत दिएका छन् ।

१


२


३


४


५


६


१. बाँदरमुढे घटनामा मारिएको स्मृतिमा बनाइएको स्मारक ।
२. घटनामा घाइते भएकी सुस्मिता बिक ।
३. बम विस्फोटबाट क्षतविक्षत भएको बस ।
४. घटनापछि विक्षिप्त भएका चन्द्रबहादुर बिक ।
५. मृतक आफन्तको तस्वीर हेर्दै नमप्रसाद ।
६. घाइते मनकुमारी र उनका छोरा आशिष ।
(तस्वीरहरू: नारायण ढुंगाना)

९ वर्षअघि, चितवनको विकट वस्ती माडीको बाँदरमुढे खोलामा माओवादीका कार्यकर्ताहरूले यात्रुले खचाखच भरिएको एउटा बसलाई शक्तिशाली बमको एम्बुसमा पारेर भयङ्कर विस्फोट गराएका थिए । जो बाँदरमुढे घटना भनेर चिनियो । सरकारी रेकर्ड अनुसार, बाँदरमुढे घटनामा ३८ को ज्यान गयो, ५२ जना घाइते भए । तर, बाँदरमुढे स्मारकमा ३८ जना मृतक र ७५ जना घाइतेको नाम राखिएको छ ।

छतमा र भित्र समेत गरी करीब १३० जना यात्रु बोकेको सो बस अचानक विस्फोटमा पर्दा केही फीट माथि उछिट्टिएर थचारिएको थियो। यति धेरै वजन भएको बसलाई उचालेर पछार्ने शक्ति भएको सो बम चानचुने थिएन। हाल प्राप्त जानकारी अनुसार, सो बमको वजन नै ७० किलोग्राम भन्दामाथि थियो। ठूलै बाकसमा राखिएको सो बम चुरेको खहरेको गेग्यान खनेर लुकाउन नै चार/पाँच घण्टा लागेको थियो । रुण्डै ३०० मीटर टाढासम्म खहरेमा खाल्टो खनेर रिमोट कन्ट्रोलको तार लगिएको थियो । यस काममा माओवादीका चितवन जिल्ला कमिटीका कार्यकर्ताहरू संलग्न थिए। उनीहरूले यो काम हेडक्वाटरकै आदेशमा भएको बताएका छन् । जो सामान्य त्रास फैलाउने राजनीतिक उद्देश्यले मात्र नभएर दीर्घकालीन आतङ्क फैलाउनमा केन्द्रित थियो । घटनामा परी ६ जना बालबालिकाले ज्यान गुमाए भने घाइते भई बाँचिरहेका ७ बालबालिकाले कठोर पीडा झेलिरहेका छन् ।

## बालबालिकामा गम्भीर असर

२३ जेठ २०६२ सोमबार, आफ्नी आमा मनकुमारीसँगै विस्फोटमा परेर बाँचेका आशिष क्षेत्री अहिले १३ वर्षका भए। उनी कक्षा ६ मा पढ्छन् । तर सामान्य बालबालिका जस्ता छैनन् । उनी भन्छन्, “मलाई त जहिले पनि टाउको दु:खिरहन्छ। पढ्न-सम्झन सक्तिनँ।” आशिषको टाउको वरिपरि रिङ लगाएको जस्तो गहिरो घाउको खाटा बसेको छ। भन्छन्, “यही घाउ दु:खेर पढ्न, खेल्न केही गर्न सक्तिनँ।”

त्यस दिन चितवन माडीकी मनकुमारी क्षेत्री आफ्नो चारवर्षे छोरो आशिष क्षेत्रीलाई लिएर माडी–नारायणगढ चल्ने ना १ ख ३२४५ नम्बरको यात्रुबसमा चढिन् । उनी आफ्नो पाठेघरको उपचार गराउन नारायणगढ जान लागेकी थिइन् । त्यो बस बिहान करीब ८:३० बजेतिर बाँदरमुढे खोला तर्न लाग्दा बारुदी धरापमा पर्न गयो। बसमा भएका अन्य यात्रुसहित मनकुमारीका आमा-छोरा उछिट्टिए। उनीहरू दुवैको भेट भरतपुरको पुरानो मेडिकल कलेजमा भयो। त्यहाँ १२ दिनको सघन उपचारपछि मनकुमारीको होश खुल्यो, तर आशिषको होश खुल्न १५ दिन लाग्यो।

आशिषकी आमा मनकुमारी (४५) भन्छिन्, "छोराको हालत खराब छ। म बहिरो बनेकी छु, गर्धन चलाउन सक्तिनँ, ढाड सोझो हुँदैन।" मनकुमारीले उपचार खर्च बापत रु.१२ हजार पाएकी छिन्। उनी न्यूनतम घाइते अपाङ्गको सूचीमा परेकीले रु.४० हजार राहत पाएकी छन्।

तर सरकारी सूचीमा आशिषको नाम भने ३८औं नम्बरको मृतकको सूचीमा राखिएको छ। शान्ति तथा पुनर्निर्माण मन्त्रालयको वेबसाइटमा पनि यिनको नाम मृतकको सूचीमा छ।

यसैले आशिषले न त उपचार खर्च पाए, न घाइतेले पाउने राहत रकम। नियम अनुसार उनले छात्रवृत्ति पनि पाउनुपर्ने थियो, त्यो पाउन पनि कम सकस भएन।

जिल्ला प्रशासन कार्यालय चितवनले ६ पुस २०६४ शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई पत्र लेखेर आशिषको लागि छात्रवृत्ति माग गरेको थियो। तर मन्त्रालयले उनको नाम मृतकको सूचीमा रहेको देखाएर छात्रवृत्ति दिएन।

१४ असार २०६८ मा स्थानीय शान्ति समितिले चितवन जिल्ला प्रशासन कार्यालयलाई पत्र लेखेर आशिषलाई द्वन्द्व पीडित राहत उपलब्ध गराउन सिफारिश गरिदियो। तर केही उपलब्धि भएन। लामो प्रयासपछि मन्त्रालयले आशिषलाई वार्षिक रु.३४ हजार पाउने गरी छात्रवृत्ति दियो। तर उनको नाम भने मृतकको सूचीमै देखा परिरहेको छ।

मनकुमारी भन्छिन्, "छात्रवृत्तिले पढ्ने होइन, राम्रो उपचार नपाएसम्म छोराले पढ्न सक्तैन। जीवनभर दुःख पाउने भो।"

११ महीनाकी छोरी सुस्मितासहित बाँदरमुढे घटनामा परेकी अयोध्यापुरी गणेशगञ्जकी विष्णुमाया विकको भरतपुर अस्पतालमा होश खुल्दा दाहिने खुट्टा भाँचिएको, टाउको फुटेको र दाँत झरेको थियो। नाबालिग सुस्मिताको

घुँडा खुस्किएको थियो। श्रीमती र छोरी गम्भीर घाइते भएपछि चन्द्रबहादुरले मानसिक सन्तुलन गुमाए। विष्णुमाया भन्छिन्, “आफैंलाई ठूलो समस्या छ, आफ्नो छोरीको र श्रीमान्को उपचार गर्नुपर्ने भारी बोक्नुपरेको छ। मगज बिग्रेका श्रीमान्ले कान्छो छोरो मनिषको टाउको फुटाइदिएर अर्को भार थपिएको छ। बाँच्नै मुश्किल छ। कसैको उपचार गर्न सकेकी छैन। हाम्रो दुःख कहिल्यै नसिद्धिने भो।”

विष्णुले पनि रु.४० हजार राहत पाइन् । उनीसँगै घाइते भएकी सुस्मितालाई चाहिं राहत तथा उपचार खर्च दिइएन। विष्णुमाया भन्छिन्, “छोरीको उपचार गर्न सकिएन। त्यही पीर गर्दा डाक्टरले मलाई मानसिक रोगको औषधि खान दियो। प्रेसर बढेपछि छाडें। अहिले पनि भर्खरै देखेको मान्छे चिन्दिनँ, दिमाग दुःखिरहन्छ, बस देख्दा थर्थरी काम छुट्छ। बाँदरमुढे खोला पुग्दा आङ जिरिङ्ग हुन्छ। छोरीको हालत देख्दा अत्यास लाग्छ। अऊ श्रीमान्को त्यो हालत !”

बाँदरमुढे घटनामा पाँच महीनाकी छोरीसहित परेकी खैरहनीकी लक्ष्मी पौडेलको ढाड भाँचिएको थियो। उनकी छोरी प्रसिद्धी बालुवामा पुरिएकी थिइन्। उनीसँगै रहेकी हजुरआमा गोमाको टाउको फुटेको थियो। प्रसिद्धी अहिले ८ वर्षकी भइन् । उनी तनहुँको वाराही बोर्डिङमा ४ कक्षामा पढ्छिन्। उनका बुबा प्रेम भन्छन्, “छोरी त तर्सिरहन्छे, पढ्नै सक्तिनँ। उसबेला चोट लागेको खुट्टा दुखेर हिंड्न पनि सक्तिनँ।” लक्ष्मी र उनकी छोरी प्रसिद्धी घटना पीडित भए पनि उनीहरूको नाम राहत पाउनेको सूचीमा छैन।

विस्फोटमा परी घाइते भएका ६ जना बालबालिका–आशिष क्षेत्री, सुस्मिता विक, प्रसिद्धी पौडेल सहित सुदीप विक, विवेक बराइली र पुजन लामिछाने आदि स्कूल त जान्छन् तर पढ्न, लेख्न र खेल्न सक्तैनन्। तिनको स्थिति सामान्य छैन।

बाँदरमुढे विस्फोटमा थप सात जना बालबालिकाको ज्यान गएको थियो। भरतपुर-५ का दुई वर्षीय आशिष बराइली, अयोध्यापुरीकी दुई वर्षकी सुष्मा कार्की, कल्याणपुरका डेढ वर्षीय रवि तिवारी, झापा घर भई गोपालनगर मावली आएका नौ वर्षकी दीपा र उनकी पाँच वर्षकी बहिनी दीपिका लम्साल, कल्याणपुर-५ का तीन वर्षीय निश्चल सापकोटा र अयोध्यापुरीकै १६ वर्षीय मीना प्रजा ज्यान गुमाउने बालबालिका थिए।

## पीडित मानसिक ट्रमामा

माडी कल्याणपुरका वृद्ध नमप्रसाद घिमिरे गुमेको परिवार सम्झेर अझै टोलाउँछन् । घटनामा परी उनका दुई भाइहरू लक्ष्मीकान्त घिमिरे र पशुपतिनाथ अपाङ्ग भए भने एउटा छोरा विष्णु, छोरी र ज्वाईं, दुई नातिनी र साली समेत ६ जनाले ज्यान गुमाए। परिवारका यति धेरै सदस्य गुमाउनु परेकोले नमप्रसादकी श्रीमती खिमामाया (६२) मा पनि बारम्बार मानसिक असन्तुलन देखा पर्ने गरेको छ ।

छोरा, छोरी, ज्वाईं, नातिनी र साली समेतको मृत्यु भएको, दुई भाइ अपाङ्ग भएका र श्रीमती पनि मानसिक रोगी भएपछि समस्यामा परेका वृद्ध नमप्रसाद भन्छन्, "मेरो त सबै बर्बाद भयो ।"

माडी अयोध्यापुरी-६ बाह्रघरेका तीलबहादुर प्रजाकी बहिनी मीना प्रजा र बुबा फुर्के प्रजा पनि माडी विस्फोटमा परेका थिए । तीलबहादुर सम्झन्छन्, "म छतमा थिएँ, गाडी पड्केर उछिट्टिएपछि पुलमुनि पुगेछु । मेरो ढाड खुस्किएको थियो । बा र बहिनी मरिसकेका थिए । ज्वाईंको आन्द्राभुँडी निस्किएको थियो । त्यो सम्झँदा अहिले पनि मुटु फुल्छ, सास रोकिन्छ र ढल्छु ।"

तीलबहादुरलाई उठबस गर्न गाह्रो हुन्छ। उनले भने, "मर्नेलाई भन्दा बाँच्नेलाई कष्ट हुँदोरहेछ। केही काम गर्न नसक्दा ठूलो निराशा हुँदोरहेछ।"

अयोध्यापुरी-७ की सीता सुवेदी श्रीमान् आत्मराम र छोरी अञ्जली सुवेदीसहित घटनामा परेकी थिइन् । श्रीमान् र छोरी बिते, उनी आफैं घाइते छिन् । २३ जेठ २०७१ बाँदरमुढे घटनाको १०औं वार्षिकीको दिन घटनास्थलमा भेटिएकी सीताले भनिन्, "बाँदरमुढे खोलामा आउँदा मेरो मुटु काँप्छ । गुमाएको परिवारको सम्झना आउँदा होश नै हराउँछु ।" श्रीमान् आत्मराम सुवेदी र छोरी अञ्जलीलाई सदाका लागि गुमाएकी सीताले राहत रकम पनि पाइनन् । सीताले २१ साउन २०६९ मा द्वन्द्व पीडित भनेर प्रमाणित गरे पनि अहिलेसम्म उपचार खर्च तथा राहत पाएकी छैनन् । भन्छिन्, "सरकारले लावारिस जस्तो बनाइदिंदा झन् कष्ट हुँदोरहेछ ।

बुहारी रेनु र नाति आशिष गुमाएका अनि अर्को घाइते नाति पालेर बसिरहेका भरतपुर-५ लंकुका ७६ वर्षीय वृद्धा मानबहादुर बराइलीले बुहारी र नाति आशिषको नाममा डेढ/डेढ लाख रुपैयाँका दरले राहत पाएको बताए। तर घाइते नाति विवेकका लागि भने उपचार खर्च पनि पाएनन् । श्रीमती र एउटा छोरो गुमाएका र अर्को छोरो घाइते भएपछि मानबहादुरका

छोरा प्रेम बराइली घर छाडेर विदेश गए। मानबहादुरले बताए, "मृतकको र घाइतेको नामको राहत लिन दौडधुप गर्न घर आएको थियो। पाँच महीना लगाएर सबै कागज बुझाउँदा पनि राहत पाइएन। अनि विरक्तिएर फेरि विदेश गयो। धेरै वर्ष भइसक्यो, फर्किएको छैन। म बूढो मान्छे घाइते नाति स्याहारेर बसिरहेको छु।"

बाँदरमुढे विस्फोटमा परेका कल्याणपुर-४ का ईश्वरीप्रसाद पौडेल दम्पती दुवैले मानसिक समस्या भोगिरहेका छन्। उनीहरूले दु:खेसो गरे, "घटनामा परे पनि प्रशासनले कागज बनाइदिएन। नक्कली द्वन्द्वपीडित भनेर दु:ख दिए। सिडिओ गणेशराज कार्कीकहाँ उजुरी गरें। उनले भूलचुक भएको भने तर केही गरेनन्। अहिले त फाइलै हरायो भन्छन्।" पौडेलले २०६२ सालमा पहिलो फाइल पेश गरेका थिए। त्यसको कुनै सुनुवाइ नभएपछि ११ जेठ २०६५ मा थप प्रमाण राखेर अर्को फाइल पेश गरे। त्यो फाइल पनि हराएपछि २०६६/६७ मा स्थानीय शान्ति समिति मार्फत अर्को फाइल पेश गरे। तैपनि सुनुवाइ भएन। उनी दु:खेसो पोख्छन्, "३१ साउन २०६८ मा प्रमाण पुऱ्याएर पेश गरेको फाइलका १४ प्रमाणमध्ये ११ प्रमाण प्रशासनबाटै हराइदिएछन्।" तैपनि उनले प्रयास छोडेनन्। २३ माघ २०६९ चितवन प्रशासनले फाइल मन्त्रालय पठाएको छ, त्यहीं जानू भनेर १०/६१० को चलानी नम्बर दियो। त्यो लिएर उनी ८ माघ २०७० मन्त्रालय पुगे। मन्त्रालयका कर्मचारी मानप्रसाद श्रेष्ठले कुनै फाइल नआएको जानकारी दिएपछि उनी झस्किए। उनी भन्छन्, "राहतका लागि दौड्दादौड्दै रु.३० हजारभन्दा बढी खर्च भयो। मलाई त पागलै बनाइदिए।"

११ असार २०६८ मा चितवनको भरतपुर अस्पतालमा जँचाउँदा डा. महेन्द्रराज न्यौपानेले पौडेललाई 'पोष्ट ट्रमाटिक स्ट्रेस डिसअर्डर' भन्ने लक्षण देखाएर औषधि खुवाइरहेका छन्। यो रोग मानसिक बिरामीहरूलाई हुने गर्छ।

माडी कल्याणपुर-५, कीर्तनपुर देवीकोटका ५४ वर्षका पूर्णबहादुर घर्ती जिसी घटनाका बेला बसको हुटमा बसेर यात्रा गरिरहेका थिए। अस्पतालमा ८ दिनपछि उनको होश आएको थियो। उनको करङ तीन ठाउँमा भाँचिएर भित्र रगत जमेको थियो। गोलीगाँठो पनि फुटेको थियो। भन्छन्, "उपचार गराउँदा रु.३ लाख जति खर्च भयो। उपचारका निम्ति साढे १० कट्ठा जमीन बेचिसकें। सरकारले केही दिएन। अब असक्त भएपछि घरखर्च चलाउनै धौ-धौ छ, म त ज्यादै निराश छु।"

श्रीमती बुद्धि जीसीले भनिन्, "घटना हुँदा जेठी छोरी सम्झना १२ कक्षाको जाँच दिएर बसेकी थिई । बुबा घटनामा परेपछि उसको पढाइ अगाडि बढाउन सकिएन, ठूलो छोरा अशोकले बीएको पढाइ छोड्नु पऱ्यो ।

### खाटाभित्रको पीडा

अयोध्यापुरी-२ देवेन्द्रपुरका लेखनाथ अधिकारी 'कृष्ण' बाँदरमुढे घटना पीडित समितिका उपाध्यक्ष हुन्। छतमा रहेका बेला बम विस्फोटमा परेका उनी होशमा आउँदा भोलिपल्ट बिहान सैनिक अस्पताल छाउनीमा थिए । ढाड र दुईवटै खुट्टा भाँचिएर गम्भीर चोट लागेका उनी २४ दिन आर्मी अस्पतालमा बसे । ८ महीना बेडरेष्ट, डेढ वर्ष ह्वीलचेयर, चार वर्ष बैसाखीमा बिताएका उनको उपचारमा रु.६ लाख खर्च भएको छ । तर, सरकारले उपचार खर्च दिएको छैन ।

उनी अहिले जेनतेन हिंडडुल गर्न सक्छन् । तर काम गर्न सक्दैनन् । गह्रुँगो सामान उठाउन सक्दैनन् । भन्छन्, "सुत्ने बेला सास फेर्न गाह्रो हुन्छ । देब्रे गोलीगाँठोमा राखिएको स्टीलले दुखाउँछ । छातीको देब्रे करङ पनि उठेको छ, त्यो सधैं दुखिरहन्छ ।" अधिकारीले दुःखेसो गरे, "औषधि खाँदाखाँदा आमाशय नै बिग्रिसकेछ । धेरै सम्पत्ति बेचिसकें, अब त केही उपाय छैन ।"

शान्ति समितिका अनुसार बाँदरमुढे स्मारकमा नाम खोपिएका घाइतेमध्ये ४५ जनाले कुनै राहत पाएका छैनन् । मृतकमध्ये चितवन घर भएका दुई जनाका परिवारले तोके अनुसार राहत पाएनन् भने दुई जनाले राहत लिए/नलिएको कुनै रेकर्ड छैन ।

### आत्महत्यासम्म...

बाँदरमुढे विस्फोटमा परेकाको उद्धार गर्दा अयोध्यापुरी-२ का गंगाबहादुर गुरुङको विस्फोटका कारण टाउकोमा चोट लागेको थियो । तर, उनले उपचार गराएनन् । उनले डेढ वर्षसम्म घटनाको चर्चा गरिरहँदा पछि एकोहोरो हुँदै गए । केही समयपछि दिमागी सन्तुलन गुमाए । श्रीमती श्रीमाया गुरुङले भनिन्, "बाँदरमुढे भन्दाभन्दै उनको दिमागै बिग्रिएछ । धादिङको भसेरीमा बसेका उनको बुबाको मृत्यु हुँदा काजकिरिया गर्न गएका बेला बेसुरमै कात्तिक २०६४ मा बूढीगण्डकीमा हामफालेर आत्महत्या गरे । गंगाबहादुरकी वृद्धा आमा लालश्रीले भनिन्, "बाँदरमुढे भन्दाभन्दै छोरो

बहुलायो र गण्डकीमा हामफाल्यो । बाँदरमुढेले कतिको के हालत गर्ने हो, भन्न सकिँदैन ।"

**समाधान के छ ?**


बाँदरमुढे घटना पीडित समितिका उपाध्यक्ष लेखनाथ अधिकारी 'कृष्ण' भन्छन्, "पीडितलाई उचित न्याय दिने काम सरकारले गर्नुपर्छ । अहिले त घाउ, चित्तदुखाइ र केही मागको लागि केही गर्दा पनि द्वन्द्वको पीडालाई मत्थर पार्दै लैजान सजिलो पर्छ । तर समय घर्किँदै गएपछि, पीडा बल्झँदै जान सक्छ ।"

राहत नपुगेकालाई राहत, उपचार नपुगेकालाई उपचार र स्याहार नपुगेकालाई स्याहार पुऱ्याउने व्यवस्था सरकारका तर्फबाट हुनसके समाधानको मार्ग पहिल्याउन गाह्रो हुने छैन । ■

६ **पी.टी. लोप्चन,** खोटाङ

# जातीय भूगोलको राजनीति नेतालाई लाभ, जनतालाई सास्ती

पञ्चायतकालमा राजनीतिक लाभका लागि जातीय आधारमा भूगोलको बाँडफाँड गर्दा ओखलढुंगा, सोलुखुम्बु र खोटाङ जिल्लाका सीमा परिवर्तन गरिए । त्यसबाट नेताहरूले त लाभ उठाए, तर नागरिकहरू अहिलेसम्म पनि विचल्लीमा परेका छन् । राज्य पुनर्संरचना गर्ने अभियानमा लागेका संविधानकर्मीहरूले अब पनि जातीय आधारमा भूगोलको विभाजन गरे भने त्यसको परिणाम पनि जनताले कष्ट उठाएरै तिर्नुपर्ने किसिमको हुन सक्छ ।













१. खोटाङ जिल्लाको राजनीतिक नक्शा ।

२. खोटाङ जिल्लाको उत्तरतर्फको पहाडी भेग ।

३. प्रमाणहरूको थुप्रोमा ।

४. प्रेमकुमार राई ।

(तस्वीरहरू: पी.टी. लोप्चन)

देश, भूगोल र नागरिक उही; तर परिचय परिवर्तन । पहिले पूर्व ३ नम्बरका नागरिकहरू, त्यसपछि ओखलढुंगे अनि सोलुखुम्बु निवासी त अहिले खोटाङे । यी सीमा पीडित नागरिकहरू भन्छन्, “हाम्रो केही फेरिएन, तर भौगोलिक परिचय फेरिइरह्यो । दुःख र झमेला बढिरह्यो । कागज र प्रमाणपत्र फेर्दै जीवन बित्न लाग्यो । अब राज्य पुनर्संरचना हुँदा कुन चाहिं नयाँ परिचयको फुर्को भिर्नुपर्ने हो, केही थाहा छैन ।”

हालको सोलुखुम्बु, खोटाङ र ओखलढुंगा जिल्लाका भू-भागहरू राणा शासनकालमा पूर्व ३ नम्बर भनेर चिनिन्थे । पञ्चायती शासन आएपछि, १ वैशाख २०१८ सालमा नेपाललाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन गरियो । त्यस विभाजनमा पूर्व ३ नम्बरलाई ओखलढुंगा, सोलुखुम्बु र खोटाङ जिल्लामा विभाजन गरियो । यसरी भौगोलिक पुनर्संरचना गर्दा रावाखोलाभन्दा उत्तरका १५ गाउँहरू सोलुखुम्बु जिल्लामा पर्न गए । यहाँका ओखलढुंगेहरू सोलुखुम्बु जिल्लावासी भए । २०३२ सालमा सोलुखुम्बु र खोटाङ जिल्लाको भू-भाग हेरफेर गरियो । त्यसपटक ओखलढुंगाबाट सोलुखुम्बुमा सरेका १५ गाउँमध्येका १० गाउँ– दिप्सुङ, राखावाङदेल, बाकाचोल, ऐंसेलुखर्क, जलेश्वरी, महेश्वरी, डुम्रे धारापानी, दुवेकोल, माक्पा र ज्यामिरेलाई खोटाङ जिल्लामा पारियो ।

## सिफारिशः नयाँ परिचय

ओखलढुंगाबाट सोलुखुम्बु हुँदै खोटाङमा सारिएका १० गाविसहरूको परिचय पुनः बदलिने प्रस्ताव आएको छ। राज्य पुनर्संरचना सुझाव उच्चस्तरीय आयोगको प्रतिवेदन–२०६८ को सुझाव अनुसार राज्यको पुनर्संरचना हुने हो भने हालको खोटाङ जिल्लाको ७६ वटै गाविस किराँत प्रदेशमा पर्नेछन् ।

आयोगको सुझाव प्रतिवेदन अनुसार भोजपुर, खोटाङ, सिन्धुली, उदयपुर, सुनसरी, ओखलढुंगा, धनकुटा, संखुवासभा र सोलुखुम्बु जिल्लाका केही भू-भागलाई मिलाएर किराँत प्रदेश बनाइनेछ । जसमा भोजपुरका ६३, ओखलढुंगाका ३२, संखुवासभाका १८, धनकुटाका १४, सोलुखुम्बुका २४, उदयपुरका २९ र सुनसरी तथा सिन्धुलीका ३/३ वटा गाविस समेटिने

भनिएको छ। संघीय राज्यमा स्थानीय तहको इकाई मुकाम कहाँ-कहाँ रहने भन्ने केही उल्लेख नभए पनि धनकुटालाई किराँत राज्यको राजधानी बनाउने प्रस्ताव गरिएको छ। यस प्रस्ताव बमोजिम राज्यहरू गठन भएमा २०१८ सालअघिका पूर्व ३ नं. ओखलढुंगा अन्तर्गतका भू-भागहरू एउटै राज्यभित्र पर्नेछन्। धनकुटाले पुरानै प्रशासनिक परिचय पाउनेछ।

### विभाजनको राजनीति

नागरिकलाई सेवा दिन र प्रशासनिक कार्यलाई सरल बनाउन राजनीतिक भू-भाग परिवर्तन गर्न उचित हुने तर्क सुनिन्छ। तर त्यसले जनतालाई अहिलेभन्दा बढी के लाभ दिन्छ भन्ने आकलन गर्ने बेला भएको छ। हचुवाको भरमा भूगोल यताउता पार्दा त्यसले नागरिकलाई सास्ती दिने गरेका उदाहरण धेरै छन्। पहिलेको पूर्व ३ नम्बरभित्र पर्ने ओखलढुंगाको रावाखोला उत्तरका गाउँलाई २०३२ सालमा सोलुखुम्बुबाट झिकेर खोटाङ जिल्लामा गाभिदिंदा स्थानीय जनताले झेलेको झमेलाको चाङ ठूलो छ। लेखापढी व्यवसाय गर्ने प्रेमबहादुर राई सम्झन्छन्, "२०२८ सालमा सोलुखुम्बु जिल्ला पञ्चायतका सभापति लामा पासाङ शेर्पा र उपसभापति नन्दराज राई थिए। लामा पासाङ शेर्पा गाउँफर्क राष्ट्रिय अभियानको सदस्यमा मनोनीत भएपछि उपसभापति नन्दराज राई कार्यवाहक जिल्ला सभापति भए। यही मौका पारेर राईले सोलुखुम्बु जिल्लाको सदरमुकाम 'सल्लेरी' सबैका लागि पायक नपरेको भन्ने किचलो झिकेर हालको नेले गाउँ विकास समितिको घुम्नेपानीमा सदरमुकाम सार्ने प्रस्ताव ल्याए। त्यस प्रस्तावलाई ग्यालरी बैठकमा निर्णयार्थ लैजाने निर्णय पनि जिल्ला पञ्चायतबाट पारित गराए।

तर राईले ल्याएको सदरमुकाम सार्ने प्रस्ताव, तत्कालीन राष्ट्रिय पञ्चायतका सदस्य आङदण्डी लामा (शेर्पा) लाई चित्त बुझेन। उनी त्यस भेगका पञ्चायती हर्ताकर्ता थिए। सल्लेरीमा सदरमुकाम नरहँदा एकछत्र शासन गर्ने उनको राजनीतिक दुनो धरापमा पर्ने भएकोले उनले गैर-शेर्पा समुदायको बाहुल्य भएको १५ वटा गाउँ (हाल १० गाविस) लाई सोलुखुम्बुबाटै छुट्याइदिने योजना बनाए। लगातार ११ वर्षदेखि राजनीतिमा ढलीमली गरिरहेका आङदण्डी लामा (शेर्पा) को समर्थनमा शेर्पा समुदायबाट अञ्चलाधीश बनेका छिरिङ तेन्जिङ लामा (शेर्पा) पनि उभिए। यी दुईले अन्ततः २०३२ सालमा ती गाउँहरूलाई सोलुखुम्बुबाट झिकेर खोटाङ जिल्लामा हालिदिए।

रावाखोला उत्तरका गैर-शेर्पा समुदायका यी गाउँहरू खोटाङ जिल्लामा पारिदिंदा सोलुखुम्बु जिल्ला पञ्चायतमा शेर्पा जातिको हालीमुहाली कायम हुन्थ्यो । फलतः आङदण्डी लामाले राष्ट्रिय पञ्चायत सदस्यमा जितिरहन पाउँथे। यता खोटाङमा पनि गैर-शेर्पा समुदायका १५ गाउँ थपिंदा जिल्लाले राष्ट्रिय पञ्चायतमा दुई सदस्य पाउँथ्यो। त्यसमा आफू पर्ने मनोकांक्षा राखेर राष्ट्रिय पञ्चायत सदस्य डिल्लीशेर राई खोटाङमा सक्रिय थिए।

महेश्वरी गाउँ पञ्चायतका तत्कालीन प्रधानपञ्च भक्तबहादुर राई भन्छन्, "१५ वटा गाउँ सोलुमा राख्दा जिल्ला पञ्चायत र राष्ट्रिय पञ्चायतमा राई समुदायले कब्जा जमाउन सक्थे । त्यसलाई हटाइदिंदा शेर्पा समुदायका आङदण्डी लामा २०३६ सम्म राष्ट्रिय पञ्चायतको सदस्यमा निर्वाचित हुन पाए ।

सोलुखुम्बु जिल्लामा कुल जनसंख्यामध्ये ३२ प्रतिशत किराँती छन् भने शेर्पा जातिको जनसंख्या दोस्रो स्थानमा आउँछ। रावाखोला उत्तरका गाविस खोटाङमा नसारिएको भए यस जिल्लामा राई जातिको बहुमत हुन्थ्यो ।

यसरी सीमा हेरफेर गर्दा राजनीति गर्नेको अभीष्ट त पूरा भयो तर नागरिकले ठूलो सास्ती पाए। महेश्वरी गाविसकी निवर्तमान अध्यक्ष गुप्तीलक्ष्मी राई भन्छिन्, "सीमा यताउता पारेपछि आङदण्डी लामा कीर्तिनिधि विष्टको सरकारमा वन सहायक मन्त्री बने। तर हामीले भने आज पनि दुःख पाइरहेका छौं।"

२०३७ सालको जनमत संग्रहपछि लागू भएको सुधारिएको पञ्चायती व्यवस्थामा, राष्ट्रिय पञ्चायतको सदस्य हुन बालिग मतदाता मार्फत प्रत्यक्ष निर्वाचित हुनुपर्ने भयो । राष्ट्रिय पञ्चायतको प्रभाव बढ्यो । जिल्ला पञ्चायतको प्रभाव र भूमिका घट्यो । त्यसैले २०३८ सालको राष्ट्रिय पञ्चायत सदस्यको निर्वाचनमा सोलुखुम्बुबाट तत्कालीन अञ्चलाधीश छिरिङ तेन्जिङ लामा र आङदण्डी लामाबीच प्रतिस्पर्धा हुँदा आङदण्डी पराजित भए। यसपछि उनको राजनीति अन्त्य भयो। विजेता छिरिङ तेन्जिङ लामाले पाँच वर्षसम्म शासन गरे । तर २०४३ मा भएको राष्ट्रिय पञ्चायत सदस्य निर्वाचनमा राई समुदायका भूपाल किराँतीले जिते। जिल्लामा शेर्पा समुदायको हातबाट शासन खोसियो ।

महेश्वरीका तत्कालीन प्रधानपञ्च भक्तबहादुर राई भन्छन्, "राईहरूको जनसंख्या अन्य जातिको भन्दा बढी त थियो, तर राई जातिको भोटले मात्र जित्न सक्ने अवस्था थिएन। त्यसैले सोलुखुम्बुमा शेर्पा जातिले २४ वर्षसम्म

शासन गर्दा शक्तिको दुरुपयोग गरेको कुरा उठाएर गैर-शेर्पा समुदायले भूपाल किराँतीको पक्षमा मतदान गरे।"

**राजनीतिक दाउपेच**

जातीय समीकरणको आधारमा सोलुखुम्बुमा २०१७ सालदेखि एकलौटी शासन गर्दै आएका शेर्पा जातिले २०४३ सालमा आएर शासन गुमाए। रावा उत्तरका १५ गाउँ खोटाङमा गाभिएपछि यस जिल्लामा न शेर्पाको न त राईको बहुमत कायम रह्यो। सोलुखुम्बु नेलेका कान्तिप्रसाद गुरुङ भन्छन्, "मान्छेहरू एकजातिको शासनबाट अघाइसकेका थिए, राजनीतिक चेतना पनि बढिरहेको हुनाले परिवर्तन खोजेर राई जातिलाई जिताइदिए।"

२०४३ मा गुमाएको शासन शेर्पा जातिले आजसम्म फिर्ता गर्न सकेका छैनन्। २०४६ सालमा बहुदलीय व्यवस्था आएपछि, पहिलो पटक भएको प्रतिनिधिसभा सदस्य निर्वाचन २०४८ मा सोलुखुम्बु, ओखलढुंगा र खोटाङको तीनवटै जिल्लामा नेपाली कांग्रेस विजयी भयो।

यी तीन जिल्लामा पञ्चायत विरुद्ध नेपाली कांग्रेसले गरेको सशस्त्र क्रान्तिको प्रभाव व्यापक थियो। १ पुस २०३१ सालमा दुई दर्जनभन्दा बढी योद्धाहरू मारिने गरी भएको टिमुरबोटे हत्याकाण्ड सोलुखुम्बुको तिङ्लामै भएको थियो। ओखलढुंगा सदरमुकाम कब्जा गर्ने योजना अनुसार पूर्व क्याप्टेन यज्ञबहादुर थापाको नेतृत्वमा गएको एक टोली टिमुरबोटेको जङ्गलमा बास बसेको बेला सरकारी सेनाले घेरा हाली गोली चलाउँदा दुई दर्जन योद्धा मारिएका थिए। पक्राउ परेका क्याप्टेन यज्ञबहादुर थापा र भीमबहादुर श्रेष्ठलाई २६ माघ २०३५ सालमा सरकारले फाँसी दिएको थियो। यही इतिहासको बलमा नेपाली कांग्रेसले २०४८, २०५१ र २०५६ मा भएको निर्वाचनमा तीनवटै जिल्लामा जीत पाइरह्यो।

२०६४ मा भएको संविधान सभा निर्वाचनमा ओखलढुंगाबाट केशव राई र बालकृष्ण ढुंगेल, सोलुखुम्बुबाट गोपाल किराँती, खोटाङबाट रामकुमार राई र समिता (अस्मिता) कार्की गरी एकीकृत नेकपा माओवादीका उम्मेदवारले जिते।

पहिलो संविधानसभाले नयाँ संविधान जारी गर्न नसकेपछि २०७० मा भएको दोस्रो संविधानसभाको निर्वाचनमा तीनवटै जिल्लाबाट एमाओवादी बढारिए। सोलुखुम्बुमा नेपाली कांग्रेसका बलबहादुर केसी सत्तामा फर्किए। ओखलढुंगाको क्षेत्र नं. १ मा नेपाली कांग्रेसको किल्ला तोडेर एमालेका

यज्ञराज सुनुवार आए । क्षेत्र नं. २ मा भने नेपाली कांग्रेसका रामहरि खतिवडाले जिते । खोटाङको दुवै क्षेत्रमा एमालेका विशाल भट्टराई र पिके राईले जिते ।

## शून्य विकास

राखावाङदेलका ज्ञानबहादुर भट्टराईले गुनासो गरे, "खोटाङमा गाभिएको ४० वर्ष पुगे पनि हामीलाई राजनीतिक दलका प्रतिनिधिहरूले भोटका बेला मात्र सम्झन्छन् । हाम्रा १० वटै गाउँमा जिल्लास्तरीय नेता पनि छैनन् । राजनीतिक पहुँच नभएपछि ओझेलमा परिने नै भयो ।"

खोटाङका पुराना गाविसहरू सडकसँग जोडिएका छन् । उत्तरीभेगका जाल्पा, माक्पा र ऐंसेलुखर्क, वाकाचोल र जलेश्वरीलाई सडकले थोरै छोए पनि बाँकी ६ गाविसमा सडक छैन । ऐंसेलुखर्क र माक्पा गाविस पनि सोलुखुम्बुको जुबु र लोखिमका लागि सडक बनाउँदा लाभान्वित भएको हो । सोलुखुम्बुको नेचा, पञ्चन, जुबु र लोखिम सडकले जोडिंदा पारि खोटाङको जलेश्वरी, महेश्वरी, दुवेकोल तथा ज्यामिरेबेसी भने गोरेटोमै छन् । ज्यामिरेकी अनिता राईले भनिन्, "दूधकोशीपारि गाडी गुड्छन्, हाम्रोतिर मान्छे हिंड्ने गोरेटो पनि बनेको छैन ।"

## नागरिक झन्झटमा

यस भेगमा राई जाति राजनीतिमा टिकिरहे पनि शेर्पाहरू भने ओझेलमा परे । राजनीतिक परिवर्तनसँगै एकपछि अर्को शक्ति उदाउँदै अस्ताउँदै गरे पनि ओखलढुंगा र सोलुखुम्बुबाट खोटाङमा सारिएका नागरिकहरूको पीडामा मल्हम लगाउने काम भने कसैले गरेनन् ।

खोटाङमा सारिएका नागरिकहरूले आफूहरूलाई पुनः सोलुखुम्बु जिल्लामै फर्काइयोस् भनेर लगातार संघर्ष गर्दै आइरहेका छन्। जलेश्वरीका रामकुमार राई भन्छन्, "प्रशासनिक काम गर्न सदरमुकाम जानुपर्छ, हामीलाई सोलुखुम्बुकै सदरमुकाम नजिक पर्छ।" महेश्वरी गाविसका निवर्तमान अध्यक्ष गुप्तीलक्ष्मी राई भन्छिन्, "खोटाङको नवौं जिल्ला परिषद्मा हामीलाई पुनः सोलुखुम्बुमै राखी पाऊँ भनेर प्रस्ताव लग्यौं, अध्ययन टोली निर्माण गरिनेसम्मको कुरा भयो, अहिले सेलायो ।"

बाकाचोलका तत्कालीन उपप्रधानपञ्च भन्छन्, "सोलुखुम्बुको लोखिम र जुबुमा दुर्गम भत्ता पाउने हुँदा शिक्षक तथा कर्मचारीहरू उतै जान्छन् ।

दुर्गम जिल्ला भनेर संघसंस्थाको सहयोग पनि सोलुमै बढी छ । खोटाङ जिल्ला २०३२ सालमै सुगम जिल्ला घोषणा भएको हो । तत्कालीन राष्ट्रिय पञ्चायतका सदस्य डिल्लीशेर राईले यो काम गराएका थिए । यो दुर्गम ठाउँ हो, तर भत्ता नपाइने भएकोले कर्मचारी र शिक्षक आउनै मान्दैनन् । आइहाले पनि सरुवा गराइहाल्छन् ।"

वास्तवमा रावाखोला उत्तरका गाउँहरू अत्यन्त दुर्गम र पिछडिएका छन् । मयूर निमावि महेश्वरी-१ की शिक्षिका निलु थुलुङ भन्छिन्, "सोलुखुम्बु जिल्लाका नागरिकहरू खोटाङमा गाभिएका हुनाले उनीहरू घरकी नयाँ बुहारी जस्ता भएका छन् ।" जलेश्वरीका तत्कालीन उपप्रधानपञ्च बलभद्र राई थप्छन्, "खोटाङमा नयाँ नागरिक बनेपछि जिल्लाका प्रशासनिक केन्द्रहरू र राजनीतिक प्रतिनिधि चिन्न नै धेरै समय लाग्यो । त्यसको प्रत्यक्ष असर विकास निर्माणदेखि शिक्षा लगायतका सबै क्षेत्रमा पर्न गयो ।"

**पुरानो खोटाङ र पछि गाभिएका गाविसहरूको शैक्षिक अवस्था**

| खोटाङ जिल्लाका ७६ गाविसका विद्यालय संख्या | | विद्यालय र गाविसको अनुपात | गाभिएका १० गाविसको विद्यालय संख्या | विद्यालय र गाविसको अनुपात |
|---|---|---|---|---|
| उच्च मावि | ३१ | ०.४० | ३ | ०.३० |
| मावि | ५७ | ०.७५ | ७ | ०.७० |
| निमावि | ८९ | १.१७ | ११ | १.१० |
| प्रावि | ३१८ | ४.१८ | ३५ | ३.५० |
| जम्मा विद्यालय | ४९५ | | ५६ | |

*स्रोतः जिल्ला शिक्षा कार्यालय, खोटाङ*

### औषधि उपचारको अभाव

खोटाङमा पछि गाभिएका गाविसहरूमा सडक सञ्जाल छैन। खोटाङका ७६ वटा गाविसमा ५८५ किलोमिटर सडक निर्माण भएको छ । जसमा १६८ किलोमिटर सडक मध्यपहाडी राजमार्ग र सगरमाथा राजमार्गमा परेको छ । तर रावाखोला उत्तरका गाविसहरू भने सडकले छुने प्राथमिकतामा

परेका छैनन् । खोटाङका ६० गाविसमा सडक यातायात पुगेको छ । उत्तरका १६ वटा गाविसमा सडकै छैन । यी १६ गाविसमध्ये ६ गाविस पछि गाभिएका हुन्। जिल्ला सडक गुरुयोजना अनुसार आगामी पाँच वर्षभित्र थप ४४७ किलोमिटर सडक खनिसक्दा मात्र यी १६ गाविसहरू सडक सञ्जालसँग जोडिने छन् ।

यी १० गाविसहरू हालसम्म उपस्वास्थ्य चौकीकै भरमा छन् । ऐंसेलुखर्कमा रहेको प्राथमिक स्वास्थ्य केन्द्र बाहेक ९ वटा गाविसमा उपस्वास्थ्य चौकी मात्र छन् । जिल्लामा ४९ उपस्वास्थ्य चौकी, २४ स्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य केन्द्रसहित एउटा जिल्ला अस्पताल छ । जिल्ला स्वास्थ्य कार्यालय खोटाङले पाँचवटा उपस्वास्थ्य चौकीलाई स्तरोन्नति गर्ने योजना राखेको छ। तर रावाखोला उत्तरका १० गाविसका कुनै पनि स्वास्थ्य चौकीलाई स्तरोन्नति गर्ने योजना राखेको छैन। यसअघि ८ वटा उपस्वास्थ्य चौकीलाई स्तरोन्नति गरेर स्वास्थ्य चौकी बनाउँदा पनि रावाखोला उत्तरका एउटा उपस्वास्थ्य चौकीलाई स्तरोन्नति गरिएन ।

खोटाङ जिल्लामा १३ वटा बर्थिङ सेन्टरहरू छन् । रावा उत्तरका १० गाविसलाई एउटै मात्र बर्थिङ सेन्टर दिइएको छ। बाकाचोल-३ की कमला तामाङ भन्छिन्, "हाम्रो उपस्वास्थ्य चौकीमा सिटामोल पनि हुँदैन, बर्थिङ सेन्टरमा डाक्टर हुँदैन। सातुसामल बोकेर सदरमुकाम पुग्न नसके रोग बोकेरै बस्नुपर्छ।"

## बालबालिका उपेक्षित

यस भेगका शैक्षिक संस्थाहरू पनि उपेक्षित छन् । जलेश्वरी र महेश्वरी गाविसमा २०१९ सालमा स्थापना भएको विद्यालय हालसम्म प्रस्तावित माविको रूपमै छ । यताका १० गाविसमा तीन वटा उच्च मावि छन् । तिनीहरू धेरै टाढा परेकाले बालबालिकाहरू उच्च शिक्षाका लागि सोलुखुम्बु जाने गरेका छन् । बाकाचोल र ऐंसेलुखर्कका गाविसका लागि ऐंसेलुखर्कमा र माक्पा, दुवेकोल तथा डुम्रेधारापानीका लागि माक्पा र डुम्रेधारापानीमा उच्च माविको व्यवस्था भए पनि जलेश्वरी, महेश्वरी र ज्यामिरेका विद्यार्थीहरू उच्च शिक्षा अध्ययनका लागि सोलुखुम्बुको जुबु, पञ्चन र नेचामा खुलेका उच्च माविहरूको भर पर्दै आएका छन् । राखाबाङदेल र दिप्सुङका विद्यार्थीहरू भने छिमेकी गाविस बाक्सिलाको उच्च माविमा पुगेका छन्। खोटाङको जलेश्वरी, महेश्वरी र ज्यामिरेबाट छिमेकी

### घर र आँगन दुई जिल्लामा

नागरिकको हित नहेरी जिल्लाको सीमा लगाउँदा एउटै आँगन समेत दुई जिल्लामा परेको छ। काउले टोलवासी सोलुखुम्बुको जुबु गाविसको वडा नं.२ र खोटाङको जलेश्वरी गाविसको वडा नं. ६ दुवैमा पर्दछन्। यहाँका राजन गिरीको घर जलेश्वरी ६ खोटाङमा पर्दछ भने आँगन जुबु २ सोलुखुम्बुमा पर्दछ। खोटाङको जलेश्वरी र सोलुखुम्बुको जुबुको सीमानामा रहेका ६ घर गिरी परिवार बसाईं सरेर गइसके। यस क्षेत्रका अरू नागरिक पनि ओझेलमा परेको भनेर बसाईं गइरहेका छन्। बसाईं सरेर सुनसरीको तरहरा पुगेका बुद्धिलाल गिरीले फोनमा भने, “नमिल्ने सीमा लगाइदिएर हामीलाई तितरबितर पारिदिए, कति दुःख भोग्नु, बास छोडेर तराई आयौं।” ■

जिल्ला सोलुखुम्बुका विभिन्न विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको संख्या सयको हाराहारीमा छ। सोलुखुम्बुको हिमालदर्शन उच्च मावि नेचामा अध्ययनरत महेश्वरीकी कोपिला थुलुङ भन्छिन्, “हाम्रो ठाउँमा उच्च मावि छैन, हामी यतै आउने गरेका छौं।” जलेश्वरी र महेश्वरीबाट नेचामा अध्ययन गर्न आउने विद्यार्थीको संख्या ५० भन्दा माथि छ।

आफ्नो जिल्लाको उच्च माविभन्दा छिमेकी जिल्लाको उच्च मावि नजिक भए पनि डेरा नलिई पढाइ गर्न सकिँदैन। महेश्वरीकी मन्दिरा गिरीले भनिन्, “परिवारले घरबाहिर बसेर पढ्ने स्वतन्त्रता नदिंदा एसएलसीभन्दा माथिको पढाइ अघि बढाउन नसक्नेहरू प्रशस्त छन्। घरबाहिर राखेर पढाउँदा खर्च बढी पर्छ। त्यसैले सामान्य नागरिकका छोराछोरीले एसएलसीभन्दा माथि पढ्न पाउँदैनन्।” शिक्षिका नीलु थुलुङ भन्छिन्, “यहाँ एसएलसी गर्नेहरू प्रशस्त छन् तर उच्च शिक्षा पढेका भेट्टाउन गाह्रो छ।”

### सञ्चार शून्य

यहाँ सञ्चारमाध्यम पनि छैनन्। सोलुखुम्बुको जुबु र काँगेलमा नेपाल टेलिकमको टावर छ। यता बाकाचोल, दिप्सुङ र राखाबाङदेलमा भने कुनै किसिमको सञ्चारको पहुँच छैन। ऐंसेलुखर्क, जलेश्वरी, महेश्वरी र ज्यामिरेका बासिन्दा सोलुखुम्बुमा ठडिएका टावरको भर पर्छन् भने दुवेकोल,

माक्पा र डुम्रेधारापानीका बासिन्दा ओखलढुंगाको सञ्चारमा आश्रित छन् ।

खोटाङको सदरमुकाम दिक्तेलमा रेडियो रूपाकोट र हलेसी एफएम छ, तर यी रेडियोको तरंग यी गाउँमा पुग्दैन। यहाँका नागरिकले सोलुखुम्बुको रेडियो सुनेर देश-विदेशका घटना थाहा पाउँछन् । यिनको आवाज खोटाङ र सोलुखुम्बुका रेडियोहरूले समेट्दैनन् । जनज्योति प्रावि काउलेका शिक्षक शूरवीर राईले भने, "सोलुका मानिस बोलेको सुनेर चित्त बुझाउँछौं ।"

ऐंसेलुखर्कको इलाका अदालत २०२२ सालमा सल्लेरीमा सारिएपछि यस भेगका मानिसहरूको दुःख शुरू भयो। बारम्बार परिचय फेर्नु परेका वयोवृद्ध प्रेमकुमार राई भन्छन्, "जति राजनीति फेरिए, त्यत्ति नै दुःख थपियो। जुन नेताले पनि स्वार्थ नहेरी छाड्दैनन्। अब धनकुटा केन्द्र बनाउँदा हाम्रो दुःख झनै बढ्छ । उनले उपाय बताए, 'ऐंसेलुखर्कलाई केन्द्र बनाए मात्र हाम्रो दुःख घट्नेछ । कि हामीलाई सोलुखुम्बुमै गाभिदिऊन् ।"

बाकाचोल, ऐंसेलुखर्क, जलेश्वरी, महेश्वरी र ज्यामिरेलाई खोटाङको सदरमुकाम दिक्तेलभन्दा सोलुको सल्लेरी नै पायक पर्छ । ऐंसेलुखर्ककी सावित्री राजभण्डारी भन्छिन्, "सल्लेरीमा नानी बोकेर जाँदा पनि पुगिन्छ, तर दिक्तेल पुग्न रित्तै हिंड्दा पनि एक दिन लाग्छ। हाम्रा आफन्त दिक्तेलमा भन्दा सोलुमा छन्, उतै जान पाए जाती ।" उनी भन्छिन्, "मन्त्री, सभासद् र जिल्ला परिषद् गुहारे पनि सुनुवाइ भएको छैन । पीडितका आग्रहलाई सम्मान मात्र गरिदिए भने मात्र अब हुने भौगोलिक पुनर्संरचना सार्थक हुन जाने देखिन्छ ।" ■

७ युवराज श्रेष्ठ, लमजुङ

# सरकारी बेवास्ताको शिकारः उजाड गाउँ, चर्किएका घर र स्कूल

देशमा चलेको सशस्त्र द्वन्द्वकालमा विद्रोही वा राज्य जुनसुकै पक्षबाट पीडित भएका नागरिकलाई राज्यले राहत दिने कुरा ठूलो स्वरमा उरालियो । देशमा द्वन्द्व न्यूनीकरण गर्ने भनेर पीडितका नाममा छुट्याइएको राहत रकम टाठाबाठाले उछिट्याइदिए । तिनले राज्यकोषमा ब्रह्मलूट मच्चाएका हुनाले विस्थापितहरू पुनर्स्थापित हुन सकेनन् । त्यसैले लमजुङमा द्वन्द्वको पीडा ज्यूँका त्यूँ छ ।









१. लमजुङ मकैमराङकी विस्थापित सोममाया तामाङ ।

२. विद्यालय-कोठाको बिजोग !

३. परित्यक्त विद्यालय ।

४. उजाड गाउँको चर्किएको घर ।

(तस्वीरहरूः युवराज श्रेष्ठ)

शान्ति तथा पुनर्निर्माण मन्त्रालयले गठन गरेको द्वन्द्व प्रभावित व्यक्ति-परिवार तथा भौतिक संरचनाको लगत संकलन कार्यदलले तयार पारेको विवरणमा कसैको नाम दोहोरिएको छ भने कसैको समावेश पनि भएको छैन। १० माघ २०५८ मा माओवादीको आक्रमणमा परी मारिएका लमजुङ पाणिनि संस्कृत माविका प्रधानाध्यापक मुक्तिनाथ अधिकारीको नाम विस्थापितहरूको प्रतिवेदनमा समावेश गरिएको छ।

संविधानसभा निर्वाचन २०६४ मा समानुपातिक सभासद् बनेकी हिमकुमारी सुनारले आफू ११ जेठ २०५६ मा राज्यपक्षबाट अपहरणमा परेको भनेर मंसीर २०६८ मा रु.२५ हजार राहत बुझेकी छिन् । उनले आफू कुन स्थानबाट अपहरण भएको भन्ने समेत खुलाएकी छैनन्। उनले आफ्नो छोरा अनिल सुनारको नाममा पनि राहत मागेकी थिइन् ।

द्वन्द्वका क्रममा अपहरण भएका व्यक्ति/परिवारको विवरण अनुसार, जिल्ला प्रशासन कार्यालयले राखेको राहत वितरण तथ्याङ्कमा १५ जना राज्य पक्षबाट र दुई जना विद्रोही पक्षबाट अपहरणमा परेको खुलाइएको छ भने एक जनाचाहिं कुन पक्षबाट अपहरणमा परेको भन्ने नखुलाइकन राहत दिएको देखिएको छ।

मन्त्रालयले गठन गरेको राहत संकलन कार्यदलका सदस्यहरू विवरण संकलन गर्न कुनै पनि गाउँमा पुगेनन्। त्यसैले उनीहरूले तयार पारेको लगत नै भरपर्दो छैन। वास्तवमा द्वन्द्वकालमा माओवादी विद्रोहीहरूले लमजुङ जिल्लाबाट सयौं सर्वसाधारण र विद्यार्थी अपहरण गरेका थिए। २०६१ मा लमजुङ सोतीपसलस्थित मंगला उच्च माविबाट मात्रै सयौं विद्यार्थी अपहरणमा परेका थिए। विद्यालयका प्राचार्य विष्णुहरि बास्तोला भन्छन्, "त्यसबेला स्कूल नै खाली गरेर विद्यार्थी अपहरण गरे, अनि तीन दिनपछि मात्र छोडिदिए।"

यस जिल्लाबाट राज्यपक्षको हिरासतमा पर्नेहरू पनि थुप्रै छन्। घर अगाडिको रूखमा माओवादीले झण्डा राख्दा के हेरेर बसेको भन्दै तत्कालीन शाही सेनाले समिभञ्ज्याङका सात जनालाई पक्रेर हिरासतमा राखेका

थिए। उनीहरूलाई मानसिक एवं शारीरिक यातना दिइएको थियो। यस्ता मानिसहरूकहाँ कार्यदल पुग्दै पुगेन।

पीडित कविराम श्रेष्ठ भन्छन्, “उसबेला धेरैले दुःख पायौं। सेनाको अपहरणमा परेकालाई सरकारले राहत दिन्छ भन्ने थाहै पाएनौं।”

## विस्थापितको राहतमा जथाभावी

द्वन्द्वका समयमा गाउँ घर छोड्न बाध्य भएका विस्थापितहरूको राहत वितरणमा पनि भद्रगोल देखिएको छ। गाउँमा बैंक लुट्न आएका माओवादीलाई लखेट्न गएका चन्द्रेश्वर-६, दुराडाँडाका हरिओम श्रेष्ठ, त्यसको भोलिपल्टदेखि गाउँमा बस्न नसक्ने भए। माओवादीहरूले निशाना बनाएपछि उनी काठमाडौं आए। यिनले २१ साउन २०६५ मा जिल्ला प्रशासनबाट रु.५५ हजार ५०० राहत लिए। प्रशासनको बैंक नगदी किताबमा उनले अझै रु.४ लाख ९७ हजार ७०० बुझ्न बाँकी रहेको उल्लेख छ। श्रेष्ठले राहत पाऊँ भनेर प्रशासनमा दिएको निवेदनमा कुनै कर्मचारीले टिपेक्स लगाइदिएको छ।

२६ असोज २०५३ देखि विस्थापित भई काठमाडौंको गोंगबुमा बस्दै आएका श्रेष्ठले राहत निवेदनमा बुबा, आमा, श्रीमती र छोराछोरी गरी ६ जनाको नाम उल्लेख गरेका थिए। पुनर्स्थापित हुने भनेर राहत बुझेको देखिए तापनि हरिओम श्रेष्ठका परिवार गाउँ फर्किएका छैनन्। काठमाडौंमा घरजम गरेर बसेका छन्।

सामुदायिक वन उपभोक्ता महासंघ लमजुङका अध्यक्ष लोका अधिकारीले पनि २३ माघ २०६५ मा रु.७ हजार २०० राहत बुझेका छन्। बैंक नगदी किताबमा उनले अझै रु.३ लाख ९६ हजार ९०० लिन बाँकी रहेको उल्लेख छ। तर यिनी कहिले, कहाँ, कोबाट विस्थापित थिए भन्ने यकिन छैन।

माओवादी विद्रोहीले ५ कात्तिक २०५६ मा ईशानेश्वरका शिक्षक मोहनसिंह घिमिरेको हत्या गरेपछि तिनका परिवार विस्थापित भएका थिए। घिमिरेकी श्रीमती सुशीलाले ६ साउन २०६५ मा रु.५० हजार ४०० राहत लिइन्। उनले अझै रु.५ लाख ५३ हजार लिन बाँकी रहेको रेकर्डमा देखिएको छ।

यसरी विभिन्न व्यक्तिको नाममा बैंक नगदी किताबमा बाँकी देखाइएको रकम कहिले र कसरी वितरण गरियो भन्ने रेकर्डचाहिं कसैले पनि राखेका छैनन्।

१४ फागुन २०६३ को मन्त्रिपरिषद् बैठकले द्वन्द्वका कारण विस्थापित भएका व्यक्तिलाई पुरानो बासस्थानमा फर्किसकेपछि भरणपोषण खर्च, घर मर्मत वा निर्माण खर्च र शैक्षिक राहत उपलब्ध गराउने निर्णय गरेको थियो । यस निर्णयको दुरुपयोग भएपछि विस्थापित हुनेले राहत पाएनन्, बसाइँ जाने र राजनीतिक पार्टीमा पहुँच हुनेले रकम असुल्ने अवसर पाए ।

राहत पाउनका लागि सबै सक्कली प्रमाणहरू शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा पठाउनुपर्ने भएकाले जिल्लामा रेकर्ड राख्न नसकिएको भनेर जिल्ला प्रशासन पन्छिँदै आए पनि केहीको भने नक्कलप्रति राखेका छन् । राहत वितरण सम्बन्धी बैंक नगदी किताब र अन्य विवरणहरू भिडाएर हेर्दा प्रशासनले सुनियोजित तरीकाले अन्यका कागजातहरू लुकाएको हुनसक्ने आशंका बढेको छ। प्रशासनका कर्मचारीहरू भन्छन्, “नक्कल प्रति राखिदिनु कुनै गाह्रो काम थिएन। अहिले खोज्दा कागजपत्र केही पाइँदैन।” लेखापाल चन्द्रभान गुप्ता भन्छन्, “प्रशासनले लेनदेनको हिसाबकिताब चुस्त र दुरुस्त राख्नुपर्ने थियो, के कारणले राखेन थाहा भएन। तर अब त्यस्तो हुँदैन।”

## नाम विनाको भुक्तानी

विस्थापितको राहत रकम वितरणमा कतिसम्म लापरवाही छ भने, कति राहत कसलाई वितरण गरिएको हो भन्ने खेस्रा तथ्याङ्क समेत राखिएको छैन। २३ असोज २०६४ मा ड्राफ्टबाट रु.२० लाख ७० हजार आम्दानी भएको कुरा बैंक नगदी किताबमा देखाइएको छ। किताबको संख्या नम्बर १ देखि १८ सम्मको विवरणमा रु.७ लाख ८५ हजार राहत वितरण गरिएको देखिन्छ, तर त्यो रकम कसलाई दिइयो भन्ने कुरा चाहिं उल्लेख गरिएको छैन। तर संख्या नम्बर २० देखि भने नाम र ठेगाना समेत खुलाएर राहत वितरण गरिएको जानकारी बैंक नगदी किताबमा भेटिएको छ।

## दोहोरो राहत

सरकारले पटक-पटक गरेको निर्णयमा, शहीदको नाममा छुट्टै राहत र विस्थापित हुनेको नाममा छुट्टै राहत रकमको व्यवस्था गरेको थियो। यस प्रावधान अनुसार, दुराडाँडाका शिक्षक मुक्तिनाथ अधिकारीको परिवारले शहीदको नाममा पनि राहत पाए, विस्थापित भएको नाममा पनि राहत पाए। यसैगरी ईशानेश्वरका शिक्षक मोहनसिंह घिमिरेका परिवारले पनि शहीदको नामको रु.३ लाख पाए। शहीद परिवारलाई रु.१० लाख राहत

दिने सरकारी नीति अनुसार यस परिवारले वर्षैपिच्छे राहत पाउँदै आएका छन् । मोहनसिंह घिमिरेका छोरा मदन घिमिरे र श्रीमती सुशीला दुवैको नाम विस्थापितको राहत पाउने लागतमा पनि समेटिएको छ। यस कोषबाट श्रीमती सुशीलाले ६ साउन २०६५ मा रु.५० हजार ४०० पाइन्। उनले अझै रु.५ लाख ५३ हजार २०० पाउन बाँकी रहेको बैंक नगदी किताबले देखाएको छ। उनका छोरा मदनसिंह घिमिरेले पनि २७ माघ २०६४ मा विस्थापितको राहतकोषबाट रु.६ हजार १०० पाए। उनले अझै रु.६ लाख ३२ हजार ८०० पाउन बाँकी रहेको रेकर्ड राखिएको छ।

पूर्वसभासद् हिमकुमारी सुनारका श्रीमान् एकबहादुर सुनारलाई ८ कात्तिक २०५५ मा सेना/प्रहरीले नियन्त्रणमा लिएर हत्या गरेको थियो। त्यसैले एमाओवादीले हिमकुमारीलाई समानुपातिकबाट सभासद् बनाएको थियो । उनले शहीद परिवारको नाममा रु.३ लाख राहत पाइन् । तर सभासद् भइसकेपछि आफू अपहरणमा परेको भनेर अर्को राहत रु.२५ हजार पनि लिइन् ।

## कमजोर पीडित जति बञ्चित

राज्य र विद्रोही दुवै पक्षको कहर खेपेका सर्वसाधारण नागरिकले चाहिं कुनै किसिमको राहत पाउन सकेनन् । लमजुङ श्रीभञ्ज्याङ-८ का मायानाथ वाग्लेलाई द्वन्द्वकालमा सेनाले हिरासतमा लिएर मानसिक तथा शारीरिक यातना दिएको थियो । तर उनले राज्य वा विद्रोही पक्षका हिरासतमा परेकाले राहत पाउँछन् भन्ने जानकारी नै पाएनन् । “अपहरणमा परेको भनेर सभासद् र टाठा-बाठाले राहत लिएछन्, हामीलाई त थाहै भएन”, अधिकारी भन्छन्, “पीडितलाई न्याय दिन कोही पनि गम्भीर देखिएन ।”

तर जिल्ला प्रशासन कार्यालयमा यातना पीडित भनेर निवेदन दिए पनि भलायखर्क-४ का पीडित विष्णुप्रसाद घिमिरेले अहिलेसम्म राहत पाउन सकेका छैनन् । भलायखर्कस्थित ज्ञानोदय मावि कक्षा दशमा अध्ययनरत रहेको अवस्थामा उनलाई २०६१ मा विद्रोही निकट विद्यार्थी संगठन अनेरास्ववियु क्रान्तिकारीमा आवद्ध हुन नमान्दा माओवादीले अपहरण गरेका थिए। विद्यालयमा परीक्षा चलिरहेको अवस्थामा १५ दिन लामो अपहरणमा परेका उनलाई माओवादीले तीन दिनसम्म खाना समेत नदिई शारीरिक एवं मानसिक यातना दिएका थिए।

द्वन्द्वका क्रममा अपहरणमा परेको भनेर २०६८ देखि हालसम्म १५ जनाले जनही रु.२५ हजारका दरले राहत लिएका छन् । बेसीशहर नगरपालिका-२ उदीपुरको हाँडीखोलाबाट पुस २०५८ मा तत्कालीन शाही सेनाले स्थानीय विष्णुबहादुर पाण्डेलाई हिरासतमा लिएको थियो । उनलाई सुन्दरबजार गाविसको पाउँदीमा दिनभर यातना दिएर राति जिल्ला प्रहरी कार्यालय लगिएको थियो । त्यतिबेला पाएको शारीरिक र मानसिक यातनाबाट उनी अझै पनि पीडित छन् । उनी रुँदै भन्छन्, "मैले पशुले भन्दा नराम्रोसँग पिटाइ खाएँ, तर राहत जति अरूले पाएछन् ।"

अपहरण भोगेका बेसीशहरका चन्द्रकान्त पौडेल भन्छन्, "हामीलाई त मानवअधिकारकर्मीले फुस्ल्याइदिए । तिनले अपहरणमा परेको भन्नुहुँदैन, यातना पीडित भनेर निवेदन दिनुपर्छ भने हामीले त्यसै गर्‍यौं, राहत पाउने बेला अपहरणमा परेको भन्नेहरूले मात्र पाए ।" पूर्वसभासद् हिमकुमारीले राज्य पक्षबाट अपहरणमा परेको भनेर नै राहत लिएकी थिइन् ।

लमजुङ जिल्लामा द्वन्द्वकालमा यातना भोगेकाहरूको यातना पीडित समूह गठन भएको छ। यसमा ८८ जना आवद्ध छन्, तिनीहरू कसैले पनि राहत पाएका छैनन् ।

स्थानीय शान्ति समितिका पदाधिकारीहरू भन्छन्, "एक त सरकारले वास्तविक पीडितको तथ्याङ्क व्यवस्थित गरेन, त्यसमाथि राहत कार्यदल गठन हुनुभन्दा अघि जथाभावी रकम वितरण गरेर भद्रगोल गरेको छ। कार्यदल बन्नुभन्दा अघि जिल्ला प्रशासनले क-कसलाई राहत दियो भनेर तथ्याङ्क पनि राखेको छैन ।" समितिका संयोजक मोहनहरि पौडेल भन्छन्, "प्रशासन र सत्ताको वरिपरि घुम्नेले पीडितको नाममा सम्पत्ति कमाए ।"

## गाउँ नै उजाड

विद्रोही माओवादी र शाही सेनाको ज्यादती सहन नसकेर गाउँ छाडेका लमजुङको मकैमराङवासी अझै पुनर्स्थापित हुनसकेका छैनन्। २०५८ सालमा युद्ध उत्कर्षमा पुगेको बेला गाउँलेले मकैमराङ छाडेका हुन्। माओवादी र सेनाको हिंसात्मक चेपुवामा परेर विस्थापित भएका यी नागरिकहरू बजारमा आएर अर्काको घरमा डेरा गरेर बसिरहेका छन् । उनीहरूले भने कुनै राहत पाएका छैनन् ।

लमजुङको मालिङ-७ मकैमराङ बासिन्दाका घर र बस्ती अहिले झाडी बनेको छ । यहाँको खेतीयोग्य जमीन जंगल भएको छ । केही घर

भग्नावशेष भएका छन् । केही घरहरू अझै सग्लै भए पनि झाडीले पुरिएका छन् । यहाँका १२७ घर परिवार ज्यान जोगाउन विस्थापित भएको तथ्याङ्क स्थानीय शान्ति समितिले राखेको छ । समितिका कार्यालय सचिव बसन्त न्यौपाने भन्छन्, “शान्ति सम्झौतापछि उनीहरूको हालतबारे कुनै तथ्याङ्क लिइएको छैन ।”

तत्कालीन वडा अध्यक्ष तथा विस्थापित निरुमाया तामाङले भनिन्, “२०५८ सालमा मकैमराङमा ६० घरधुरी थिए । विद्यालय, खानेपानी र सिंचाइको व्यवस्था थियो, महिलाहरूले बचत कार्यक्रम चलाएका थिए। सुन्दर वस्ती थियो, तर अहिले मान्छे बस्नै नसक्ने अवस्था छ ।”

असार २०५८ मा मालिङको मकैमराङमा १२/१३ वटा झोला राखिदिन भनेर माओवादीहरूले स्थानीयलाई उर्दी दिए । झोलाको रेखदेख र संरक्षण गर्न भनेर जिता-६ घर भएका माओवादी कार्यकर्ता रामचन्द्र तिवारी मकैमराङको सोममाया तामाङको घरमा बसे । तर २० असार बिहानदेखि सेनाले गाउँमा घेरा हालेर घरघर पसेर सोधपुछ गरे । स्थानीयले तिवारीलाई गाउँकै मान्छे हो भनिदिए पनि तिवारी भागेपछि सेनाले हिरासतमा लिएर हत्या गरिदियो ।

यसै घटनाको अनुसन्धान गर्न २ साउन २०५८ मा माओवादी कार्यकर्ता गाउँ आए । तिनले सुराकीको आरोपमा निरुमाया तामाङलाई हिरासतमा लिए । निरुलाई लिएर जाँदै गर्दा स्कूलछेउमा भेटिएकी सोममाया तामाङलाई पनि हिरासतमा लिए । यी दुवैलाई जनसेवा प्राविको भवनमा लगेर मानसिक र शारीरिक यातना दिए ।

सोममायाले भनिन्, “हामीलाई छुट्टाछुट्टै कोठामा राखेर निर्घात कुटपीट गरे । वडा अध्यक्ष निरुमाया पीडाका कारण डाँको छोडेर रुन्थिन् । सुराकी गरेको भनेर धेरै पिटे, धेरै डरधम्की दिए । निरक्षर सोममाया र सामान्य साक्षर निरु नेपाली कांग्रेसका समर्थक थिए । निरुमायाले नेपाली कांग्रेसको तर्फबाट २०५६ सालको स्थानीय निकायको निर्वाचनमा वडा अध्यक्षको चुनाव जितेकी थिइन् ।

त्यसबेला मकैमराङको सुरक्षा जिम्मा सदरमुकाम बेसीशहरस्थित संयुक्त सुरक्षा फौजको थियो । विकट तथा दुर्गम मकैमराङमा मोटरबाटो पनि पुगेको थिएन । यहाँ पुग्न सदरमुकामबाट ठाडो उकालो/ओरालो हिंडेर १० घण्टा लाग्थ्यो । त्यसैले यहाँ माओवादीहरूले सेल्टर बनाउन खोजेको आशंकामा सेनाले कारबाही गरेको थियो। तामाङ समुदायको बाहुल्य भएको

मकैमराङका कांग्रेसलाई माओवादीले दुश्मन घोषणा गरेको थियो । वडा अध्यक्ष निरुमाया र सोममाया दुवै कांग्रेस थिए ।

त्यसैले माओवादी कार्यकर्ताले तिवारी हत्याको सुराक लगाएर सेना ल्याउन संलग्न भएको भनी यी दुवैलाई अपहरण गरी यातना दिएका थिए । निरुमायाले भनिन्, “माओवादीले कुटपीट गरेर अनुहारमा ब्याट्रीको कालोमोसो पनि लगाइदिए । तर सुराक गरेको कतैबाट प्रमाणित नभएपछि माओवादीले हामीलाई छोडिदिए ।”

माओवादीको कुटाइले थला परेपछि उनीहरूले गाउँ छाड्ने निर्णय लिए । निरुमाया भन्छिन्, “परिवारै सखाप पारिदिने हुन् कि भन्ने डरले साउनको पहिलो हप्तातिर गाउँ छोड्यौं । घरमा भएका अन्नपात, बाख्रा, कुखुरा, गाईगोरु, घरजग्गा सबै आफन्त र छिमेकीको जिम्मा लगाएर बेसीशहर आयौं ।”

यी दुई परिवारले गाउँ छोडेको केही महीनापछि थप १४ घरपरिवारले गाउँ छाडे । माओवादी कहर बढ्दै गएपछि गाउँभरिका मानिसहरू ज्यान जोगाउन सदरमुकाम आए ।

### वडा खाली, विद्यालय रित्तै

स्थानीय गजिन्द्र गुरुङ भन्छन्, “मालिङ गाविसमा अहिले ८ वटा वडा छन् । यहाँको ९ वटा वडामध्ये ७ नम्बर वडामा एउटा घर पनि छैन ।” मालिङ गाविसका सचिव तोयानाथ आचार्यले बताए, “विकासका योजना छनोट गर्न गाविसका सबै वडामा नागरिक मञ्च गठन गरिएको छ । तर वडा नं ७ मा एक घर पनि नभएकाले नागरिक मञ्च पनि बनेको छैन ।”

यहाँ केही दलित समुदाय पछिसम्मै थिए, तर गत वर्ष एक युवतीको रहस्यमय मृत्यु भएपछि उनीहरूले पनि गाउँ छाडे । अहिले गाउँमा टीनले छाएका घरहरू मात्र छन् । केही घर भत्किसकेका छन् । खेतबारी जंगल भएको छ । विद्यालय बन्द छ । खानेपानीलगायत विकासका योजना बन्द छन् ।

मकैमराङमा २०४६ सालमा खुलेको जनसेवा प्राथमिक विद्यालयकी प्रअ कमला गौली भन्छिन्, “मान्छे नभएको गाउँको स्कूलमा विद्यार्थी कहाँ पाउनु ।” यो विद्यालय अहिले शारदा मिलन माविमा गाभिएको छ । जिल्ला शिक्षा कार्यालयको रेकर्ड अनुसार, गाभिनुअघि यस विद्यालयमा २५ जना

विद्यार्थी थिए । विद्यालयको कार्यालयमा राष्ट्रिय झण्डा बेवारिसे छन् भने केही पुस्तकहरू छरपस्ट अवस्थामा छन् ।

सरकार र माओवादीबीच शान्ति सम्झौता हुँदा विस्थापितलाई स-सम्मान गाउँ फर्काउने उल्लेख भए पनि मकैमराङवासीलाई गाउँ फर्काउन कतैबाट कुनै पहल भएको छैन । विस्थापित पार्वती तामाङले भनिन्, "हाम्रो सर्वस्व गयो । न राहत पायौं, न कुनै सहयोग पायौं ।"

## विस्थापितहरूको बिजोग

घर छोडेर बेसीशहर आएकी सोममाया तामाङ परिवारसहित एउटा कोठा भाडामा लिएर बसेकी छिन् । खाद्य संस्थानका कर्मचारीको भात पकाइदिएर गुजारा चलाएकी थिइन् । दुई छोरा र दुई छोरीकी आमा सोममायाले छोराछोरीलाई सरकारी विद्यालयमा पढाइरहेकी थिइन् तर ८ कक्षा पढ्दै गर्दा ठूलो छोरा प्रसाद तामाङले जस्तै सानो छोराले पनि आठ कक्षामै पढाइ छोडेर काठमाडौं र भारततिर भौंतारिन थाले । अहिले दुवै साउदी अरब पुगेका छन्। निरुमाया चाहिं कहिले ठूलो दाजु कहाँ त कहिले सानो दाजुको शरणमा बस्दैआएकी छिन्। पार्वती तामाङको परिवार अहिले भाइले विदेशबाट पठाएको रेमिट्यान्समा आश्रित छ । यसअघि उनीहरूले अर्काको खेतीपाती गर्ने र स्थानीय मदिरा उत्पादन गरी बिक्री वितरण गरेर गुजारा चलाएका थिए ।

पार्वती गुनासो गर्छिन्, "हाम्रा दुःखका कुरा कसैले उठाउँदैनन् । स्थानीय शान्ति समिति, राजनीतिक दल, सरकारी तथा गैरसरकारी निकायले द्वन्द्व न्यूनीकरणका विषयमा विभिन्न गोष्ठी तथा अन्तरक्रिया गर्छन् । तर हाम्रा कुरा सुन्दैनन् ।"

स्थानीय शान्ति समितिले लमजुङका १२७ विस्थापितमध्ये मकैमराङका ६ जनाको नाम समावेश गरेको छ। जसमा सोममाया तामाङ, मुमाबहादुर तामाङ, चन्द्रा तामाङ, प्रसाद तामाङ, निरुमाया तामाङ र धनबहादुर तामाङको नाम उल्लेख छ। प्रतिवेदनमा सोममाया, मुमाबहादुर र चन्द्राको पेशा कृषि, प्रसाद र धनबहादुरको पेशा विद्यार्थी भनिएको छ। यीमध्ये पनि पाँच जनाले रु.५ हजार मात्र पाएका छन्। तर मुख्य पीडित निरुमायाको नाम भने कतै उल्लेख छैन। यसैगरी अन्य नौ परिवारको नामावली पनि उल्लेख गरिएको छैन । विस्थापितमा नामै उल्लेख नभएकालाई राहत दिन नमिल्ने शान्ति समितिको भनाइ छ ।

विस्थापितमध्ये रामकुमारी तामाङ, पदमबहादुर तामाङ, सोममाया तामाङ, मेरसिङ तामाङ र निरुमाया तामाङको परिवार पोखरा बस्छन् । केशबहादुर तामाङ, मुमाबहादुर तामाङ, पार्वती तामाङ, डम्बरकुमारी तामाङ, बैलजंग गुरुङ, तेजबहादुर तामाङ, कृष्णप्रसाद घिमिरेको परिवार सदरमुकाम बेसीशहर बस्छन् । लुकबहादुर तामाङको परिवार चाहिं ईशानेश्वरमा बस्दै आएका छन् । तर यिनीहरूलाई शान्ति समितिले विस्थापित नै मानेको छैन ।

**कोही विस्थापित छैनन्**

स्थानीय शान्ति समितिका संयोजक एवं नेकपा-माओवादीका वैकल्पिक केन्द्रीय सदस्य मोहनहरि पौडेल भन्छन्, "अब कसैले विस्थापित हुँ भन्न पाउने अवस्था छैन । मकैमराङका बासिन्दा पनि अब विस्थापित होइनन् ।" तर शान्ति समितिकै पूर्व संयोजक एवं नेपाली कांग्रेसका सभापति कृष्णप्रसाद कोइराला भन्छन्, "द्वन्द्वकालमा विस्थापित हुनु परेर क्षति भोगेकाहरूको सिफारिश भए पनि सरकारले कुनै राहत नदिनु राम्रो होइन ।" कोइरालाले भने, "विस्थापितलाई पुनर्स्थापित हुन थोरबहुत राहत दिनैपर्थ्यो । यतातिर सरकारको ध्यान गएन ।" ■

राकेश चौधरी, महोत्तरी

# बलात्कार
## पीडितमाथि कानूनी बोझ पनि

बलात्कार जस्तो अपराधलाई समाजमा पैसाको लेनदेन गरेर मिलाउनु झनै ठूलो अपराध हो । तर यसरी बलात्कारका अपराधहरूलाई पीडक र पीडितबीच मिलापत्र गराई समाजमा नै मिलाइएका थुप्रै उदाहरण छन् । कतिपय पीडितहरू समाजलाई चुनौती दिंदै अदालतमा पनि पुगेका छन् । कानूनले तोकेको समयभन्दा केही ढिला भए पनि अदालतले मुद्दा हेरिदिने गरेको छ । तथापि बलात्कार सम्बन्धी अधिकांश मुद्दामा पीडित पक्षलाई पुगेको क्षति हेरेर दोषीलाई सजाय स्वरूप जरिवाना र क्षतिपूर्ति भराउने फैसला हुँदा क्षतिपूर्ति लिनकै लागि पीडितले अदालतको ढोकामा निरन्तर धाइरहनुपर्ने अवस्था छ । दोषीको सम्पत्तिबाट पीडितलाई क्षतिपूर्ति भराउने कानूनी प्रावधानले पीडित पक्षलाई समयमै न्याय दिनुको साटो थप झन्झट बोकाइदिएको छ । यस्ता असहयोगी कानूनका फन्दामा जेलिएर अधिकांश बलात्कार पीडितहरू झन् निरीह बन्न पुगेका छन् ।



तराईका महिलाहरू बलात्कार जस्ता अपराधद्वारा लगातार पीडित हुँदै आएका छन् । उनीहरूले चाहेर पनि दोषीलाई कानूनी दायरामा ल्याउन सकिरहेका छैनन् । मानवअधिकार संरक्षण केन्द्र महोत्तरीका अध्यक्ष मदनकुमार झा भन्छन्, “हालसालै गरिएको एक अध्ययनमा बलात्कार पीडित महिलाहरूमध्ये २० प्रतिशत मात्र प्रहरीसम्म आइपुग्ने गर्छन् । बाँकी अपराधहरू स्थानीय भद्रभलाद्मीको पञ्चायतले आपसी लेनदेनमै मिलाइदिन्छन् ।” बलात्कार पीडितले प्रहरीकहाँ उजुरी गरिहाले भने पनि साक्षी पाउँदैनन् । समाजले महिलालाई नै दोषी देखाएर लज्जित पार्छन् । कदाचित् पीडित पक्ष प्रहरीकहाँ पुगिहाले पनि प्रहरीले गम्भीरताका साथ अनुसन्धान गरिदिंदैन र मुद्दा नै फितलो बनाइदिन्छन् । कतिपय अवस्थामा प्रहरीले चाहिने जति प्रमाण नखोजिदिनाले जिल्ला सरकारी वकीलले मुद्दा नै दर्ता गरिदिंदैनन् ।

कृपा नामक संस्थाले सन् २०१३ मा गरेको सर्वेक्षण अनुसार, प्रहरी, अभियोक्ता, न्यायिक वा अर्ध-न्यायिक (प्र.जि.अ., स्था.वि.अ.आदि) निकायका कर्मचारीहरूलाई दोषीले घूस दिएर प्रभावमा पार्न सक्छन् भन्ने कुरामा ८१.९ प्रतिशत महिला तथा ९४.७ प्रतिशत पुरुष रहेको देखाएको छ । यसमाथि राजनीतिक दबाब दिने र न्याय किनेर दोषी उम्कने, उम्काउने खेलमा समाजले पनि साथ दिंदै आएको छ । त्यसैले अधिकांश मामिलाहरू प्रहरी वा अदालतसमक्ष पुग्नै पाउँदैनन् ।

नेपाल बार एसोसिएसन महोत्तरी एकाइका अध्यक्ष विजय ठाकुर भन्छन्, “जति मामिला अदालतसम्म आइपुगेका हुन्छन्, ती सबै मुद्दा वास्तविक हुन्छन् । तर, यस्ता कतिपय मुद्दाहरू गाउँकै ‘पंचायत’ मा मिलाउने गरिन्छ । यस्तो प्रथाले अपराधकर्मलाई प्रोत्साहन र संरक्षण मिलेको छ ।”

नेपाल बार एसोसिएसन महोत्तरी एकाइका पूर्व अध्यक्ष रामशंकर साह भन्छन्, “मुलुकी ऐन बाह्रौं संशोधनमा लोग्नेले स्वास्नीको मञ्जुरी बेगर करणी गरे पनि जबर्जस्ती करणी ठहर्ने व्यवस्था छ ।” हाडनाता करणीमा करणी गर्नेको महल अन्तर्गत निकटतम नातामा करणी गर्नेलाई दण्डनीय बनाएको छ । यस्ता मामिलाहरू त झन् बाहिर आउनै दिंदैनन् ।

**बाध्यात्मक बोझ**

१७ वैशाख २०६७ मा उदयपुरको रौता गाविस घर भएकी एक महिला सर्लाही हरिवनमा आफन्तकहाँ जाँदै गर्दा बाटैमा रात पर्‍यो । सिरहाको लहान आइपुगेपछि उनले एउटा ट्रकमा लिफ्ट मागिन् । ट्रकका चालकसहितका तीन जना थिए । उनीहरूले ती महिलालाई महोत्तरीको बर्दिवास गाविस ७ स्थित रातु पुलमा पुर्‍याएर सामूहिक बलात्कार गरे ।

यस मामिलामा जिल्ला अदालत महोत्तरीले १९ भदौ २०६९ मा फैसला सुनाउँदै, दोषीहरू मकवानपुर खैराङ्ग गाविस ८ का होमलाल श्रेष्ठ, नामटार गाविस ७ का राजकुमार लामा र अजय लामालाई पाँच/पाँच वर्षको कैद तथा रु.२५/२५ हजार जरिवाना गर्‍यो ।

तर पीडितले क्षतिपूर्ति पाउन सकिनन् । उनले ९ महीना पछि, १० वैशाख २०७० मा महोत्तरी जिल्ला अदालतमा क्षतिपूर्ति भराई पाऊँ भनी बिगो फाँटमा निवेदन दर्ता गर्नुपर्‍यो । यस निवेदनमाथि कारबाही हुँदा अदालतले क्षतिपूर्ति दिनुपर्ने दोषीहरूको घरजग्गा र सम्पत्ति खोज्ने जिम्मा पीडित निवेदकलाई नै लगाइदियो ।

अदालतले २७ जेठ पीडित महिलालाई उपस्थित गराएर दोषीको नाउँमा रहेको घरजग्गा देखाउन आदेश दियो। यस्तो आदेश भएपछि, पीडित महिला झन् अन्योलमा परिन् । भन्छिन्, "अहिलेसम्म तारेख धाउँदैछु, न्याय पाउन सकेकी छैन ।"

तर दोषीहरू भने पाँच हजारको सामान्य धरौटीमा रिहा भएर सम्पर्कविहीन भइसकेका छन् । अदालतबाट दोषी ठहरिइसकेका यिनलाई खोज्ने जिम्मा सरकारको हो कि पीडितको? यो द्वन्द्वको जवाफ कतै उपलब्ध नहुनाले पीडित पक्ष झन् पीडित हुन पुगेको छ ।

महोत्तरी अदालतका स्रेस्तेदार लेखनाथ भट्टराई भन्छन्, "अदालतले मकवानपुर मालपोत कार्यालयलाई पत्र लेखेर दोषीहरूको नाउँमा रहेको जग्गाको लिखत पठाइदिन ताकेता गर्‍यो । तर यस्तो ताकेता गरिएको दुई वर्ष पुगिसक्दा पनि सम्भव नभएपछि मकवानपुर अदालतबाटै यो मुद्दा सम्पादन गर्न पत्राचार गरिएको छ ।

महोत्तरी प्रहरीले अदालतबाट दोषी ठहर्‍याइएकाहरूको खोजी कार्य जारी रहेको जनाउँदै अन्य जिल्लाका दोषी पक्राउ गरिदिन सम्बन्धित ठाउँमै आग्रह गरिएको जनाएको छ ।

पीडित भन्छिन्, "जेनतेन मागेर जलेश्वरसम्म आउने गर्थें। अब तारेख

लिन हेटौंडा धाउनुपर्ने भएको छ ।" महिला तथा बालबालिका कार्यालयका प्रमुख चन्द्रकुमारी व्यञ्जनकारले पीडित आफूकहाँ सहयोग माग्न आए पनि त्यस्तो कार्यक्रम नरहेकोले केही गर्न नसकिएको बताइन् ।

## बलात्कार साबित गर्न कठिन

धेरैजसो बलात्कार घटना अदालतमा साबित हुन सक्दैनन् । दोषी भनिएकाले अदालती कसूरमा इन्कार गर्ने गरेमा, वादी प्रतिवादीका साक्षीहरू अदालतमा उपस्थित नभएमा, पीडितको अनुसन्धानको कागज/जाहेरी र वकपत्र बाझिएमा, पीडित आफैंले विपरीत वकपत्र गरेमा, पीडितको कागजात बेहोरा वा जाहेरीलाई अन्य प्रमाणले समर्थन नगरेमा, भेजिनल स्वावमा वीर्य नदेखिएमा बलात्कारका घटना सावित हुँदैनन् । जलेश्वर अस्पतालका डा. द्वारिकाप्रसाद साह भन्छन्, "बलात्कार भएको २४ घण्टाभित्रै, घटनाको बेला लगाइएको कपडामा जँचाउन आए भने मेडिकल प्रमाण सकारात्मक आउन सक्छ । तर पीडित पक्षलाई हप्तौं दिनसम्म गाउँमै अल्झाएर राखिन्छ । अनि कसरी प्रमाण पुग्छ ?"

अढाइ वर्षअगाडि भएको बालिका बलात्कार सम्बन्धी एक मुद्दामा महोत्तरी जिल्ला अदालतका न्यायाधीश ऋषिराम निरौलाले ठोस प्रमाणको अभाव देखाए । तर अभियुक्तलाई बलात्कार गर्ने उद्योग गरेको ठहर गरेर साढे सात वर्ष कैदको सजाय सुनाए । यो मुद्दामा पीडितले पुनरावेदन अदालत धनुषामा निवेदन गरेपछि अभियुक्तलाई १५ वर्ष कैद तोकियो । तर क्षतिपूर्तिको विषयमा केही बोलिदिएन । सिरहाकी महिला अधिकारकर्मी श्याम साह भन्छिन्, "पुनरावेदन र सर्वोच्चका न्यायाधीशहरूले पीडितलाई क्षतिपूर्ति भराइदिने विषयमा संवेदनशील हुनैपर्छ ।"

नेपाल प्रहरीको महिला तथा बालबालिका सेवा निर्देशनालयको तथ्याङ्क अनुसार, वि.सं. २०६८, २०६९ र २०७० मा क्रमशः ४८१, ५५५ तथा ६७७ वटा बलात्कारका घटना दर्ता भए । महिलाहरूमा चेतनास्तरको विकास भएका कारणले महिला अधिकारकर्मी तथा प्रहरीसम्म यस्ता मुद्दा आउन थालेका छन् । महिला तथा बालबालिका कार्यालय महोत्तरीकी प्रमुख चन्द्रकुमारी थन्छिन्, "बलात्कार पीडितहरू लगातार बढिरहेको देखिएको छ । तर यिनले न्याय पाउने र क्षतिपूर्ति पाउने बाटो चाहिं ज्यादै कठिन छ ।"

अध्ययनमा संलग्न अधिवक्ता समेधा शाक्य भन्छिन्, "क्षतिपूर्ति सम्बन्धी फैसलामा एकरूपता पनि छैन । उस्तै प्रकृतिको मुद्दामा ज्यादै थोरै रु.२

हजार र कुनैमा रु.१ लाख ५० हजारसम्म क्षतिपूर्तिको फैसला छ। यसमा कानूनी दोष देखिएको छ । मेडिकल प्रमाणलाई नै आधार मानेर गरिने फैसलामा पनि सुधारको खाँचो छ ।”

## कानूनी व्यवस्था

मुलुकी ऐन बाह्रौं संशोधनले पीडितको उमेर अनुसार ५ देखि १५ वर्षसम्मको सजाय तोकिएको छ। सामूहिक रूपमा जबर्जस्ती करणी गर्ने र गर्भवती वा अशक्त वा अपाङ्ग महिलालाई जबर्जस्ती करणी गर्नेलाई थप पाँच वर्ष कैद सजाय हुने व्यवस्था छ। कोही एचआईभी पोजिटिभ भएको थाहा पाउँदापाउँदै जबर्जस्ती करणी गर्नेलाई र बालिकामाथि अप्राकृतिक मैथुन गर्नेलाई एक वर्ष कैद थपिन्छ। बलात्कार पीडित महिलाले आफ्नो सुरक्षा गर्दा पीडकको मृत्यु हुन गएमा ज्यान मारेको बात लाग्दैन ।

बर्दियाकी अधिकारकर्मी सपना शर्मा भन्छिन्, “महिलाले आत्मसुरक्षाका लागि पीडकको हत्या गरेको उदाहरण खोज्न भने गाह्रो छ । कानून बनाइदिएर मात्र हुँदैन ।”

## ओझेलमा क्षतिपूर्ति

इन्टरनेशनल कमिशन अफ जुरिष्ट्स तथा राष्ट्रिय महिला आयोगले गत वर्ष गरेको एक अध्ययनमा, २०५ वटा बलात्कारका मुद्दा फैसला हुँदा ३५ प्रतिशत दोषीले मात्र क्षतिपूर्तिसहित कैदको सजाय पाएको देखिएको छ।

काठमाडौं, ललितपुर, भक्तपुर, बर्दिया, धादिङ, महोत्तरी र सिरहामा केन्द्रित यस अध्ययनले बलात्कारको प्रकृति उस्तै भए पनि कुनैमा क्षतिपूर्तिसहितको कैद र कुनैमा कैदको मात्र सजाय हुनाले क्षतिपूर्तिको मामिला ओझेलमा परेको देखाएको छ ।

अध्ययनमा भनिए अनुसार, काठमाडौं अदालतले सबैभन्दा कम रु.५०० र ललितपुर अदालतले सबैभन्दा बढी रु.३ लाख १० हजारसम्मको क्षतिपूर्ति दिलाउने फैसला गरेको छ । जबर्जस्ती करणी सम्बन्धी महलको १० नम्बर बमोजिम मनासिव ठहर्‍याए बमोजिमको क्षतिपूर्ति भराउने अधिकार न्यायाधीशलाई हुनाले मुद्दा अनुसारको सजाय र जरिवानामा फरक पर्ने गरेको छ ।

अधिवक्ता शाक्य भन्छिन्, “धेरै पीडितलाई आफ्नो मुद्दामा क्षतिपूर्ति भराउने फैसला भएको थाहा नै हुँदैन । झन्झटका कारण दाबी गर्न

पनि जाँदैनन् । सिरहा, बर्दिया, धादिङ, महोत्तरी र बाँकेका पीडितहरू निवेदन दिएर क्षतिपूर्तिको पर्खाइमा छन् । तर क्षतिपूर्ति पाउन गाह्रो भइसकेको छ ।

धादिङकी १३ वर्षीया पीडितले रु.१ लाख क्षतिपूर्ति पाउनुपर्ने थियो । तर फैसला भएको तीन वर्षपछि क्षतिपूर्ति पाउँदा पनि अदालतले दशौद कटाएर रु.९० हजार मात्र पाइन् । बर्दियाकी एक पीडितले फैसला भएको करीब एक वर्षपछि मात्र रु.२५ हजार क्षतिपूर्ति पाइन् । यो क्षतिपूर्ति पनि पीडितहरूले आफैं मिहिनेत गरेर अदालतको बिगो फाँटमा दोषीको जग्गा जमीन देखाइदिएपछि मात्र अदालतले सोही जग्गाबाट क्षतिपूर्ति भराइदिएको हो । तर पीडितहरूले पीडक चिनेका हुँदैनन् र अदालतलाई पीडकहरूको सम्पत्ति विवरण दिन सक्ने अवस्थामा हुँदैन । तिनले क्षतिपूर्ति पाउन सक्ने अवस्था नै छैन ।

अदालतले मालपोत कार्यालयमा ताकेता गरे तापनि मालपोत कार्यालयहरूले अदालतलाई भरसक जानकारी नै दिँदैनन् । अनि कतिपय दोषीको नाउँको जग्गा नै हुँदैन ।

नेपाल बार एसोसिएसन महोत्तरीका अध्यक्ष ठाकुर भन्छन्, "अभियुक्तसँग ठोस धरौटी रकम माग्ने व्यवस्था गरिदिने हो भने फैसलापछि दोषीको जमीन खोज्ने झन्झट पीडितमाथि पर्दैन । अदालतले नै दोषीको धरौटी जफत गरेर क्षतिपूर्ति भराइदिनुपर्छ । यसको लागि कानून नै संशोधन नगरी हुँदैन ।"

## राज्यको दायित्व

धादिङकी अधिकारकर्मी राधिका सापकोटा भन्छिन्, "अदालतले फैसला गर्छ, तर पीडितले सहयोग पाउँदैनन्, क्षतिपूर्ति पाउन झन्झट बेहोर्नुपर्दा पीडितहरू हतोत्साहित हुन्छन् । निवेदन देऊ, पीडकको जग्गा खोज, तारेख धाउँदा पनि क्षतिपूर्ति पाउने ठेगान हुँदैन । राज्यले नै क्षतिपूर्ति दिलाउने व्यवस्था नभएसम्म बलात्कार पीडितले न्याय पाउँदैनन् । अदालतले पनि दोषीहरूबाट कैद र जरिवाना असूल गरे जसरी नै पीडितहरूले पाउने क्षतिपूर्ति रकम पनि असूल गरिदिनुपर्छ ।"

अधिवक्ता कमल गुरागाईं भन्छन्, "अदालतले तोकेको क्षतिपूर्ति राज्यले तत्कालै दिलाइदिनुपर्छ । त्यो काम राज्यको हो । महोत्तरीको एउटा मुद्दामा दोषीसँग सम्पत्ति नभएकै कारण पीडितले क्षतिपूर्ति पाउन सकिनन् । यस्तो अवस्था रहनुहुन्न ।"

महान्यायाधिवक्ताको कार्यालयले बलात्कार पीडितको मेडिकल प्रतिवेदनका लागि देशभरिका अस्पतालमा एउटै ढाँचा प्रयोगका लागि तयारी गरे पनि कार्यान्वयन हुनसकेको छैन। बलात्कार पीडितको मेडिकल प्रतिवेदन तयार गर्न अस्पतालपिच्छे फरक-फरक ढाँचा अपनाइने गरिएको छ। ■

१ दिनेश सुनार, गोरखा

# नहरै नखनी रु. ६ करोड सकेपछि...

गोरखाको कुन्दुरटार र छेपेटारमा दरौंदीको पानी ल्याउने भन्दै १२ वर्षअघि शुरू गरिएको आयोजनाको नाममा रू.६ करोड सकिएको छ । तर त्यहाँ न पानी पुगेको छ, न नहर खन्ने काम पूरा भएको छ । सिंचाइ गर्ने नाममा अरू केही नभए पनि केही व्यक्ति मोटाउने काम चाहिं खुब भएको छ ।





१ र २. कुन्दुरटार गाउँको नहरको डोब ।
(तस्वीरहरूः दिनेश सुनार)

गोरखाको कुन्दुरटार ३५० हेक्टरमा फैलिएको समथर फाँट हो । गोरखा सदरमुकामबाट १४ किलोमिटर पूर्वतर्फ सडकसँग जोडिएको दरौंदी नदी किनारामा अवस्थित यो फाँटमा कुमाल जातिको बाहुल्य छ ।

यहाँका किसानले आफ्नो फाँटमा दरौंदीको पानी आउला र त्यसले उन्नत जातको धान फलाउने अनि तरकारी खेती गर्ने सपना देखेको १२ वर्ष भइसकेको छ । तर, तिनीहरूको खेतमा न धान फलेको छ, न त तरकारी नै । यस्तो सपना बोक्नेमध्येका हुन् कुन्दुरटारकै ८० वर्षीया केशबहादुर कुमाल । उनी भन्छन्, "सिंचाइ आयोजना अलपत्र हुँदा वर्षौंदेखि खेती गर्दै आएको घैया धान समेत अहिले फल्न छाडेको छ ।"

केशरबहादुर जस्तै कुन्दुरटारवासीको धान फलाउने आश समाप्त भएको छ । उनीहरूको सपना तुहिनुको कारण हो– सरकारले रु.६ करोड लगानी गरेको कुन्दुरटार सिंचाइ आयोजना कागजी लेनदेनमा नै सीमित बन्नु । अहिले कुन्दुनटारका लागि दरौंदी सिंचाइ उडायो सपना सबै हुरीले बोलको गीत सावित भएको छ । किनभने न त्यहाँ नहर छ, न पानी नै पुगेको छ ।

कुन्दुरटार सिंचाइ योजना राष्ट्रिय सिंचाइ कार्यक्रम हो । यो आयोजना आर्थिक वर्ष २०५७/५८ बाट शुरू भएको हो । त्यसबेला यस क्षेत्रका नेता थिए, कांग्रेसका प्रभावशाली नेता चिरञ्जीवी वाग्ले । उनकै पहलमा शुरू भएको यो आयोजनाका नाममा आएको करोडौं बजेट स्वाहा भएको छ । लाखौं रुपैयाँ खर्च भएको आयोजनाबाट किसानका खेतमा भने एक थोपा पनि सिंचाइ भएको छैन ।

क्षेत्रफलको हिसाबले गोरखा चौथो ठूलो जिल्ला हो । यस जिल्लाको करीब दुई लाख ५० हजार हेक्टर क्षेत्रफलमध्ये १५ हजार हेक्टरमा धान खेती गरिँदै आएको छ । जिल्लाको तीन हजार हेक्टरमा बाह्रै महीना सिंचाइ उपलब्ध छ । जिल्ला कृषि कार्यालय गोरखाका वरिष्ठ कृषि अधिकृत राजेन्द्र कोइरालाका अनुसार जिल्लाको बाँकी ३१ हजार हेक्टरमा मकै, कोदो, आलु, घैया, लगायतको खेती गरिँदै आएको छ ।

दरौंदीको पानी कुन्दुरटारमा ल्याउने नाममा बितेका १२ वर्षमा राज्यको

ढुकुटीको रु.६ करोड ३३ लाख खर्च भएको देखिन्छ। जसबाट छेपेटारमा १५० हेक्टर, कुन्दुरटारमा ३५० हेक्टर र अन्य साना फाँट सहित ५५० हेक्टर सिंचाइ गर्ने भनिएको थियो। तर सिंचाइको पैसा सकिएको छ, पानी दरौंदीमै बगिरहेको छ। उपभोक्ता समितिका कोषाध्यक्ष मानबहादुर कुमाल भन्छन्, "म कोषाध्यक्ष हुँ, तर मेरो नक्कली हस्ताक्षर गरेर रकम निकालेछन्। कामै नगरी सबै पैसा खाएका छन्।" सिंचाइ आयोजनामा भएको अनियमितताको कुरा उठाउँदा पार्टीको कुरा बाहिर लैजाने भन्दै निष्कासन गर्ने धम्की दिए।

उपभोक्ता समितिका सदस्य ऋषिराम सिग्देलका अनुसार सरकारी स्कूलका शिक्षकहरू रामबाबु कट्टेल, चुडा अर्याल लगायतले रातभरि माटो बोकेर पानी नै नबग्ने नहरमा चप्परी बोकेर पानी चलाएको भन्दै रु.५२ लाखको चेक लिएका थिए। उनी थप्छन्, "तर त्यो चेक मैले च्यातिदिएको थिएँ। उनीहरूले राति चप्परी बोकेको कसैले देखेका छैनन् र कुलोमा पानी चलेको पनि थाहा छैन्।" पश्चिमाञ्चल क्षेत्रीय सिंचाइ निर्देशनालयका सीडीई तथा सव-डिभिजन कार्यालय गोरखाका पूर्व प्रमुख भूपेन्द्र गौचन भन्छन्, "छेपेटारसम्म सिंचाइ गर्ने योजना समेत पूरा हुन सकेन। छेपेटारको १५० हेक्टरमा सिंचाइ हुनसक्थ्यो तर गरेनन्।" गौचनका अनुसार कुन्दुरटार सिंचाइ आयोजना सक्ने धेरै प्रयास गरे पनि सफल हुन सकेन। अहिले यो आयोजना अन्तर्गत आठ किलोमिटरसम्म मात्र पानी चलाउन सकिने अवस्थामा छ। "तर यो पानीले खोला र खोल्सीमा भन्दा अन्यत्र सिंचाइ गर्न मिल्दैन" छेपेटारका किसान शक्ति बस्नेत भन्छन्।

यो योजना अन्तर्गत छेपेटार क्षेत्रमा मात्र करीब १५० हेक्टर क्षेत्रफलमा सिंचाइ गर्न सकिन्छ। छेपेटारसम्म पानी आउँछ भनिए पनि सिंचाइ भने गरिएको छैन। बजार एरियामा पर्ने दुई किलोमिटर नहर पनि खनिएको छैन। गोरखामा कृषि उत्पदान हुने जमीन थोरै छ भने सिंचाइ हुने खेत त छँदै छैन। जिल्लामा उत्पादन हुने खाद्यान्नले खान पुग्दैन।

उत्पादन बढाउन तथा कृषि उपजलाई सहज बनाउन गरिएको लगानीको समेत बेहाल छ। सिंचाइ सव-डिभिजन कार्यालय गोरखाका प्रमुख लोकबहादुर थापा भन्छन्, "यस सिंचाइ आयोजना संचालन भएमा प्रति हेक्टर ३.५ सय टन धान फल्छ भने तरकारी बालीमा आलु तथा गोलभेंडा प्रतिहेक्टर दश टन र अन्य तरकारी बाली लगाएमा प्रति हेक्टर १५ टनसम्म फल्छ।"

छेपेटार र कुन्दुरटार सिंचाइ आयोजना संचालन भएमा दुई बाली धान लगाउँदा ३ हजार ८५० टन धान फल्छ। करीब बीस हजार टन तरकारी फल्ने सम्भावना छ। आयोजनामा विलम्ब र अनियमितता भएकोले स्थानीयस्तरमा यस सम्बन्धी विवाद पनि छ। विवादले गर्दा छेपेटार क्षेत्रमा करीब दुई किलोमिटर क्षेत्रमा नहर खनिएको छैन। यसबाट पाँच परिवार प्रभावित छन्। यदि त्यस ठाउँमा नहर खनिएमा एक घरको त आँगनबाटै जान्छ। स्थानीय बासिन्दाले बालबालिका खेल्ने र दुर्घटना हुनसक्ने भन्दै नहरलाई खुल्ला छाड्न नहुने भनेका छन्। नहर खन्ने भनिएको एउटा स्थानमा पूर्व सभासद् ज्ञानेन्द्र कुमालको घर छ।

सरकारले अन्यत्र ठेक्कामा नहर खनाए पनि बजार एरियामा खन्ने काम भने उपभोक्ता समितिको जिम्मा दिइएको छ। उपभोक्ता समितिका सदस्य समेत रहेका ऋषिराम सिग्देल भन्छन्, “उपभोक्ता समितिले सरकारी कर्मचारीलाई १५ प्रतिशत रकम कमिसन नदिने हुँदा बजारमा नहर नखनिएको हो।”

सिंचाइ सब-डिभिजन कार्यालय गोरखाका तत्कालीन प्रमुख डा. प्रकाशराज कँडेलले २०६८ जेठमा आफैंले गरेको टिप्पणीमा रु.४ करोड ८८ लाख ३३ हजार खर्च भइसकेको उल्लेख छ। कँडेलले टिप्पणीमा भनेका छन्, “नहर मर्मत र सम्भारका लागि छुटचाएको रु.७० लाख बजेट निकासाको माग गरिएको छ, तर काम भएको छैन।” पश्चिमाञ्चल क्षेत्रीय सिंचाइ कार्यालय पोखराका सिनियर डिभिजन इन्जिनियर शंकर थापाले आयोजनाको लागतभन्दा बढी खर्च भएको भन्दै पुन: डिजाइन गरेमा मात्र कार्यक्रम स्वीकृत हुने जवाफ दिएका छन्। पानी नचल्ने नहरको मर्मत र सम्भारका नाममा रकम माग गर्नु फेरि नहरका नाममा खाने दाउ भएको टिप्पणी गर्न थालिएको छ।

उपभोक्ता समितिका सदस्य समेत रहेका ऋषिराम सिग्देल भन्छन्, “दरौंदीले सिंचाइ आयोजनाको मुहान नै बगाइदिएको पाँच वर्ष भयो। खै कहाँ खर्च गरे त्यत्रो पैसा? हामीलाई त केही थाहा छैन।” तर सरकार भने मर्मतको नाममा रकम खर्च गरिरहेको छ। २०६६ सालमा पश्चिमाञ्चल क्षेत्रीय सिंचाइ निर्देशनालयका पदाधिकारी सहित छेपेटारसम्मको करीब ८ किलोमिटर क्षेत्रमा पानी चलाउने भनेर कार्यक्रम गर्न आएका थिए। त्यो कार्यक्रमको नाम नै एकदिने सिंचाइ कार्यक्रम हुन गयो।

छेपेटारका किसान शक्ति बस्नेत भन्छन्, “त्यस दिन पनि नहरमा

# माओवादीले बजेट खाए



**चिरञ्जीवी वाग्ले**
पूर्वमन्त्री

यो आयोजना आर्थिक वर्ष २०५७/५८ बाट शुरू भए पनि काम चाहिं शान्ति प्रक्रियासँगै शुरू भएको हो। आफूलाई विकासका हिमायती भन्ने पार्टी माओवादीले आयोजनाको पैसा खाएका हुन् । सिंचाइ फाँटमा पुगेर धान र तरकारी फल्नुपर्ने ठाउँमा माओवादीका कारण यो आयोजना नसकिएको हो । आयोजना सकिने जति पैसा सरकारले लगानी गरेको छ । सरकारले लगानी गरेको पैसा सबै माओवादीले खाए, आयोजना अलपत्र पारे ।

खासमा मैले त्यस क्षेत्रमा बस्ने कुमाल जातिको उत्थानको लागि यो आयोजना शुरू गरेको हुँ। पाखोबारीमा फलाएको खेतीको सट्टा सिंचाइ पुगेपछि एकबाली धान वा तरकारी लगाउँदा कुमाल वा अन्य जातिको आर्थिक अवस्थामा कायापलट हुने मेरो अनुमान थियो। तर मैले १२ वर्ष पहिले जे सपना देखेको थिएँ, त्यो साकार हुनसकेको छैन ।

यो आयोजनालाई जापानी सहयोगी नियोग (जाइका) ले पनि अध्ययन गरेर भनेको थियो- 'पहाडी क्षेत्रमा योभन्दा राम्रो सिंचाइ आयोजना अरू छैन ।' जाइकाले रु.८५ करोड लागतमा नहरमाथि पक्की सडक र मुहानमा पक्की बाँधको योजना सहितको डिजाइन गरेको थियो। पानी पनि बाह्रै महीना हुने र सिंचाइ गर्ने क्षेत्र बजार नजिक सडक पुगेको उत्पादित खाद्यान्न तथा तरकारी काठमाडौं, पोखरा वा नारायणगढ लैजान पनि सजिलो हुन्छ भन्ने थियो। तर माओवादी द्वन्द्वका कारण उनीहरू पछाडि हटे । त्यसपछि नेपाल सरकारले नै यस आयोजनालाई अगाडि बढाएको हो । कार्यक्रम शुरू भएको १२ वर्षसम्म कुन्दुरटार सिंचाइ आयोजना सकिएको छैन भन्दा मलाई पनि आश्चर्य लागेको छ । ■

दरौंदीको मुहानको पानी होइन, भलपानी चलाइएको थियो। रातभरि भल थुनेर दिउँसो नहरमा सिंचाइका लागि भनेर पानी चलाए। केही सरकारी अधिकारीले नहरमा पानी चल्यो भनेर रिपोर्ट बनाए। यस सिंचाइका लक्षित समूह कुन्दुरटारका किसान हुन्। तर कुन्दुरटारसम्म नहर नै खनिएको छैन। बस्नेत भन्छन्, "कुन्दुरटारवासीले दरौंदीको पानी छुन दरौंदी नै धाउनुपर्छ।"

केशरबहादुर कुमाल भन्छन्, "आयोजनाको पैसा सकियो। अब एक पार्टीले अर्कोलाई दोष दिँदै झगडा गरिरहेका छन्। पैसा अरूले खाए चोट किसानलाई। किसानलाई पानी छैन, अब बारीमा के लगाउने हो थाहा छैन।" पश्चिमाञ्चल क्षेत्रीय सिंचाइ निर्देशनालय र सिंचाइ सव-डिभिजन गोरखाका प्रमुखबीच पनि द्वन्द्व चलेको छ। क्षेत्रीय सिंचाइ निर्देशनालयका सिनियर डिभिजन इन्जिनियर शंकर थापा भन्छन्, "त्यस आयोजनामा लागत अनुमान भन्दा बढी देखियो। त्यसैले आयोजनाको पुन: डिजाइन गरेर ल्याउन निर्देशन दिएका थियौं। तर तत्कालीन सिंचाइ सव-डिभिजन गोरखाका प्रमुख डा. प्रकाशराज कँडेलले यस विषयमा वास्तै गरेनन्।"

डा. कँडेलले चाहिं आर्थिक वर्ष २०६८/६९ को रु.७० लाख बजेट निकासा गराउने धुनमा थिए। सव-डिभिजन गोरखाले आयोजना पूरा गर्नेभन्दा पनि रकम सक्ने क्रियाकलाप गरेको शंकामा क्षेत्रीय निर्देशनालयले बजेट रोक्का गरिदिएपछि आयोजना नै अलपत्र परेको थियो।

सिंचाइ सव-डिभिजन कार्यालय गोरखाका प्रमुख लोकबहादुर थापा चाहिं यस आयोजनालाई पुन: डिजाइन गर्न लागिपरेका छन्। उनी भन्छन्, "पुरानो डिजाइनमा धेरै खर्च भइसक्यो तर किसानले एक दिन पनि सिंचाइ गर्न पाएका छैनन्।" थापा भन्छन्, "आयोजनालाई पुन: डिजाइन गरेर यसलाई बहुउद्देश्यीय बनाउनुपर्ने हुन्छ।" थापाका अनुसार अहिलेको सरकारको नयाँ नियम अनुसार प्रति हेक्टर सिंचाइका लागि रु.३ लाखसम्म खर्च गर्न सकिन्छ। कुन्दुरटार सिंचाइ आयोजनामा यो अनुपात अनुसार कुल १५ करोडसम्म खर्च सकिन्छ।

उपभोक्तामध्येका एक विनोद पन्त पनि यस आयोजनाको बारेमा पुन: छलफल र सर्भे गरेर नयाँ डिजाइन गर्नुपर्ने बताउँछन्। अझै १० करोड खर्च गर्ने योजनामा रहेका थापाले आयोजनाका बारेमा उपभोक्ता समितिका सदस्य र किसानसँग भने एकपटक पनि छलफल गरेका छैनन्। थापाले पुन: डिजाइन र बहुउद्देश्यीय आयोजना बनाउने योजनामा आफू रहेको र

यसको पहल भइरहेको बताएका छन् । विना काम ६ करोड खर्च भएको यो आयोजनामा अब अझै कति खर्च हुने हो र त्यसबाट के हुने भन्न कठिन छ ।

गोरखा नगरपालिका वडा नं ८ का किसान ऋषिराम सिग्देल भन्छन्, "यहाँ राजनीतिक दल नमिले जति पैसाले पनि किसानले पानीको प्रयोग गर्न पाउँदैनन् । किसानका नाममा खाएर नअघाउने नेताका कारण यो आयोजना नबनेको हो ।" उनले थपे, "मैले त यत्तिसम्म देखें कि कहिल्यै माटो नछोएका मान्छेले ५२ लाखको माटो बोकें भनेर पैसा खाए। किसानले अब माटै खाने हो। उत्पादन गर्नका लागि खै सिंचाइ ?"

२०६४ को संविधानसभा निर्वाचन पछाडि गठन भएको नयाँ उपभोक्ता समितिका सहसचिव गोरखा नपा-११ का रामबहादुर खड्का भन्छन्, "सचिवको काम मैले नै गरेको हुँ।" खड्कालाई नै थाहा थिएन, सिंचाइबाट लाभान्वित घरधुरी र सिंचाइ हुने क्षेत्रफल कति हो भनेर। यस सिंचाइबाट सिञ्चित हुने जमीन नभएका खड्कालाई पार्टीले उपभोक्ता समितिको सचिव बनायो । खड्का भन्छन्, "सरकारले ठेक्का मार्फत काम गर्दा प्रभावित भयो। ठेकेदारले बजेट फोरफार गरे।"

### नयाँ बनेन, पुरानो चलेन

नयाँ सिंचाइ आउँछ भनेर छेपेटारमा सिंचाइ गर्दै आएको पुरानो सिंचाइ आयोजना समेत बन्द छ । छेपेटारको आधा भाग सिंचाइ गर्न बनाइएको सिर्दीखोला सिंचाइ आयोजना समेत नयाँ सिंचाइ आयोजना आउने भए पनि किसान तथा कृषि कार्यालयले वास्ता गरेन। पाँच वर्षदेखि यो सिंचाइ आयोजना समेत बन्द हुँदा किसानका फाँट बाँझै छन्। पहिले पुरानो सिंचाइ आयोजनाबाट सिंचाइ गरी खेत रोप्दै आएका किसानले अहिले त्यही बारीमा घैया रोपेका छन् । "विकास गर्ने भन्ने पार्टी र नेताका रुप धेरै देख्यौं तर उनीहरूले भनेको विकास जनताको होइन रहेछ आफ्नै रहेछ", स्थानीय मदन कुमालको कथन छ । ■

१०

**गणेश चौधरी,** कैलाली

## असुरक्षित वन र सार्वजनिक स्थल

# निरन्तर द्वन्द्वका मैदान

कैलालीमा नक्कली सुकुम्बासी, मुक्त कमैया र भूमाफियाले सार्वजनिक र वन क्षेत्रको जग्गा कब्जा गरेका छन् । सार्वजनिक जग्गा अतिक्रमणको यो महारोग अब वन तथा भूमिसुधार कार्यालयको पहलमा रोकिन नसक्ने अवस्थामा पुगेको छ । देशका राजनीतिक दलहरूले भोट र कार्यकर्ता संख्या बढाउन दोहोरो चरित्र प्रदर्शन गरेकोले यो समस्या कहिल्यै समाधान नहुने भएको छ ।

१


२


३


१, २ र ३. जंगल अतिक्रमण गरेर बसेको सुकुम्बासी र मुक्त कमैया बस्ती ।
(तस्वीरहरूः गणेश चौधरी)

मुक्त कमैयालाई जग्गा दिने विषयमा भूमिसुधार कार्यालयका कर्मचारी र मुक्त कमैयाबीच गएको माघमा कैलालीको बसौटीमा झडप र विवाद भयो । मुक्त कमैयाका लागि जग्गा नाप्न गएका भूमिसुधारका कर्मचारीमाथि मुक्त कमैयाले आक्रमण गरेकोले कर्मचारीले जग्गा नाप्न पाएनन् । कर्मचारीमाथि आक्रमण गरेको आरोपमा पाँच जना मुक्त कमैयालाई सार्वजनिक मुद्दा लगाइएको छ ।

सरकारले दिन लागेको डेढ लाखमा मुक्त कमैयाका लागि बाढीको प्रकोप भएको ठाउँको जग्गा कित्ताकाट गरेर वितरण गर्न लागिएकोले मुक्त कमैयाहरू भूमिसुधारका कर्मचारीमाथि जाइलागेका हुन् । सरकारी कर्मचारी विरुद्ध सार्वजनिक मुद्दा लागेका पाँच जना मध्ये रामफल, रामचन्द्र, बुधनी, विवश र मीना चौधरीलाई ७५ हजार तिराएर मुद्दा फिर्ता लिइएको छ । तर मुद्दा फिर्ता लिइए पनि उनीहरूको जग्गाको विषयमा भएको विवाद भने कायमै छ ।

कैलालीमा मुक्त कमैया, सुकुम्बासी र बाढीपीडितका नाममा सार्वजनिक जग्गा कब्जा गर्ने क्रम बढेपछि भूमि व्यवस्थापन जटिल बनेको अधिकारीहरूको तर्क छ । भूमिसुधार कार्यालय कैलालीका प्रमुख लक्ष्मण कठायत भन्छन्, “मुक्त कमैयालाई जग्गा दिने जिम्मा पाएको कार्यालयले करीब १४ सय बिघा जग्गा दिइसक्यो । अहिले ऐलानीको अभाव भएकोले नम्बरी जग्गा किनेर वितरण गर्न थालिएको छ ।”

२०५७ सालमा कमैया मुक्तिको घोषणा भएपछि किसानको घरबाट लखेटिएका मुक्त कमैया घरबारविहीन छन् । तिनका नाममा क्रियाशील संघसंस्थाले सार्वजनिक जग्गा तथा वन क्षेत्रमा मुक्त कमैयालाई बसाउन अभियान थालेपछि नक्कली कमैया बन्ने र जग्गा पाउने दौडधुप बढेको छ । पश्चिम पहाडबाट आफू सुकुम्बासी भएको भन्दै कैलाली ओइरिन थाले । तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराईले गठन गरेको सुकुम्बासी समस्या समाधान आयोग कैलालीमा झण्डै ४४ हजार परिवारले आफूलाई सुकुम्बासी दाबी गर्दै दिएको निवेदन त्यसकै प्रमाण हो । यथार्थमा कैलालीमा ४४ हजार सुकुम्बासी फेला पार्न सकिंदैन ।

सुकुम्बासीका नाममा सार्वजनिक जग्गा कब्जा गरी बस्दै आएकालाई सरकारले हटाउने प्रयास नगरेको होइन । नक्कली सुकुम्बासीले कब्जा गरेको टीकापुर बहुमुखी क्याम्पसको जग्गा खाली गर्न क्याम्पस व्यवस्थापन समितिले राजमार्ग नै बन्द गरेको थियो । तर, त्यो प्रयास विफल भयो ।

राजनीतिक दलका नेताले औपचारिक रूपमा जग्गा कब्जा गरी बस्नेलाई हटाउनुपर्छ भन्ने तर व्यवहारमा उल्टो गर्ने प्रवृत्ति हावी भएको छ । टीकापुर बहुमुखी क्याम्पसका प्रमुख केशर कुँवर भन्छन्, “दोहोरो भूमिका छ राजनीतिक दलहरूको । जग्गा अतिक्रमणकारी हटाउन सहमति गर्ने अनि अतिक्रमणकारीलाई जग्गा नछाड्न उक्साउने गरिएको छ। यसले समस्या जटिल बनाएको छ ।”

केही समयअघि जिल्ला वन अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन कार्यदलका संयोजक समेत रहेका कैलालीका प्रमुख जिल्ला अधिकारी वेदप्रकाश लेखकको अध्यक्षतामा बसेको बैठकले अतिक्रमित वन क्षेत्रमध्ये बसन्ता संरक्षित वन क्षेत्रको कोर एरियामा पर्ने पवेरा र रतनपुर गाविसमा भएको अतिक्रमण हटाउने निर्णय गरेको थियो। तर उक्त कार्यदलमा रहेका एनेकपा माओवादीका प्रतिनिधि शशिधर सुवेदीले त्यसमा नोट अफ डिसेन्ट लेखे । सोही कारण उक्त निर्णय कार्यान्वयन गर्न नसकिएको जिल्ला वन कार्यालयका प्रमुख मुरारीप्रसाद पोखरेलले बताए ।

राजनीतिक दलहरूले कमैया, सुकुम्बासी र वनको मुद्दामा भोटको राजनीति गर्ने गरेकाले सार्वजनिक जग्गा अतिक्रमणको समस्या विकराल बन्दै गएको छ । प्रायः दलले गएको चुनावमा जो जहाँ बसेको छ त्यसलाई त्यहींको जग्गा दर्ता गराइदिने आश्वासन दिएका थिए। यसले वन र जग्गा अतिक्रमणकारीको मनोबल बढाएको छ ।

त्यसो त मुक्त कमैया, सुकुम्बासी र बाढीपीडितका नाममा गैरसरकारी संस्था खोलेर कमाउ धन्दा गरिरहेका समूहले पनि जो सुकैलाई जग्गा कब्जा गर्न प्रोत्साहन गरेको टीकापुरका लालवीर चौधरी बताउँछन् । उनले भने, “अहिलेका मुख्य राजनीतिक दलले पहाडबाट हूलका हूल मान्छे बोलाउँछन् र जग्गा बाँड्छन् । डुडेश्वरी काण्ड त्यसको उदाहरण हो ।” उनले भने, “पहुँचमा रहेकाहरूले पहाडबाट आफ्ना मान्छे बोलाउँदै सुकुम्बासी भनेर जग्गा दर्ता गरिदिने गरेका छन् ।”

तर कैलालीको सार्वजनिक जग्गा तथा वन कमैया मुक्तिको घोषणापछि मात्र अतिक्रमणमा परेको होइन। सन् १९५० को औलो उन्मूलनपछि पहाडबाट

तराई झर्नेको लस्कर लाग्यो र वनमा अतिक्रमण बढ्दै गयो। कर्णाली र त्यसभन्दा पश्चिमका सबै नदी तथा खोलामा पुल र कुनाकाप्चासम्म जाने सडक बनेपछि दुर्गम मानिएको यो ठाउँ सुगममा परिणत भएको छ। यता आएर अतिक्रमणको केन्द्र बनिसकेको छ । कैलालीका अधिकांश ठाउँमा गोठका नाममा केही समय जंगलमा बस्ने र पछि त्यो जग्गा कब्जा गर्ने परिपाटी बसेको छ । शुरूमा गोठका रूपमा बसेको कर्णाली किनारको गोराङ्गे बस्तीलाई उठाउन सरकारले केही समयअघि क्षतिपूर्ति दिएको छ। राष्ट्रिय गौरवको आयोजना रानी जमरा र कुलरिया सिंचाइ आयोजनाले सिंचाइ कुलो निर्माण क्षेत्रमा अतिक्रमण गरी बसेको बस्तीलाई क्षतिपूर्ति दिएर हटाउन लागेको छ । सिंचाइ आयोजना शुरू गर्दा कर्णाली चिसापानीको इन्टेक निर्माण स्थलमा रहेको बस्तीलाई क्षतिपूर्ति दिइएको थियो भने अहिले गोराङ्गेमा रहेको बस्तीलाई क्षतिपूर्ति दिइएको छ ।

यसमा पनि राजनीतिक दलले फेरि राजनीति शुरू गरेका छन् । गोराङ्गेमा बसोबास गर्दै आएकाहरूको बसोबासका लागि अर्को व्यवस्था नभएसम्म दलहरूको सर्वदलीय समितिले बडखोलादेखि पूर्वमा पुनर्वासको पहल गर्ने निर्णय गरेको छ। त्यही निर्णय अनुसार गोराङ्गे बस्तीका मानिस अर्को ठाउँमा अतिक्रमण गरी बस्न थालेका छन् ।

सित्तैंमा जग्गा पाउने आशामा वादी जाति बलिया गाविसको बलचौरमा २६ माघ २०६३ देखि स-साना झुपडी हालेर बस्दै आएका छन्। त्यसैगरी राजीहरू खैलाड गाविसको वन क्षेत्रमा बस्दै आएका छन्। बलिया गाविसको राजमार्ग किनारमा बस्दै आएका वादीले जग्गा नपाएपछि जिल्ला प्रशासन र मालपोत कार्यालय कैलालीमा पटक-पटक धर्ना पनि दिइसकेका छन् । बलिया गाविसको बलचौरमा रहेको वादी बस्ती बसाल्न वादी समुदायको हकहितका लागि कार्यरत सामुदायिक सहयोग समितिको भूमिका रहेको अर्जुन वादी बताउँछन्। उनले भने, “सामुदायिक सहयोग समितिलाई एक्सन एडले सपोर्ट गरेको थियो त्यतिखेर। जग्गा कब्जा गर्न रु.३० हजार एक्सन एडको सपोर्ट भएको थियो । त्यही पैसामा विभिन्न जिल्लाबाट भूमिहीन वादी बोलायौं ।”

कैलालीमा सार्वजनिक जग्गा कब्जा गर्ने होडबाजी चल्ने गरेको छ । मालपोत कार्यालयले सार्वजनिक जग्गा सुटुक्क व्यक्तिका नाममा पनि दर्ता गर्ने गरेकोले भू-माफियाहरूको चलखेल अरू बढेको छ। मालपोत कार्यालय टीकापुरले केही समयअघि टीकापुर नगरपालिका-८ वनगाउँमा रहेको मगर

संघको जग्गा अरू नै व्यक्तिको नाममा दर्ता गरेको पाइएको छ। त्यसको विरोध भएपछि उक्त जग्गा मगर संघकै नाममा दर्ता कायम भएको छ। त्यस्तै पथरैया गाविस-२, ४ र ६ का केही बासिन्दा अनि जोशीपुर-७ हसनापुरका १३७ घरपरिवारको जग्गा जग्गाधनीलाई थाहै नदिई अरूकै नाममा दर्ता श्रेस्ता कायम गरिएको थियो।

यसरी नै दोधरा गाविसको बर्दगोरिया अस्पतालछेउको सार्वजनिक जग्गा कब्जा गर्ने प्रयास पनि भएको थियो। उक्त स्थानको करीब तीन कट्ठा जग्गामा माओवादीले सामुदायिक अस्पताल बनाउने भन्दै शिलान्यास गरेपछि बौनियाका स्थानीयले त्यसको विरोध गर्दा माओवादी प्रयास विफल भयो। बलिया गाविस-२ मा रहेको करीब ६ कट्ठाको प्राकृतिक ताल चुडामणि भण्डारीले आफ्नो बनाएर पटानी थाले। ताल पटानी गर्न थालेपछि स्थानीयले उनीसँग सोधीखोजी गर्दा जग्गा आफ्नो भएको दाबी गरे। २ साउन २०६८ मा तिरो तिरेको रसिद पनि उनले स्थानीयलाई देखाए। तर त्यो रसिदको तिरो तिरेको रेकर्ड गाविसमा भेटिएन। सार्वजनिक ताल व्यक्तिले यसरी कब्जा गरेपछि स्थानीय भागीरथ चौधरीको संयोजकत्वमा एउटा संघर्ष समिति बन्यो। समितिले उक्त ताल भण्डारीको कब्जामा जान दिएन। मालपोत कार्यालय टीकापुरका प्रमुख कोइराला कर्मचारीको लापरबाही र बदमासीका कारण सार्वजनिक जग्गा नक्कली सुकुम्बासी, भू-माफिया र व्यक्तिका नाममा दर्ता हुने गरेको बताउँछन्। उनी भन्छन्, "कसैको उजुरी परे कर्मचारीलाई कारबाही हुन सक्छ, नभए त्यस्तै हो।" उनले भने, "२०६१ सालमा माओवादीले कार्यालयमा आगजनी गरेपछि कैलालीमा कति नम्बरी जग्गा छ भन्ने पनि थाहा छैन।"

विगतमा भूमिसुधार कार्यालयले मात्र जग्गा दर्ता गर्ने गरेकोमा यता आएर मालपोत कार्यालय, जिल्ला विकास समिति, सुकुम्बासी आयोग लगायतले जग्गा दर्ता गर्न थालेपछि जग्गाको यकिन तथ्याङ्क नभएको भूमिसुधार कार्यालय कैलालीका अधिकृत लक्ष्मण कठायतले बताए। उनले भने, "भूमिसुधारको नाम छ। तर नाम अनुसारको काम छैन।" एकीकृत भू-सूचना प्रणाली नभएकोले वास्तविक कमैया, सुकुम्बासी छुटयाउन नसकिएको उनले बताए। उनले भने, "यस्तै हो भने यो नेभर इन्डिङ्ग प्रोसेस भइरहन्छ।"

कैलालीमा सबैभन्दा धेरै वन क्षेत्रकै जग्गा अतिक्रमणमा परेको वन कार्यालयले जनाएको छ। उक्त कार्यालयको अनुमानमा कैलालीको करीब

२० हजार हेक्टर वन क्षेत्र अतिक्रमणमा परिसकेको छ । जिल्ला वन अधिकृत मुरारीप्रसाद पोखरेल भन्छन्, “वन व्यवस्थापन रणनीति अनुसार जग्गा अतिक्रमण गर्नेलाई हटाउने कुरा हो। तर पोलिटिकल कमिट्मेन्ट नै भएन, हाम्रो मात्रै प्रयासले यो काम सम्भव छैन ।” मालपोत ऐन २०३४ मा कसैले पनि अनुमति नलिई कुनै पनि सार्वजनिक जग्गा आवाद गर्न नपाइने व्यवस्था छ। तर, कैलालीमा विना अनुमति जथाभावी सार्वजनिक जग्गा कब्जा गरी आवाद गर्ने र बसोबास गर्ने परम्परा बसेको छ। यो काममा नक्कली मुक्त कमैया र नक्कली सुकुम्बासीको बोलवाला बढेकोले वास्तविक मुक्त कमैया र सुकुम्बासीको समस्या अरू जटिल बनेको छ।

कैलालीका प्रमुख जिल्ला अधिकारी वेदप्रकाश लेखक ऐलानी पर्ती जग्गाको रेखदेख र संरक्षण स्थानीय निकाय अन्तर्गतका गाविस, नगरपालिकाले गर्नुपर्ने भए पनि ती निकायले त्यसो नगरेको बताउँछन् । उनले भने, “ऐलानी पर्ती जग्गामा बसेकाबाट गाविस नगरपालिकाले तिरो उठाएर बस्न दिइरहेका छन् ।” सार्वजनिक तथा वन क्षेत्रको जग्गा वन माफिया र दलालका कारण अतिक्रमण भइरहेको उनको कथन छ । उनले भने, “माफियाले तराईमा जग्गा खुलेको हल्ला पिट्छन् । पहाडका मान्छेले त्यो हल्ला सुनेपछि पहाडको जग्गा बेचेर तराई झर्छन् र वन कार्यालयले हटाउन थाल्दा ऊ सुकुम्बासी भइसकेको हुन्छ ।”

कैलालीमा सार्वजनिक जग्गा अतिक्रमण गरी बसेकालाई हटाएर पनि समस्या समाधान भइहाल्ने अवस्था नरहेको लेखकले बताए । उनले भने, “सुकुम्बासी, हुकुम्बासी, मुक्त कमैया, गैर मुक्त कमैया सबै छ्यासमिस भएर एकै ठाउँमा बसेका छन्। पहिचान गर्न पनि कठिन भएको छ। यो समस्या समाधान गर्न सुकुम्बासी समस्या समाधानका लागि भूमिसुधार मन्त्रालयले अभियानका रूपमा कार्यक्रम संचालन गर्नुपर्छ ।”

नेपालमा सुकुम्बासी समस्या उहिलेदेखिको हो । यसको समाधानका लागि २०४८ सालदेखि सुकुम्बासी समस्या समाधान आयोग बने तापनि आयोग समस्या समाधानतिर लाग्नुको साटो सत्तारुढ दलका स्थानीय र केन्द्रीयस्तरका नेता कार्यकर्ताको जागीर खाने थलो बन्दै आएको छ । नेपालमा वास्तविक सुकुम्बासी कति छन् भन्ने सही तथ्याङ्क छैन । अहिलेसम्मको सुकुम्बासी आयोगमा सबै कर्मचारी सत्तारुढ दलसँग आवद्ध हुने हुँदा जग्गा पनि वास्तविक सुकुम्बासीले नपाई आफ्नै दलका कार्यकर्ताले मात्र पाउने संस्कृति रहँदै आएको हो ।

कैलालीमा जग्गा कब्जाको कथा पुरानै छ। केही वर्ष अघिदेखि यहाँ मुक्त कमैया, सुकुम्बासी, बाढीपीडित आदिका नाममा यहाँको सार्वजनिक खाली तथा वनको जग्गा कब्जा हुँदै आएको हो। पछिल्लो चरणमा सुकुम्बासीका नाममा बलिया गाविसको डुडेश्वरीमा बसेकालाई प्रहरी प्रशासनले उठाउन खोज्दा भिडन्त भयो। भिडन्तमा एक प्रहरीसहित तीन जनाको ज्यान गयो। जसमा प्रहरी जवान पदम ऐडी, २२ वर्षीय नरेन्द्र विक र रूपलाल थारू तथा माओवादीका कैलाली जिल्ला सचिवालय सदस्य संजय ढकाल छन्। त्यो घटनामा सयौं घाइते भए। कैलालीको डुडेश्वरीमा सुकुम्बासीका नाममा मानिसहरू बस्न आएपछि सरकारले उनीहरूलाई बल प्रयोग गरी हटाएर त्यहाँ सशस्त्र प्रहरीको बेसक्याम्प बसालेको छ। सुकुम्बासीका छाप्राका ठाउँमा सशस्त्र प्रहरीको बस्ती बसेको छ। डुडेश्वरीमा जग्गाको आशामा आएका मानिस घर फर्किए पनि केही सुकुम्बासी भने मातृभूमि सामुदायिक वनछेउमा बस्दै आएका छन्। ■

११ **श्रवणकुमार देव,** सप्तरी

# वन्य–स्रोतको लागि द्वन्द्व

सप्तरीमा वन कर्मचारी, काठ तस्कर, प्रहरी र उपभोक्ता समितिका पदाधिकारीबीच काठ तस्करीबाट हुने आम्दानीका लागि हुने गरेको आपसी कलह र द्वन्द्वले हिंसात्मक रूप लिएको छ । वन जोगाउने जिम्मा पाएकाहरूबाट भएका अनियमितताको कारणले सप्तरीको वन त सखाप पारेकै छ, काटिएका काठ पनि बाँकी छैनन् । त्यसले भ्रष्टाचार र हिंसाको जालो पनि फैलाउँदै गएको छ । वन तस्करीलाई समयमै नरोक्ने हो भने सामाजिक हिंसाले भयंकर रूप लिने सम्भावना देखिएको छ ।

१



२



१ र २. सप्तरीमा जंगल मासेर काठ चोर्ने र हराउने सिलसिला ।
(तस्वीरहरूः श्रवणकुमार देव)

असोज २०७० मा सप्तरीको धर्मपुरमा वन गस्ती टोली र काठ तस्करबीच दुई पटक भिडन्त हुँदा गोली लागेर एक जनासहित आधा दर्जन घाइते भए। तस्करहरूले गस्ती टोलीका सदस्य जमदार जितेन्द्रप्रसाद गुप्ताबाट पाँच राउण्ड गोली लुटे। भिडन्तपछि २३ असोजमा दिनभर धर्मपुर तनावग्रस्त रह्यो। तथापि वन कर्मचारीहरूले १३.३४ क्यूबिक फिटको काठ नियन्त्रणमा लिए। तर अहिले त्यो काठ कुनै अभिलेखमा छैन, कतै फेला पर्दैन।

२२ पुस २०७० मा घोघनपुरको जंगलमा लुकाएर राखिएको ३.४३ क्यूबिक फिट काठ बरामद भएको इलाका वन कार्यालय रूपनगरका रेञ्जर उमेश यादवले बताएका थिए। यादव नेतृत्वकै गस्ती टोलीले तस्करले ठेलामा हालेर लैजाँदै गर्दा काठसहित एक जनालाई १६ माघमा धर्मपुरबाट नियन्त्रणमा लिएका थिए। त्यतिबेला ५.७५ क्यूबिक फिट काठसहित पक्राउ परेका कंचनपुर-९ का २८ वर्षीय राजदेव राम रिहा भएका छन्। तर, यी दुवै ठाउँबाट बरामद गरिएका काठ भने बेपत्ता पारिएको छ। वन कार्यालयमा बरामद काठको कुनै अभिलेख छैन।

२९ पुस २०७० रूपनगरस्थित खयरवनबाट २४ थान काठको फेन्टासहित रूपनगर-८ का खड्गबहादुर भुजेल पक्राउ परे। भुजेललाई छाडिए पनि २४ थान काठ भने बेपत्ता पारिएको छ। इलाका वन कार्यालय रूपनगरका एक कर्मचारी भन्छन्, "उक्त काठ वनका कर्मचारीले बेचेर खाइसके।" ५ मंसीर २०६५ मा इमामुद्दिन अन्सारी सप्तरी जिल्ला वन प्रमुख हुँदा ४६.६४ क्यूबिक फिट काठ लिलामी गरिएको थियो। त्यसपछि अहिलेसम्म लिलामी प्रक्रिया अपनाइएको छैन। त्यसपछि बरामद गरिएका सम्पूर्ण काठबारे मुद्दा चलिरहेका कारण लिलामी हुन नसकेको जिल्ला वनले जनाएको छ। तर, बरामद गरिएका काठ भने कतै फेला परेका छैनन्। अग्निपीडितलाई दैवी प्रकोप उद्धार समितिले वितरण गर्ने काठ पाँच वर्षदेखि वितरण गरेका छैनन्। समितिको सिफारिश लिएर प्रत्येक वर्ष एक हजारभन्दा बढी अग्निपीडित वन कार्यालय काठका लागि आउने गरेका छन्। तर कसैलाई पनि काठ दिन नसकिएको वन कार्यालयले

जनाएको छ । सप्तरीमा अहिले एक हजारभन्दा बढी क्यूबिक फिट काठ गायव पारिएको छ ।

वन कार्यालयले विना अनुमति कटानी गरेको भन्दै पठरुदह सामुदायिक वन उपभोक्ता समितिबाट नियन्त्रणमा लिएको काठमध्ये धेरै गायव पारिएको छ । "पठरुदहबाट थुप्रै काठ बरामद गरिएको थियो । अहिले खोज्यो भने भेटिंदैन । कर्मचारीले बेचेर खाइसके जस्तो छ", स्थानीय पत्रकार वृजमान तामाङले भने । दौलतपुर रेञ्जपोष्टमा पनि बरामद गरिएकामध्ये तीन थान (२.२५ क्यूबिक फिट) काठ रेञ्जपोष्टमा फेला परेन । सहायक वन अधिकृत सुरेन्द्रप्रसाद चौधरी ठाडै भन्छन्, "यहाँ कुनै किसिमको काठ छैन ।" जिल्ला वनको तथ्याङ्कमा भने उक्त रेन्जरपोस्टमा तीन थान काठ रहेको विवरण छ ।

पिप्रा पश्चिमस्थित पञ्चकन्या सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष कमल थापाको जिम्मामा रहेको ३३० थान काठमध्ये २५ थान मात्र फेला परेको छ । अध्यक्ष थापा भन्छन्, "स्थानीयहरूले लिएर जान्छन्, मैले के गर्नु ?" यता दौलतपुर-४ निवासी सर्वसाधारण चान्द चौधरीको जिम्मामा १२ थान (१७१.४७ क्यूबिक फिट) बेवारिसे काठ रहेको आँकडा छ । चौधरीको भनाइ चाहिं यस्तो छ, "मेरो जिम्माको सबै काठ सहायक वन अधिकृत बलमलाल चौधरीले लगेका छन् । मलाई थाहा छैन ।"

सुन्दरी सामुदायिक वन उपभोक्ता समिति धर्मपुरका सदस्य खगेन्द्र पोखरेलको यस्तो अनुभव छ । १ फागुन २०६७ मा तत्कालीन सहायक वन अधिकृत प्रकाश ठाकुरले दायर गरेको मुद्दामा ६ थान काठ पोखरेलको जिम्मा लगाइएको उल्लेख छ । तर पोखरेलले भने उक्त काठ ठाकुर आफैंले लगेको बताएका छन् ।

२ मंसीर २०६६ मा तत्कालीन मैनाछरका सामुदायिक वन उपभोक्ता समिति रूपनगरका सदस्य बमबम भनिने मो. सलिमको जिम्मामा २६.८५ क्यूबिक फिट बेवारिसे काठ रहेको वन कार्यालयको आँकडाले देखाएको छ । तर बमबम भने आफ्नो जिम्मामा कुनै काठ नरहेको बताउँछन् । उनी भन्छन्, "त्यसबेला मैले तस्करीको काठ पक्राउ गराइदिएबापत पुरस्कार स्वरूप केही काठ पाएँ । तर त्यो लिइनँ, तत्कालीन नेकपा माओवादीका नेता देवनाथ यादवले लिएर गए ।"

फत्तेपुरस्थित झरीखण्ड सामुदायिक वन उपभोक्ता समूहकी अध्यक्ष इन्द्रादेवी राय यादवको जिम्मामा २९३.९० क्यूबिक फिट बेवारिसे काठ

रहेको वन कार्यालयको तथ्याङ्कले देखाए पनि त्यो काठ कहाँ छ कसैलाई थाहा छैन । अहिले उक्त वन समूहकी अध्यक्ष रहेकी मूर्तिदेवी चौधरीले इन्द्रादेवी काठमाडौंमा बस्न थालेको र काठबारे आफूहरूलाई कुनै जानकारी नरहेको बताइन् ।

बेवारिसे शीर्षकमै जिल्ला वन कार्यालय प्राङ्गणमा ३२ थान (१०१.४४ क्यूबिक फिट) सिसौको काठ रहेको तथ्याङ्कले देखाए पनि त्यहाँ २५ थान काठ मात्र पाइएको छ ।

खोज्दै जाँदा रूपनगर इलाका वन र पूर्वी सेक्टर कंचनपुर दुवैको गरी २१ वटा टुना पूर्वी सेक्टरमा फेला परेको छ । आफ्नै कर्मचारीको संलग्नतामा ६ असार २०७० मा खाल्डोमा लुकाएको अवस्थामा फेला परेको १७ थान, एसएसपी कार्यालय राजविराजको गाडीबाट बरामद भएको तीन थान र थप ६ गरी २६ थान गोलिया टुना रहनुपर्नेमा २१ वटा मात्र फेला परेको छ। खाल्डोबाट फेला परेको १७ थान र एसएसपी गाडीबाट बरामद भएको काठको बारेमा वन कार्यालयको लिखित कागजमा कुनै किसिमको चर्चा गरिएको छैन। पूर्वी सेक्टरका जमदार जितेन्द्रप्रसाद गुप्ताले खाल्डोबाट झिकिएको भनिएका काठमध्ये ११ थान मात्र देखाएको छ। बाँकी फेरि बेपत्ता पारिएको छ ।

### काठको गाईजात्रा

६ असार २०७० मा रूपनगर गाविस ६ स्थित बाँसघारीबाट ११ थान, खाल्डोमा गाडिएको दुई थान र घाँसपातको झाडीमा लुकाएर राखिएको चार थान गरी १७ थान गोलिया काठ फेला पऱ्यो । १२४ क्यूबिक फिट परिमाणको उक्त काठमा रूपनगर रेञ्जपोष्टका रेञ्जर दिनेश यादवसहितका कर्मचारीको संलग्नता देखिएपछि वनको क्षेत्रीय कार्यालय विराटनगरले उनीमाथि छानबीन गरेको थियो । तर, यादव सरुवा भएर खोटाङ गइसकेकोले उनीमाथि कुनै कारबाही भएको छैन । तथापि अहिले अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उनले लुकाएको काठबारे अनुसन्धान शुरू गरेको छ ।

१६ साउन २०७० मा नेपाल प्रहरीको बा.१ग. २२०१ नम्बरको वान्टेड गाडीमा लोड गरी ल्याइरहेको अवस्थामा स्थानीयहरूले तीन थान गोलिया काठ नियन्त्रणमा लिएका थिए। सगरमाथा अञ्चल प्रहरी कार्यालय राजविराजको उक्त गाडी स्थानीयहरूले घेरेपछि प्रहरीले गाडी भगाएर लैजाने

प्रयास गरेको थियो। स्थानीयहरूले फत्तेपुर विद्यालय अगाडिबाट पुनः उक्त गाडी आफ्नो नियन्त्रणमा लिए।

३५ क्यूबिक फिटको उक्त काठ र गाडीलाई अनुसन्धानका लागि इलाका वन कार्यालय कंचनपुरमा राखियो र पछि गाडीलाई छाडिएको थियो। यो घटना सार्वजनिक भएलगत्तै तत्कालीन सगरमाथा प्रहरी प्रमुख एसएसपी भोगबहादुर थापालाई कारबाही स्वरूप प्रहरी प्रधान कार्यालय झिकाएर अर्का एसएसपी श्यामबहादुर खत्रीलाई पठाइएको थियो। यो घटना पनि वन कार्यालयको अभिलेखमा छैन। नियन्त्रणमा लिइएको उपरोक्त काठको समेत कुनै रेकर्ड वन कार्यालयमा छैन।

## गाविस सचिव पनि तस्कर

३ कात्तिक २०७० मा रायपुरस्थित खाँडो नदीबाट को.१त. ४६४३ नम्बरको ट्याक्टरमा बालुवामुनि लुकाइएको अवस्थामा सशस्त्र प्रहरीले ५५ थान काठ नियन्त्रणमा लियो। पछि बुझ्दै जाँदा ट्याक्टर र उक्त काठ रूपनगर गाविसका सचिव कासिम मियाँको रहेको खुल्यो। रूपनगर गाविस-४ निवासी उनले त्यहीं विगत आठ वर्षदेखि स-मिल संचालन गर्दै आएका छन्।

सशस्त्र प्रहरी सीमा सुरक्षा कार्यालय सप्तरीको तथ्याङ्कले आर्थिक वर्ष २०७०/७१ मा ३१४.३५ क्यूबिक फिट काठ बरामद तथा नियन्त्रणमा लिएको देखाउँछ। वन कार्यालय सप्तरीको तथ्याङ्कमा भने १४८ क्यूबिक फिट मात्र काठ बरामद गरेको देखाइएको छ ।

एक वर्षमा (२०७० साउनदेखि २०७१ असारसम्म) नेपाल प्रहरीले ५५८.७५ क्यूबिक फिट काठ बरामद गरी जिल्ला वनलाई बुझाएको तथ्याङ्क दिए पनि जिल्ला वनले ७१.४४ क्यूबिक फिट काठ मात्र नेपाल प्रहरीबाट प्राप्त भएको उल्लेख गरेको छ। नेपाल प्रहरीले ११ पटक काठ बरामद गरेर बुझाएको जनाएको छ भने वनले आफ्नो तथ्याङ्कमा प्रहरीले तीन पटक मात्र बुझाएको उल्लेख गरेको छ। प्रहरीले २५ कात्तिक २०७० मा ना.५ख ६१७ नम्बरको ट्रकमा लोड गरिएको ५५८.७५ क्यूबिक फिट काठ फत्तेपुरबाट नियन्त्रणमा लिई जिल्ला वनलाई बुझाएको जनाएको छ। तर यो ट्रकलाई त्यहीबेला आर्थिक प्रलोभनमा परेर जिल्ला वन कर्मचारीले छाडेको एक कर्मचारी बताउँछन्। जिल्ला प्रहरीका प्रवक्ता डीएसपी राजकुमार बैदवार भन्छन्, "नियन्त्रणमा लिइएको सबै काठ वनलाई बुझाइसकिएको छ।"

## उपभोक्ता समितिको बद्‌मासी

गंगाजली सामुदायिक वन उपभोक्ता समिति फत्तेपुर ८ बलार्दहको कार्यालय परिसरमै वनबाट काटेर ल्याएको एक सयभन्दा बढी साखुको गोलिया १५ चैत २०६७ मा फेला पऱ्यो । समितिका पदाधिकारीहरूले नै काठ कटान गरेको खुल्न आएपछि त्यसबेला इलाका वन कार्यालय कंचनपुरका अधिकारीहरूले छानबीन गरेका थिए। तर मुद्दा भने १२ माघ २०६८ मा चलाइयो । त्यतिबेला ८०६.६५ क्यूबिक फिटको ११८ थान काठ अवैध रहेको भन्दै मुद्दा चलाइए पनि अहिले गंगाजली वन उपभोक्ता समूहभित्र त्यति काठ छैन। समूहका अध्यक्ष सुकदेव चौधरी भन्छन्, "बाढीले बगाएका काठहरू बर्बाद हुने भएकाले हामीले वन कर्मचारीको निर्णयमा बेच्ने तयारी गर्दा हामीविरुद्ध मुद्दा चलाइएको हो ।" तर उनको भनाइलाई त्यतिबेलाका सोही वन समितिका उपभोक्ता लक्ष्मी साह खण्डन गर्छन्, "वन क्षेत्रबाट पदाधिकारीहरूले नै काठ कटान गरेर बेच्न लागेका हुन्। त्यसैले मुद्दा चलेको हो ।" जेठ २०६४ मा गाईगोठ सामुदायिक वन उपभोक्ता समिति कंचनपुर रूपनगरले २५० क्यूबिक फिट काठ कटानी गर्ने आदेश पाएकोमा दुई हजार क्युबिक फिट काठ कटान गरेको पाइएको थियो ।

समितिका तत्कालीन अध्यक्ष शिवनारायण साह, सचिव हरि यादव र कोषाध्यक्ष पोषराज खतिवडाको मिलेमतोमा भएको काठ कटानीपछि जिल्ला वन कार्यालयले इलाका वन कंचनपुरलाई कारबाही गर्न सिफारिश गरेको थियो । तर उनीहरूलाई कुनै कारबाही भएको छैन । अहिले पनि वन समूहका पदाधिकारी तथा उपभोक्ता रूख काट्न सक्रिय छन् । गस्तीमा खटिएको वन कर्मचारी र वन पदाधिकारीको संयुक्त टोलीले २२ पुस २०७० को राति घोघनपुर गाविसको पौडाहा खोलाबाट काठसहित तीन जनालाई पक्राउ गरेको छ। पक्राउ पर्ने कंचनपुर-८ का २० वर्षीय शंकर महतो, १४ वर्षीय सञ्जय महतो र १४ वर्षकै राजेश महतो निकुरीटिकुरी सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारी थिए। ४.४३ क्यूबिक फिट काठ ल्याउँदै गरेका उनीहरूसँगको काठ बरामद गरी एक वर्षसम्मका लागि उपभोक्ता समितिबाट निलम्बन गरी रिहा गरिएको छ ।

काठ चोरी गर्ने मात्र होइन, आन्तरिक अनियमिततामा समेत डुबेका छन्– वन समितिका पदाधिकारीहरू । कनकपट्टी सामुदायिक वन उपभोक्ता समिति खोक्सर ६ र ७ कनकपट्टीका उपभोक्ताहरूले ६ वर्ष अगाडि काठ बिक्रीबाट आएको रकम बाँडफाँड गरेको आफैंले स्वीकार गरेका छन् ।

२०६४ असारमा सुनसरीको हाँसपोसास्थित हिमाल कत्था उद्योगलाई बिक्री गरेको खयरको काठबापतको करीब रु.४ लाख र दाउराबाट आएको रु.४ लाख गरी रु.८ लाख रकम समितिका पदाधिकारीले ऋवाम पारेका हुन् । तर, उनीहरूलाई अहिलेसम्म कुनै कारबाही भएको छैन । ■

१२ कमल पराजुली, ललितपुर

# व्यावसायिक बन्दैछन् पूर्व लडाकू

लामो समय बन्दूक बोकेका पूर्व लडाकूलाई फेरि समाजमा फर्केर बस्न केही असजिलो भयो । तर व्यावसायिक काममा लागेपछि विस्तारै सहज हुँदै गएको उनीहरूको अनुभव छ ।









१. पूर्व लडाकू प्रवीण थापामगर ललितपुरको चापागाउँमा रहेको आफ्नै बंगुर फार्ममा ।
२. पूर्व लडाकू जीवनाथ घिमिरे काठमाडौंको सुन्दरीजलमा रहेको टमाटर टनेलमा ।
३. पूर्व जनमुक्ति सेनाको ब्रिगेड कमाण्डर र तेस्रो डिभिजनको सचिव रहेका प्रकाश जिएम अविरल काठमाडौंको गोंगबुमा चलाएको होटलमा ।
४. पूर्व लडाकू नारायण नगरकोटी सुन्दरीजलमा खोलेको फर्निचर उद्योगमा काम गर्दै ।
(तस्वीरहरू: कमल पराजुली)

- २०५८ सालदेखि करीब १० वर्षसम्म तत्कालीन नेकपा माओवादीको जनमुक्ति सेनामा बिताएका ललितपुर इकुडोलका प्रवीण थापा मगर दुई वर्षदेखि ललितपुरको चापागाउँमा बंगुर पालेर बसेका छन् । जनमुक्ति सेनामा कम्पनी कमाण्डर रहेका थापाले स्वेच्छिक अवकाश लिंदा रु.६ लाख पाएका थिए । यसमा केही ऋण पनि थपेर रु.१२ लाखको लगानीमा शुरू गरेको बंगुर फर्ममा अहिले माउ र बच्चा गरेर ४० वटा बंगुर छन् । यही व्यवसायबाट वर्षको रु.४ लाखसम्म कमाउन थालेको उनले बताए ।
- शान्ति प्रक्रियामा आएर स्वेच्छिक अवकाश रोजेका पूर्व लडाकूहरू अहिले आ-आफ्ना व्यवसायमा लागेका छन् । तीमध्येका एक हुन्- गोर्खाका जीवनाथ घिमिरे । स्वेच्छिक अवकाशबाट फर्कंदा रु.५ लाख पाएका उनी अहिले त्यही पैसा लगाएर काठमाडौंको सुन्दरीजलमा तरकारी खेती गरेर बसेका छन् । भाडामा लिएको चार रोपनी जमीनमा उनले शुरू गरेको तरकारी खेतीबाट वर्षमा रु.२ लाख जति कमाउन थालेको उनी बताउँछन् । उनी भन्छन्, “अब त परिवार पनि पाल्नुपर्‍यो नि !”
- जनमुक्ति सेनामा सबैले छिरिङ भन्ने ललितपुर बुखेलका इन्द्रबहादुर तामाङले पनि चापागाउँमा गोलभेंडा खेती गरिरहेका छन् । जनमुक्ति सेनामा कम्पनी कमाण्डर रहेका उनले त्यतिबेला पाएको रु.६ लाखबाटै यो व्यवसाय शुरू गरेका हुन् ।
- स्वेच्छिक अवकाशमा फर्किएका पूर्व लडाकूहरू यस्तै खेतीपाती र अन्य व्यवसायमा लागेका छन् । पूर्व जनमुक्ति सेनाको ब्रिगेड कमाण्डर र तेस्रो डिभिजनको सचिव रहेका प्रकाश जीएम अविरलले अहिले काठमाडौंको गोंगबुमा होटल चलाइरहेका छन् । स्वेच्छिक अवकाशबाट पाएको रु.७ लाख र बाँकी अरू तीन जना साथी मिलेर रु.२१ लाखको लगानीमा शुरू गरेको होटलमा आउने पाहुनाको सत्कार गर्न उनलाई अहिले भ्याईनभ्याई छ ।
- काठमाडौं आलापोटका नारायण नगरकोटी जनमुक्ति सेनामा रहँदा थुप्रै ठाउँको लडाईंमा सहभागी भए । तर शान्ति प्रक्रियामा आएपछि स्वेच्छिक

# अनुगमन गर्ने कार्यक्रम छैन



**गोविन्द खनाल**
सहसचिव, शान्ति तथा पुनर्निर्माण मन्त्रालय

**स्वेच्छिक अवकाश रोजेर घर गएका पूर्व लडाकू कहाँ के गरिरहेका छन् ? तपाईंहरूलाई थाहा छ ?**

स्वेच्छिक अवकाश रोजेर सरकारले तोकेको रकम बुझेर उनीहरू आ-आफ्नो ठाउँमा गइसकेपछि अब त्यसको अध्ययन अनुगमन चाहिं मन्त्रालयबाट हालसम्म भएको छैन ।

**अनुगमन किन नगरिएको ?**

अहिलेसम्म हामीलाई तोकिएको काम हामीले गरिरहेका छौं । विशेष समितिले तोके अनुसार नेपाल सरकारबाट आएको रकम उनीहरूलाई दर्जा अनुसार वितरण गर्नेसम्मको काम हामीले गऱ्यौं । सेनामा गएका त्यहीं छन् । त्यसबाहेक पैसा लिएर गएकाहरू आफ्नो जीवन गुजारा कसरी गरिरहेका छन् अथवा के-के गरिरहेका छन् भन्ने यो पाटोबारे अध्ययन अनुगमन गर्ने कार्यक्रम मन्त्रालयलाई अहिलेसम्म दिइएको छैन ।

**कार्यक्रम बनाउने त मन्त्रालय आफैंले हो नि होइन र ?**

होइन यो राजनीतिक विषय हो, राजनीतिक रूपमा सहमति गरेर नेपाल सरकारबाट तोकेपछि मात्रै गर्ने विषय हो । मन्त्रालयले मात्रै गर्ने काम नभएर राजनीतिक विषय भएकोले हामीले मात्रै केही गर्न सक्दैनौं ।

**हतियार चलाइरहेका पूर्व लडाकूलाई घर पठाएपछि के गरिरहेका छन् भन्ने कुरालाई यसरी हल्का रूपमा लिन मिल्छ र ?**

मैले भनिहाले नि, यो राजनीतिक विषय हो त्यसैले यसमा कर्मचारी स्तरमा भन्दा राजनीतिक तहमा नै बहस गरेर के गर्ने भन्ने निष्कर्ष निकाल्नु राम्रो हुन्छ । ■

अवकाशमा पाएको रु.५ लाख लगानी गरेर अहिले सुन्दरीजलमा फर्निचर उद्योग चलाएर बसेका छन् ।

यी पूर्व लडाकूहरू व्यावसायिक बन्दै गरेका केही उदाहरण हुन् । लडाइँ छोडेर शान्ति प्रक्रियामा आएका पूर्व लडाकूहरू आफ्नो लडाकू छविलाई फेरेर व्यावसायिक बन्दै छन्। १२ बुँदे सहमति अनुसार तत्कालीन विद्रोही नेकपा माओवादी शान्ति प्रक्रियामा आएपछि पूर्व लडाकूहरूलाई नेपाली सेनामा समायोजन प्रक्रिया शुरू गरिएको थियो । यस क्रममा अनमिनले प्रमाणीकरण गर्ने क्रममा १९ हजार ६०२ लडाकूमध्ये १५ हजार ६३० जनाले स्वेच्छिक अवकाश रोजेर घर फर्किए भने १ हजार ४२१ जना नेपाली सेनामा समायोजन भएका थिए। तीबाहेक करीब पाँच हजार पूर्व लडाकूलाई अयोग्य भएको भन्दै शिविरबाट निकालिएको थियो । उनीहरूले आफूलाई अयोग्य भनिएको, कुनै सुविधा र अवसर नदिएको भन्दै विभिन्न समयमा आन्दोलन गरिरहेका छन् । दुवै माओवादीका पार्टी कार्यालयमा धर्नादेखि लिएर बेलाबेलामा सडकमा समेत आन्दोलनका कार्यक्रम गरिरहेका ती बहिर्गमित लडाकूको समस्या समाधानको लागि अहिलेसम्म केही भएको छैन ।

स्वेच्छिक अवकाश रोजेर घर फर्किएका लडाकूलाई भने सरकारले अवकाश भत्ता र बाटो खर्चस्वरुप रु.८ अर्ब १५ करोड ५५ लाख ४४ हजार खर्च गरेको शान्ति तथा पुनर्निर्माण मन्त्रालयको तथ्याङ्कले देखाउँछ। स्वेच्छिक अवकाश रोजेका लडाकूलाई दर्जा हेरेर रु.५ लाखदेखि रु.८ लाखसम्म बाँडिएको थियो ।

राज्य सत्ता परिवर्तन गर्न भन्दै माओवादीले शुरू गरेको सशस्त्र युद्धमा हतियार बोकेर युद्ध मैदानमा होमिएका पूर्व लडाकूहरू अब आफ्नो परिवारको हेरचाहमा लागेका छन्। सुन्दरीजलमा भर्खरै रोपेको गोलभेंडाको स्याहार गर्दै गरेको अवस्थामा भेटिएका पूर्व लडाकू जीवनाथ घिमिरे आफूले अहिले गरिरहेको काम समयको माग हो भन्छन्। “हिजो एउटा परिस्थितिमा बन्दूक बोकेर हिंडियो” उनी भन्छन्, “अब त्यो समय सकियो, सधैं पार्टी भनेर भएन नि ! परिवारलाई पनि हेर्नुपर्‍यो ।”

चापागाउँमा तरकारी खेती गरेर बसेका पूर्व लडाकू छिरिङ पनि लामो समय युद्धमा हुँदा परिवारलाई हेर्न नभ्याएकोमा दुःखी छन् । “युद्धमा हुँदा त परिवारसँग भेट पनि हुँदैनथ्यो ।” श्रीमती र तीन वर्षकी छोरीतिर हेर्दै उनी भन्छन्, “अब शान्ति प्रक्रियामा आएपछि परिवारको पनि त ख्याल

# पूर्व लडाकूबाट अप्ठेरो आउँदैन



**बालानन्द शर्मा**
पूर्वरथी, नेपाली सेना

**स्वेच्छिक अवकाश रोजेका पूर्व लडाकूहरू अहिले के गरिरहेका छन् भन्ने तपाईंलाई थाहा छ ?**

हामीहरूको म्यान्डेड रेखदेख पुनर्स्थापना र समायोजनमा केन्द्रित थियो । अब स्वेच्छिक अवकाशमा जानेलाई हामीले दुई किस्तामा रकम दिएको हो। यो रकम राज्यले दिएको हो। त्यसैले राज्यको ढुकुटीबाट दिएको रकमको अनुगमन गर्नुपर्ने त्यतिबेला सम्झना गराइएको हो । तर त्यतिबेलाको राजनीतिक माहोल चाहिं नगर्ने भन्ने भयो त्यसैले त्यसबारे केही थाहा छैन ।

**पूर्व लडाकूहरू तपाईंसँग व्यक्तिगत रूपमा सम्पर्कमा आउँछन् कि आउँदैनन् ?**

आउँछन्, कतिले मैले यस्तो गरेको छु हेर्न आइज भन्छन्, कतिले मलाई दुःख पऱ्यो सहयोग मिलाइदिनुपऱ्यो भन्दै आउँछन् । तर यो व्यक्तिगत रूपले सम्पर्क राख्ने कुरा भिन्नै भयो। आधिकारिक रूपमा राज्यले अनुगमन गरेको मलाई थाहा छैन ।

**यस्तो अनुगमन संयन्त्र किन आवश्यक छ ?**

स्वेच्छिक अवकाश रोजेपछि उहाँहरू क्यान्टोनमेन्टबाट जानुभयो, हतियार राज्यको मातहत आयो तर यत्तिले शान्ति प्रक्रिया सकिंदैन। उनीहरूले के गरिरहेका छन्, राज्यको रकम केमा खर्च गरिरहेका छन्, कतै दुरूपयोग पो भएको छ कि भन्नेबारे अनुगमन संयन्त्र बनाएको भए राम्रो हुनेथियो ।

**के यसले शान्ति प्रक्रियामा फेरि समस्या ल्याउँछ त ?**

राज्यले उहाँहरूलाई रु.५ लाखदेखि रु.८ लाख दिएको छ । नेपालको सन्दर्भमा यो ठूलो रकम हो। राज्यले यति ठूलो सम्मान गरिसकेपछि फेरि अप्ठ्यारो पारेर आउनुहुन्छ भन्ने मलाई लागेको

छैन । मसँग सम्पर्कमा आउने धेरै पूर्व लडाकूहरू अब आफ्नै व्यवसायमा लागेको थाहा पाएको छु । त्यसैले समस्या नै आउँछ भन्ने होइन तर राज्यले दिएको सानो रकमको त अनुगमन हुनुपर्ने हो भने यति ठूलो रकम के भइरहेको छ भन्नेबारे आँखा नचिम्लिएको भए राम्रो हुन्थ्यो भन्ने हो । ■

गर्नुपऱ्यो। यिनलाई पाल्नको लागि अरू विकल्प नदेखेर तरकारी खेती गर्न लागेको हुँ ।" छिरिङ एकीकृत नेकपा माओवादीको गाउँ कमिटीमा पनि छन्। "पार्टी त कहाँ छोड्न सकिन्छ र?" उनी भन्छन्, "तर पहिला जस्तो लागेर भएन नि परिवार पनि त हेर्नुपऱ्यो ।"

### व्यवसायी बनेपछि समाजमा पुनर्स्थापित

लामो समय बन्दूक बोकेका पूर्व लडाकूलाई फेरि समाजमा फर्केर बस्न केही असजिलो भयो। तर व्यावसायिक काममा लागेपछि विस्तारै सहज हुँदै गएको उनीहरूको अनुभव छ। "शुरूमा त बन्दूक बोक्ने मान्छे भनेर अलि फरक तरीकाले हेर्थे, अहिले त त्यस्तो छैन ।" छिरिङ्ग भन्छन्, "अब सबैले कुरा बुझिसके, सबैले सम्मान नै गर्छन् ।"

सुन्दरीजलमा फर्निचर बनाइरहेका नारायण नगरकोटी पनि व्यवसायमा लागेसँगै आफूहरूलाई समाजले हेर्ने दृष्टिकोण बदलिएको बताउँछन् । "हिजो लडाकू भए पनि अहिले त हामी नागरिकको हैसियतमा बस्न थालेका छौं" उनी भन्छन्, "सबैले राम्रै रूपमा लिएका छन् ।" शुरूमा एक जना डकर्मी राखेर व्यवसाय शुरू गरेर उनी अहिले आफैं पनि फर्निचरको काम गर्न सक्ने भएका छन् ।

### राज्यको ढुकुटीबाट दिएको पैसाको अनुगमन छैन

स्वेच्छिक अवकाशमा गएका पूर्व लडाकूहरूले रु.५ लाखदेखि रु.८ लाखसम्म लिएर गएका छन् । यो पैसा राज्यको ढुकुटीबाटै गएको हो । यसरी गएको सवा ८ अर्ब रकम के भइरहेको छ भन्नेबारेमा कसैले चासो दिएको छैन र त्यसको अनुगमन गर्ने संयन्त्र पनि छैन ।

गोंगबुमा होटल चलाइरहेका पूर्व ब्रिगेड कमाण्डर प्रकाश जीएम

# जनमुक्ति सेनालाई छुट्टै भूमिका दिनुपर्थ्यो



**सीपी गजुरेल,** सचिव, नेकपा-माओवादी

**पूर्व जनमुक्ति सेनाहरू अहिले कहाँ के अवस्थामा छन्, तपाईहरूको सम्पर्कमा हुनुहुन्छ ?**

जनमुक्ति सेनालाई समायोजन गर्ने भन्ने उद्देश्य नै अर्कै थियो । त्यसको उद्देश्य के थियो भने जनमुक्ति सेना पनि राष्ट्रकै सेना मान्नुपर्छ र एउटा छुट्टै भूमिका दिनुपर्छ भन्ने थियो । तर त्यो बिल्कुलै भएन। त्यो भइसकेपछि उनीहरूको सेना समायोजनको नाममा भर्ती खोलियो । भर्ती गरेर एक हजार ४०० जति त्यहाँ गए, अरू चाहिं स्वेच्छिक अवकाश पाए। अरू पाँच हजार जतिलाई अयोग्य लडाकू भनेर बाहिर निकालियो र अहिले सबैभन्दा नराम्रो अवस्था छ किनभने गाउँघरमा जान र उनीहरूलाई आफ्नै घर फर्कन पनि गाह्रो भा'छ । किनभने सबैले अयोग्य भएर आइस् भन्छन् ।

**त्यसो भए शिविरबाट निस्केका पूर्व लडाकूको कारण फेरि शान्ति प्रक्रियामा खतरा हुनेछ ?**

होइन, त्यो त देखिराखेको छ। किनभने अहिले उनीहरूले केही पनि गर्न नसकेर चूप लागेर बस्नु एउटा कुरा हो। तर उनीहरूले लड्ने कला जानेका छन्, लामो तालीम लिएका छन्, लडाईंको योजना बनाउन जान्दछन्, ठूल्ठूला लडाईं लडेर आएकाहरूलाई यसरी समाजमा बाहिर फाल्दिनु र आक्रोशित बनाएर छाड्नु चाहिं कहिल्यै पनि राष्ट्रको हितमा हुँदैन। उनीहरूलाई केही न केही व्यवस्था त गर्नुपर्छ नि, तर राष्ट्रले गरेको छैन। र उनीहरूले बारम्बार कहिले जुलूस निकाल्ने कहिले बन्द गर्ने गरिरहेका छन् । तर उनीहरूको त्यो समस्या हल भएकै छैन ।

**उनीहरूमा जुन निराशा छ भन्नुभयो तपाईंले, त्यसले के खतरा ल्याउला त ?**

एउटा कुनै निश्चित उद्देश्यको लागि नेपालमा फेरि सशस्त्र आन्दोलन भयो, तर नेपालको राष्ट्रिय हितको लागि र त्यसमा सहभागी भए भने त्यसले राष्ट्रलाई नोक्सान पुऱ्याउँदैन । तर त्यस्तो आन्दोलन संगठित भएन र यदि यहाँ अन्य विभिन्न प्रकारका एजेन्सीहरूले नेपाल विरोधी गतिविधि सञ्चालन गर्ने र उनीहरूलाई कुनै न कुनै प्रकारले आकर्षित गर्ने खतरा देखिन्छ, त्यसले नेपाली जनतालाई ठूलो घाटा पुऱ्याउँछ ।

**कुनै आपराधिक समूहले उनीहरूलाई प्रयोग गर्न सक्ने खतरा छ त्यसो भए ?**

त्यो त उनीहरूमा आक्रोश छ नि ! उनीहरूले अब ठीक संगठनमा काम गर्न पाए र सही बाटोमा लागे भने उनीहरूबाट धेरै राम्रो काम हुन सक्छ यो राष्ट्रको लागि तर दुरूपयोग हुने खतरा पनि छ ।

**तपाईंहरूले पनि फेरि युद्ध गर्न उनीहरूलाई संगठित गरिरहनुभएको छ कि ?**

होइन पार्टीमा लागेर राजनीतिक गतिविधिमा लाग्न चाहनेलाई त हामीले आउनुस् भन्ने कुरा भइहाल्यो तर युद्धकै लागि छुट्टै संगठित गरेका छैनौं किनभने अहिले हामी युद्धमा जानेवालै छैनौं अनि युद्धमा नजाने भएपछि युद्धका लागि फौजी संगठन बनाउने कुरै भएन ।

**तपाईंहरूको पार्टीले केही समय अगाडि केही पूर्व लडाकूहरूलाई रोल्पामा भेला गराउनुभएको थियो यो चाहिं केको लागि हो त ?**

अब यो त्यस्तो होइन । जनमुक्ति सेनामा काम गर्ने साथीहरू युवा नै छन् । उनीहरू समाजमा बसेकै छन् । उनीहरूले हामीले यत्रो समयसम्म गरेको उद्देश्य पूरा भएन, जनमुक्ति सेना पनि विघटन भयो, अब हामी राजनीतिमा लाग्छौं भनेपछि होइन तपाईंहरू पाउनुहुन्न भन्न मिलेन, तर मैले भनिहालें नि अहिले नै हामीले फौजी संगठन बनाइहाल्ने, सेना बनाइहाल्ने नीति छैन। किनभने हामी अहिले नै हतियार उठाइहाल्ने पक्षमा छैनौं ।

**अहिले तपाईंको पार्टीका पूर्व लडाकू कति संलग्न हुनुहुन्छ ?**

धेरै कम हुनुहुन्छ। अब ३० हजार सेनामा डेढ हजार नेपाली सेनामा गएपछि त बाँकी बाहिरै हो। अहिले एकीकृत माओवादीमा पनि केही साथीहरू हुनुहन्छ। उतातिर कमान्डर स्तरका साथीहरू हुनुहुन्छ। हामीसँग तल्लो स्तरमा काम गर्ने साथीहरू हुनुहुन्छ। यी दुवै गरेर राजनीतिक गतिविधिमा त्यति धेरै छैनन्। ■

अविरल भन्छन्, "केही साथीहरू विदेश पनि गएका छन् तर धेरैले केही न केही व्यवसाय शुरू गरेका छन्।"

तर स्वेच्छिक अवकाश लिएर घर फर्केका लडाकूहरू सबैले के-के गरिरहेका छन् भन्ने तथ्याङ्क कसैसँग छैन। "केही साथीहरू त नियमित सम्पर्कमा छन्।" अविरल भन्छन्, "धेरै साथीहरूसँग सम्पर्क छैन, सबैको रेकर्ड त पार्टीसँग पनि छैन।"

लडाकूका पूर्व कमान्डर समेत रहेका एकीकृत नेकपा माओवादीका नेता जनार्दन शर्मा पनि पूर्व लडाकूहरूको रेकर्ड पार्टीको केन्द्रीकृत रूपमा नभएको स्वीकार्छन्। तर अधिकांश पूर्व लडाकू पार्टीमै रहेको उनी बताउँछन्। "थोरै साथीहरू रोजगारीको लागि विदेशमा गएका छन्, केही थोरै वैद्यजीको पार्टीमा छन् र धेरै त हाम्रै पार्टीमै छन्" उनी भन्छन्, "सबै जिल्ला-जिल्लामा, गाउँ-गाउँमा केही न केही व्यवसाय गरेर बसेका छन् र पार्टी काममा पनि लागेका छन्।"

पार्टीका नेताहरूले पनि पूर्व लडाकूहरू अहिले कहाँ के गरिरहेका छन् भन्नेबारे खासै चासो नदिएको उनीहरूको भनाइ छ। "वर्षमान पुन र ऋक्कु सुवेदी एक पटक आउनुभएको थियो, त्यसबाहेक नेताहरूले खासै चासो देखाएका छैनन्" चापागाउँमा बंगुर पालिरहेका पूर्व लडाकू प्रवीण थापाले भने।

स्वेच्छिक अवकाश रोजेका पूर्व लडाकूलाई पैसा दिएपछि शान्ति प्रक्रिया सकिएको र जिम्मेवारी पूरा भएको ठानेर बसेको सरकारले पनि घर फर्किएका पूर्व लडाकूहरू कहाँ के गरिरहेका छन् भन्नेमा ध्यान दिएको छैन। शान्ति तथा पुनर्निर्माण मन्त्रालयका सहसचिव गोविन्द खनाल यो विषय आफूहरूको कार्यक्षेत्रमा नपर्ने बताउँछन्। सेना समायोजन पछिको

# पूर्व लडाकूहरू पार्टीमै हुनुहुन्छ



**जनार्दन शर्मा प्रभाकर**
नेता, एकीकृत नेकपा माओवादी

**पूर्व लडाकूहरू स्वेच्छिक अवकाशमा निस्किएपछि अहिले कहाँ हुनुहुन्छ ?**

उहाँहरू पार्टीमै हुनुहुन्छ, पार्टीको विभिन्न संगठनमा हुनुहुन्छ। केही साथीहरू रोजगारीको लागि विदेशतिर जानु पनि भएको छ । उहाँहरू आ-आफ्नो पेशा-व्यवसाय गरेर पनि बस्नुभएको छ तर पार्टीमै हुनुहुन्छ ।

**तपाईंहरूको पार्टी कार्यालयमा त त्यस्तो कुनै रेकर्ड भेटिंदैन नि पूर्व लडाकूको ?**

त्यस्तो होइन, हिजो सेनामा एउटा खालको फरमेशन थियो, संगठन थियो, परिचालन थियो, चौबीस घण्टा अलर्ट भएर रहनुपर्ने अवस्था थियो। त्यही खालको अवस्था अहिले हुने कुरा त भएन। आज अलि फरक खालको अवस्था छ। हिजो क्याम्पिङ्ग गरेको अवस्था थियो, अहिले जिल्लामा, गाउँमा, समाजमा बस्नुभएको छ, त्यहींको पार्टीमा काम गर्नुभएको छ। त्यस कारणले रेकर्ड नभएको भन्ने कुरा होइन। त्यसमध्ये केही साथीहरू वैद्यजीको पार्टीमा पनि हुनुहुन्छ तर धेरै साथीहरू हाम्रै पार्टीमा क्रियाशील हुनुहुन्छ।

**उहाँहरूमा ठूलो निराशा देखिन्छ नि किन होला ?**

अब निराशा स्वाभाविक रूपमा हुने कुरा भइहाल्यो। महान् जनयुद्धको क्रममा उहाँहरूले ठूलो भूमिका निभाउनुभयो । देश प्रगतिको बाटोमा जाला भन्ने आशा उहाँहरूले गर्नुभएको थियो तर त्यसो नहुँदा निराशा हुनु त स्वाभाविकै हो।

**यो निराशाले केही खतरा ल्याउँछ कि ?**

हो शान्ति प्रक्रिया राम्रोसँग अघि बढ्न संविधान बनेन र विकास निर्माणको काम भएन भने फेरि युद्ध हुनसक्छ। तर

उनीहरूले हतियार चलाउन जानेका छन् भनेर खतरा भइहाल्ने भन्ने होइन । हिजो हामीले हतियार चलाउन नजानेर पनि त युद्ध त भयो नि त्यसैले जानेर हुने होइन राज्यले दमन गर्छ, सही ढंगले व्यवस्थापन गर्न सकेन भने युद्ध त हुन्छ ।

**उनीहरूले राज्यको ढुकुटीबाट पैसा पनि लिएर गएका छन्, त्यसको दुरूपयोग भएको छ कि ?**

आन्दोलनको परिणाम हो त्यो, आन्दोलनमा सहभागी भएबापत, घरपरिवार त्यागेर आएबापत दिएको पैसा हो त्यो, गएर कमसेकम फेरि जीविका शुरू गर्न सकून् भनेर दिएको हो। उनीहरू जिम्मेवार छन् नि व्यक्तिगत रूपमा। त्यसैले त्यसको दुरुपयोग भएको छैन। त्यो अनुसारको उनीहरूले पेशा, व्यवसाय गरेर बसेका छन्। केहीले खर्च गरे सिध्याए होलान् तर धेरैले त व्यवसाय नै गरेका छन्। ■

अवस्थाबारे अनुगमन गर्नेबारे कुनै संयन्त्र नै नबनाइएकोले अब यो विषयमा कसले हेर्ने हो भन्नेबारे यकिन नभएको उनको भनाइ छ ।

तर एकीकृत नेकपा माओवादीका नेता शर्मा भने अनुगमनको आवश्यकता नभएको बताउँछन् । “उनीहरूलाई आन्दोलनमा सहभागी भएबापत यो रकम दिइएको हो। त्यसको दुरूपयोग भएको छैन, त्यसैले अनुगमन किन गर्नुपर्‍यो !”

सेना समायोजन विशेष समिति सचिवालयका संयोजक रहेका पूर्वरथी बालानन्द शर्माले भने पुनर्स्थापना र स्वेच्छिक अवकाश पछि पनि पूर्व लडाकूको अनुगमन गर्न संयन्त्र बनाउनुपर्ने बताउँछन् । “मैले यो कुरा पहिल्यै उठाएको हुँ तर सुनिएन” उनले भने, “यो पैसाको दुरुपयोग भएर समस्या पनि ल्याउन सक्छ ।”

नेकपा माओवादीका सचिव सीपी गजुरेल पनि पूर्व लडाकूको कारण समस्या आउँछ कि भन्ने डरमा हुनुहुन्छ। “उनीहरूले लड्ने कला जानेका छन्, लामो तालीम लिएका छन्, लडाईंको योजना बनाउन जान्दछन्, ठूलाठूला लडाईं लडेर आएकाहरूलाई यसरी समाजमा बाहिर फाल्दिनु र आक्रोशित बनाएर छाड्नु राष्ट्रको हितमा हुँदैन।” गजुरेल भन्छन्, “विभिन्न प्रकारका एजेन्सीहरूले नेपाल विरोधी गतिविधि सञ्चालन गर्ने र उनीहरूलाई

कुनै न कुनै प्रकारले आकर्षित गर्ने खतरा देखिन्छ, त्यसले नेपाली जनतालाई ठूलो घाटा पुऱ्याउँछ ।"

तर ओखलढुङ्गा हर्कपुरकी पूर्व लडाकू गीता कटुवाल भने पूर्व लडाकूकै कारण त्यस्तो कुनै समस्या नआउने बताउँछिन् । नेपाली सेनामा समायोजन रोजेकी गीता पहिलो चरणको छनोटमा सफल हुनुभयो र दुई महीना तालीम पनि लिनुभयो । तर पछि मुटुमा समस्या देखिएपछि समायोजनमा जान पाउनु भएन र अरू साथीहरूले रु.५ लाखसम्म पाए पनि उहाँलाई साढे दुई लाख मात्रै दिएर घर फर्काइयो । त्यो पैसा पनि उपचार गर्दागर्दै सकियो, त्यसैले अहिले समस्यामा रहेकी गीतालाई अब के गरेर खाने भन्ने समस्या भएको छ । "मेरो जस्तो समस्या धेरैलाई छ र म जस्तै धेरै साथीहरू निराश छन्, तर त्यसो भन्दैमा गलत काम नै हुन्छ भन्न मिल्दैन" उनले भनिन् ।

"हुन त हामी हतियार चलाउन जान्ने व्यक्तिहरू हौं, तर अहिलेसम्म कसैले यस्तो गरिदिन्छु आऊ भनेर बोलाएको छैन, सबै साथीहरूले कुरा बुझेका छन्, कसैले त्यसरी गलत कामको लागि बोलाउँदैमा जाँदैनन् ।" पार्टीले फेरि कुनै न कुनै रूपमा संगठित गरेर पूर्व लडाकूलाई पनि राजनीतिक काम दिने र व्यवसायमा लगाउने हो भने त्यस्तो समस्या नआउने उनको भनाइ छ ।

तर विभिन्न समयमा पूर्व लडाकूहरू विभिन्न आपराधिक गतिविधिमा संलग्न रहेको पनि पाइएको छ । मनाङको धारापानीमा १ साउन २०७१ मा एक जना पूर्व लडाकू हतियारसहित पक्राउ परेको कुराले पनि यसलाई पुष्टि गर्छ । मनाङको सीमा प्रहरी चौकी धारापानीले माओवादी पूर्व लडाकू रुकुमको हुकाम गाविस-८ का नवीन रोकामगर र अर्को एक जनालाई एक थान 'एके-47' र त्यसको १८ राउण्ड गोली, एउटा चाइनिज पेस्तोल र ७ राउण्ड गोली तथा एउटा कटुवा पेस्तोल र त्यसको ७ राउण्ड गोलीसहित पक्रेको थियो । पक्राउ परेका नवीन रोकामगरले म्याग्दीको बेनीमा ज्यान गुमाएका माओवादी लडाकूका कमाण्डरसँग रहेको हतियार लिएर आफू भागेको बताएको प्रहरीको भनाइ छ ।

यसले पनि पूर्व लडाकूहरू निराश हुँदा र जीवनयापन कठिन हुँदै जाँदा शान्ति निर्माण प्रक्रियामा असर पुऱ्याउने खालका गतिविधि बढ्न सक्ने संकेत गर्छ । ■

१३ **भवानी भट्ट,** कञ्चनपुर

# शान्तिको अवरोधः पीडितलाई उपेक्षा

माओवादी द्वन्द्वका समयमा घाइते तथा अंगभंग भएका सुदूरपश्चिमका निमुखा पीडितहरूले राहतका नाममा अहिलेसम्म केही पाएका छैनन् । द्वन्द्वमा घाइते भएकाले आफ्नै खर्चमा उपचार गराउँदा तिनको सम्पत्ति त स्वाहा भएको छ नै, अथाह मानसिक पीडा पनि थपिएको छ ।









१. सशस्त्र द्वन्द्वका समयमा सुरक्षाकर्मीको हिरासतमा परी घाइते भएका लालबहादुर चौधरी ।
२. सशस्त्र द्वन्द्वको घटनामा छोरी गुमाएका कृष्णपुरका बुद्धिराम चौधरी ।
३. माओवादीको आक्रमणमा परी घाइते भएका पिपलाडीका सुरेश चौधरी ।
४. माओवादीको आक्रमणमा परी घाइते भएका पिपलाडीका पुरनबहादुर डगौरा ।

(तस्वीरहरूः भवानी भट्ट)

सरकारले द्वन्द्व पीडितका नाममा अहिलेसम्म कञ्चनपुरमा मात्रै रु.१३ करोडभन्दा बढी खर्च गरिसकेको छ। तर अझै पनि द्वन्द्वका क्रममा विभिन्न तरीकाले पीडित भएका नागरिकले राहत पाउन सकेका छैनन् । राहत तथा क्षतिपूर्तिका लागि स्थानीय शान्ति समिति र जिल्ला प्रशासन कार्यालयले पीडितको नाम सिफारिश गरेका छन् । तर ती सिफारिश कार्यान्वयन गरिएको छैन ।

द्वन्द्वका समयमा सम्पत्ति क्षति, सवारी साधन क्षति, अपहरण, विस्थापित र कैद तथा हिरासतमा परेकाहरूले राहतका लागि सिफारिश भएर पनि राहत पाउन सकेका छैनन्। जिल्लामा अहिलेसम्मको राहत वितरणमा बेपत्ता र मृत्यु भएका परिवार मात्र प्राथमिकतामा परेका छन् ।

जिल्ला प्रशासन कार्यालयका अनुसार शान्ति समितिले सिफारिश गरेका कैद तथा हिरासतमा परेका ६९ जनाले कुनै पनि राहत पाएका छैनन् । राहत वितरण निर्देशिकामा ३० दिनभन्दा बढी कैद तथा हिरासतमा बसेका व्यक्तिलाई एकमुष्ट रु.२५ हजार दिने व्यवस्था छ । शान्ति समितिले कैद तथा हिरासतमा परेका व्यक्तिहरूलाई राहत तथा क्षतिपूर्तिका लागि आर्थिक वर्ष २०६८/६९ मा सिफारिश गरेको हो । त्यो सिफारिश अहिलेसम्म कागजमै सीमित छ ।

आर्थिक वर्ष २०६९/७० मा सिफारिश गरिएका सम्पत्ति क्षति भएका १२, सवारी साधन क्षति भएका पाँच, अपहरणमा परेका तीन र विस्थापित भएका २६ जनाले राहत पाएका छैनन्। "उनीहरूले राहत नपाएको बारेमा शान्ति मन्त्रालयमा पटक-पटक जानकारी गराउँदा पनि रकम निकासा हुनसकेको छैन", शान्ति समितिका कार्यक्रम संयोजक मीन बडुवालले भने।

जिल्ला प्रशासन कार्यालय कञ्चनपुरका अनुसार द्वन्द्वका क्रममा मारिएका ३०५ मृतक र ४५ परिवारलाई क्रमशः रु.३/३ लाखका दरले १२ करोड ८ लाख ५० हजार, ४१ जना बेपत्ताका परिवारलाई रु.१ करोड २१ लाख र १४ जना घाइतेलाई रु.४५ लाख २० हजार राहत तथा क्षतिपूर्ति वितरण गरिएको छ ।

## उपचार खर्च पनि दिइएन

कञ्चनपुरको कृष्णपुर गाविस-१ सुन्दरीफाँटका लालबहादुर चौधरी सशस्त्र द्वन्द्वको समयमा २०५७ देखि तीन वर्षसम्म पटक-पटक सुरक्षाकर्मीको हिरासतमा परे । हिरासतमा दिइने यातनाबाट उनको शरीरमा बाहिरी चोटसँगै मानसिक सन्तुलन समेत गुम्यो। त्यसपछि उनको भारतका सीमावर्ती विभिन्न अस्पतालहरूमा उपचार भयो । उपचार अझै सकिएको छैन ।

रकम अभावका कारण उपचार गर्न नसकेका लालबहादुर अहिले सहयोगका लागि विभिन्न संघ-संस्था धाइरहेका छन् । आर्थिक अभावका कारण उनलाई उपचार त के साँझ-बिहानको छाक टार्न समेत धौ-धौ छ। उनले अहिलेसम्म सरकारबाट कुनै सहयोग पाएका छैनन् ।

"अहिले पनि बोल्दाबोल्दै सबै कुरा बिर्सिएर दौडिन्छु" लालबहादुरले भने, "उपचारका लागि भएको एक बिघा जमीन पनि सकियो गुजारा चलाउनै मुश्किल परेको छ ।" उनले उपचार खर्चका लागि जिल्ला प्रशासनमा निवेदन दिए पनि कुनै राहत नपाएको बताए। शान्ति समितिका अनुसार उनी लगायत अधिकांश घाइतेहरूले निर्देशिका अनुसार प्रमाण पुऱ्याउन नसक्दा कुनै राहत तथा उपचार खर्च पाएका छैनन् ।

कालिका गाविस मोतीवस्तीका कालीराम चौधरीलाई पनि सुरक्षाकर्मीले २०५८ मा हिरासतमा लिएर दुई महीना नजरबन्दमा र १८ महीनासम्म कारगारमा राखे। कारागारबाट छुटेको एक वर्षसम्म उनको अवस्था सामान्य थियो । तर एक वर्षपछि कारगारमा दिएको यातनाले विस्तारै उनको मानसिक सन्तुलन गुम्दै गयो र खुट्टा पनि अशक्त भयो। रकम अभावमा उनले गाउँकै स्थानीय मेडिकलबाट सामान्य औषधि खाए। तर उनको रोग निको भएन। द्वन्द्व पीडित भए पनि उनले अहिलेसम्म सरकारी निकायबाट उपचार खर्च पाएका छैनन्। उनको स्वास्थ्य जर्जर बन्दै गएको छ।

९ पुस २०५८ मा माओवादीको आक्रमणबाट गम्भीर घाइते भएका पिपलाडी गाविस-५ का सुरेश चौधरी र पुरनबहादुर डगौराको सीमावर्ती भारतीय बजार बरेलीको शीला अस्पताल र आनन्द अस्पतालमा उपचार भयो। उनीहरूले रु.५/५ लाख खर्च गरे। उनीहरूले आफ्नो उपचारमा खर्च भएको अस्पतालको बिल समेत पेश गरेका छन्। तापनि राज्यबाट कुनै राहत पाएका छैनन्। "गाउँमा रहेको १७ कट्ठा जमीन बिक्री गरेर उपचार गरें", पुरनले भने, "राहतका लागि जिल्लादेखि मन्त्रालयसम्म पुगें तर केही पाइएन।" उनको अहिले पनि उपचार भइरहेको छ।

द्वन्द्व पीडितका लागि राहत तथा क्षतिपूर्ति सम्बन्धी निर्देशिकामा घाइतेहरूको प्रतिशत हेरेर त्यसैका आधारमा रु.२ हजारदेखि रु.२ लाखसम्म राहत दिने व्यवस्था छ । तर लालबहादुर र कालीबहादुर जस्ता द्वन्द्वका घाइतेका लागि यो व्यवस्था निरर्थक भएको छ। तिनले राहत पाउनु त परै जाओस् आफूले पाएको यातनाबाट मानसिक सन्तुलन गुमाउन थालेका छन्।

राहत निर्देशिकामा द्वन्द्वको समयमा राज्य वा विद्रोही पक्षबाट घाइते भएकाले गैर नाफामूलक नेपाली संस्थाबाट उपचार गराएको हुनुपर्ने व्यवस्था भएकाले कञ्चनपुरका घाइतेहरूले राहत रकम पाउन नसकेको शान्ति समिति कञ्चनपुरका कार्यालय सहायक मीन बडुवालले बताए। "अधिकांश घाइतेहरूले भारतमै उपचार गराएका छन्" उनले भने । उनले करीब चार वर्षअघि तत्कालीन प्रमुख जिल्ला अधिकारी बुद्धिबहादुर खड्काको पालामा भारतमा उपचार गराएका पीडितहरूलाई पनि राहतका लागि सिफारिश गर्ने तयारी गरिए पनि त्यसपछि आएका प्रजिअ वासुदेव दाहालले घाइतेहरू वास्तविक पीडित भए पनि निर्देशिकाभन्दा बाहिर गएर सिफारिश नगर्ने अडान लिएकाले राहतका लागि शान्ति मन्त्रालयमा सिफारिश गर्न नसकिएको बताए ।

"माओवादी र सुरक्षाकर्मीको कुटपीटबाट घाइते भएका ६० जनाले कुनै राहत पाएका छैनन्" उनले भने, "उनीहरू लालबहादुर र कालीराम जस्तै पूर्णरूपमा अशक्त नभए पनि हाडजोर्नी दुख्ने तथा गाह्रो काम गर्न नसक्ने भएका छन् ।"

## राहत नदिन अनेक वहाना

१२ वर्षअघि कञ्चनपुरको कृष्णपुर गाविस-१ दोमिल्लाकी ११ वर्षीय अंगन चौधरीलाई सेनाका एक जवानले नजिकैको मकै बारीमा बलात्कार गरे । सँगै धान गोडिरहेका दिदीबहिनीहरूले अंगन लामो समयसम्म नफर्केपछि बोलाउन थाले। त्यसपछि खुट्टा खोच्याउँदै मकै बारीबाट बाहिर आइन् ।

घटना ४ साउन २०५९ को हो । दिदीबहिनीहरूले उनलाई घरमा लगेपछि बुबा बुद्धिराम चौधरीले सुरक्षाकर्मीको डरले एक वर्षसम्म कतै देखाएनन् । पछि जब अंगन थला नै परिन् त्यसपछि उनलाई झलारीस्थित निजी मेडिकलमा देखाए । त्यहाँ स्वास्थ्यकर्मीले अंगनको स्वास्थ्य गम्भीर रहेको जानकारी दिए। उनको उपचारकै क्रममा १५ चैत २०६५ मा उनको

मृत्यु भयो । बुद्धिरामले छोरी मरेको ६ वर्ष बितिसक्दा पनि कुनै राहत तथा क्षतिपूर्ति पाएका छैनन् । "उनको उपचारमा लागेको खर्चसम्म पाइएन" बुद्धिरामले भने, "निवेदन त दिएँ फेरि निवेदन देऊ भन्छन्, तीन/चार पटक दिइसकें ।" चुरेफेदीमा बसोबास गर्ने चौधरीका जेठा छोरा सुरेन्द्र चौधरी माओवादी लडाकू भएका कारण सेनाले ज्यादती गरेको उनीहरूले अड्कल काटेका छन् ।

"छोरा पनि युद्धमै मारियो हामीले लास पनि देख्न पाएनौं" बुद्धिरामले भने, "छोरीको दु:ख त आफैंले झेल्नुपर्‍यो ।" छोरीको मृत्यु सशस्त्र द्वन्द्वकै समयमा सेनाले गरेको ज्यादतीका कारण भएको हो भन्ने प्रमाण पुर्‍याउन नसक्दा चौधरीको परिवार राहत तथा क्षतिपूर्तिबाट वञ्चित भएका हुन् । "हामीले उपचार गर्दाका बिलहरू समेत अंगनसँगै बगाइदियौं" अंगनकी आमा परदेशीदेवी चौधरीले भनिन्, "अंगनको नागरिकतासम्म पनि हामीसँग छैन ।"

बुद्धिरामले छोरी गुमाए पनि राज्यबाट कुनै सेवा सुविधा पाएनन् । तर कञ्चनपुरमा जिल्ला प्रशासन कार्यालयले सिफारिश गरिएका मृतक तथा बेपत्ता भएका आफन्तहरूले पनि सरकारले तोकेको राहत तथा क्षतिपूर्ति पाएका छैनन् ।

दशवर्षे सशस्त्र द्वन्द्व पीडितहरूलाई राहत तथा क्षतिपूर्ति वितरणमा कञ्चनपुरमा मात्रै मृत्यु तथा बेपत्ता भएका परिवारका आफन्त र घाइते भएकाहरूलाई जिल्ला प्रशासन कार्यालयको तथ्याङ्क अनुसार रु.१३ करोड ७० लाखभन्दा बढी खर्च भएको छ । तर कञ्चनपुरमा सशस्त्र द्वन्द्वका कारण मृत्यु तथा बेपत्ता भएका परिवारका आफन्तले पनि केही मात्रामा राहत तथा क्षतिपूर्ति पाए पनि सरकारले घोषणा गरेको रकम पाउन सकेका छैनन् । पीडितहरूले सरकारले रु.१० लाख दिने घोषणा गरे पनि अहिले सम्म रु.३ लाखभन्दा बढी कसैले पनि पाएका छैनन् ।

सरकारले सशस्त्र द्वन्द्वका क्रममा २ फागुन २०५२ देखि मंसीर २०६३ सम्म भएका घटनामा परी मृत्यु, बेपत्ता र घाइते भएकाहरूलाई राहत वितरणका लागि नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधि २०६६ जारी गरेको थियो । उक्त कार्यविधि १ पुस २०६६ देखि लागू भएको थियो । सरकार र माओवादीबीच झण्डै आठ वर्षअघि ५ मंसीर २०६३ मा शान्ति सम्झौता भएको थियो ।

सरकारले द्वन्द्वका क्रममा मृत्यु र बेपत्ता भएकालाई १० लाख, शारीरिक अंगभंग भएकालाई अपाङ्ग भत्ता प्रतिशत हेरेर रु.२० हजारदेखि

रु.२ लाखसम्म र घाइते भएकालाई उपचारका क्रममा भएको खर्च दिने व्यवस्था गरेको छ ।

जिल्ला प्रशासन कार्यालय र स्थानीय शान्ति समितिले प्रक्रिया पुगेका सबै द्वन्द्व पीडितहरूको निवेदन राहतका लागि केन्द्रमा सिफारिश भएको दाबी गरेका छन् । "प्रमाण पुगेका सबै पीडितले राहत तथा क्षतिपूर्ति पाएका छन्" जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत शिवदत्त अवस्थीले भने, "जसको प्रमाण पुगेको छैन, तिनीहरूलाई कसरी सिफारिश गर्ने ? निर्देशिकाभन्दा बाहिर गएर सिफारिश गर्न सकिँदैन ।"

तर द्वन्द्व पीडितहरूको वास्तविक पीडा नबुझी प्रमाण जुटाउन नसकेको वहानामा आफूहरूलाई राहत र क्षतिपूर्तिबाट वञ्चित गरिएको आरोप लगाउँछन् । "हामीले पनि अन्य द्वन्द्व पीडित सरह निर्देशिका संशोधन गरेर भए पनि राहत तथा उपचार खर्च पाउनुपर्छ" माओवादीको आक्रमणबाट घाइते भई ६ महीनासम्म भारतको बरेलीस्थित शील अस्पतालमा उपचार गराएका सुरेश चौधरीले भने, "उपचार खर्चका लागि स्थानीय शान्ति समितिदेखि गृह मन्त्रालयसम्म निवेदन दिएँ तर कसैले टेरेनन् ।" उनले भारतमा उपचार गराएको अस्पतालका बिल र स्थानीय गाविसको सिफारिश पेश गरेका थिए ।

सशस्त्र द्वन्द्वका समयमा घाइते भएका कञ्चनपुरका अधिकांशले भारतमा नै उपचार गराएका छन् । नेपालमा उपचार गराउँदा माओवादी र सुरक्षाकर्मीले दुःख दिने डरले पीडितहरू भारत जानुपर्ने बाध्यता थियो । "कञ्चनपुरमा अधिकांश घाइतेहरू भारतमै उपचार गराएका छन्" स्थानीय शान्ति समिति कञ्चनपुरका कार्यक्रम संयोजक मीन बडुवालले भने, "उनीहरू कसैले पनि उपचार खर्च पाएका छैनन् । प्रमाण नपुग्दा उनीहरूको निवेदन उपचार खर्चका लागि सिफारिश हुनसकेको छैन ।"

द्वन्द्व पीडितहरू भने राहत तथा क्षतिपूर्ति वितरण नगरी पीडा निको नहुने बताउँछन् । "हामीहरूको घरखेत बेचिएको छ" पिपलाडीका द्वन्द्व पीडित पुरन डगौराले भने, "राहतका नाममा एक सुको पाएका छैनौं ।" पीडितहरूको घाउमा मल्हम नलगाई गठन हुने सत्य निरुपण तथा मेलमिलाप आयोगको कुनै औचित्य नहुने पीडितहरू बताउँछन् । ■

**१४** **प्रकाश सिंह,** बाजुरा

# शंकै शंकामा निर्दोषको हत्या

बाजुराको पाण्डुसेनमा ठीक १२ वर्षअघि, सुरक्षाकर्मीले माओवादीको आशंकामा तिहारमा तास खेलिरहेका आठ जना गाउँलेको सामूहिक हत्या गरे । घटनामा मारिनेहरू त मरिहाले, अहिले बाँचिरहेका तिनका परिवारको कन्तबिजोग झन् कहालीलाग्दो छ ।

१



२



१. पाण्डुसेन ७ अगाउपानीका मृतक चन्द्र बोहराकी ५७ वर्षीया श्रीमती रूपा बोहरा आफ्ना श्रीमान् मारेको बारेमा बताउँदै ।
२. द्वन्द्वका बेला मारिएका पाण्डुसेन-७ का काशी सार्कीकी श्रीमती रेउली सार्की ।
(तस्वीरहरू: प्रकाश सिंह)

बाजुराको पाण्डुसेन-७ अगाउपानीकी ४० वर्षीय रेउली सार्कीलाई २०५८ साल कात्तिक ७ गते बज्रपात पऱ्यो। त्यस दिन उनका श्रीमान् काशी सार्की राज्यपक्षको आक्रमणमा मारिए। यसै दिन पाण्डुसेनमा सेना र प्रहरीको आक्रमणमा परी आठ जना सर्वसाधारणको सामूहिक हत्या भएको थियो।

तत्कालीन शाही नेपाली सेनाको शमशेर दल गुल्म र जिल्ला प्रहरी कार्यालयको संयुक्त टोलीले बिहान ३.४५ बजे नै अगाउपानी गाउँलाई घेरामा हाले। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को प्रतिवेदन अनुसार, त्यसबेला गाउँका सर्वसाधारणमाथि अन्धाधुन्द आक्रमण गरियो। घटनामा परी सात जना मारिए।

**शंकै शंकामा संहार**

पाण्डुसेनमा माओवादी आएर बसेका छन् भन्ने सूचनाका आधारमा सेना र प्रहरीको टोली सर्चको लागि पाण्डुसेन गएको थियो। टोलीले मूल बाटोमा रहेको हिमाली प्राविबाट दक्षिण पूर्वतिर १० देखि १२ मिनेटको दुरीमा रहेको पाण्डुसेन गाविस-७ अगाउपानी गाउँलाई घेरामा लिएको थियो।

तिहारको समय भएकोले गाउँलेहरू तास खेल्दै थिए। हरिकृष्ण राउतको घरमा तासको खेल चलिरहेको थियो। त्यहाँ मानिसहरू झुम्मिएर बसेको देखेर ती सबै माओवादी हुन् भन्ने शंका गरी सेना र प्रहरीले उनीहरूलाई घेरामा लिए। सेनाले घर घेरा हालेपछि, घरभित्रको कोठामा तास खेलिरहेका सातै जनाले माओवादी आएको शंका गरेर तास खेल्न छाडी बत्ती निभाए। बलिरहेको बत्ती एक्कासी निभेपछि सेना र प्रहरी टोलीले उनीहरू माओवादी भएकाले बत्ती निभाएर आफूहरूमाथि आक्रमण गर्ने तयारी गरेको शंका गरेर आक्रमण गरे। घेरामा परेका खेलाडीहरू भाग्न खोज्दा उनीहरूमाथि एकाएक गोली चल्यो। त्यस घटनामा परेर रामलाल दमाई, तुला राउत, काशी सार्की, सौरे राउत, नरबहादुर बोहरा, चन्द्र बोहरा र रूप दमाई समेत ७ जना मारिए।

यस घटनाको भोलिपल्ट बिहान ८ बजे सेनातिर र प्रहरीको टोलीले अर्को कारबाही गऱ्यो। उनीहरूले खेतमा धान काटिरहेका पदमबहादुर

शाहीलाई पक्राउ गरे। मध्याह्नतिर शाहीलाई पनि गोली हानेर मारिदिए।

प्रत्यक्षदर्शीहरू भन्छन्, "त्यसदिन हरिकृष्ण राउतको घरमा तासको खेल चलिरहेको थियो । उनको घरमा उज्यालो देखेपछि सुरक्षा फौजले आक्रमणको तारो बनाए।"

स्थानीय बासिन्दा भन्छन्, "त्यसबेला बिहान हुन लागिसकेको थियो, अन्दाजी पौने चार बजेतिर हरिकृष्णको घरमा गोली चलेको सुनियो। त्यहाँ गएर हेर्दा घरभित्रै पाँच जनाको लाश भेटियो। एक जना रामलाल दमाई भने गोली लागेर छटपटाइरहेका थिए, उपचार गर्दा गर्दै तीन दिनपछि उनको मृत्यु भयो। तुला राउतको लाश चाहिं हरिकृष्णको घरभन्दा करीब १०० मीटर तल दमाई बाडामा भेटियो। यसरी सातै जना एकैघान भए।

फौजले भोलिपल्ट पनि खोजतलास जारी राख्यो। यसक्रममा कात्तिक ८ गते बिहान ८ बजेतिर पाण्डुसेन पिरेकोटका पदमबहादुर शाहीलाई पक्राउ गऱ्यो। शाही घटनास्थलभन्दा २० मिनेटको दूरीमा रहेको आफ्नो खेतमा धान काटिरहेका थिए। उनलाई मध्याह्नसम्म सोधपुछ गरेपछि गोली हानेर हत्या गरियो।

गाउँमा फौजले गोली हानेर सर्वसाधारणको हत्या गरेको देखेर उद्वेलित भएका गाउँलेहरू दिउँसो १ बजेतिर सदरमुकाम मार्तडीमा रहेको जिल्ला प्रशासनलाई खबर गर्न हिंडे। यसरी हिंडेका धनबहादुर र अन्य तीन जना गाउँले पाण्डुसेन नजिकै आइपुग्दा रेडियोबाट पाण्डुसेनमा पदम शाही लगायत ८ जना माओवादी आतङ्ककारी सुरक्षा फौजको कारबाहीमा परी मारिएको समाचार सुने। त्यसपछि उनीहरू पनि मार्तडी जान डराए। प्रशासनले आफूहरूलाई पनि माओवादी भनी कारबाही गर्न सक्ने डरले उनीहरू त्यहींबाट गाउँ फर्किए।

यता फौजले मृतकहरूको शवलाई त्यसै दिन आफन्तको जिम्मा लगाए। गाउँलेहरू शोकमा डुबेकाले उनीहरूले दोस्रो दिन पनि शवको संस्कार गर्न सकेनन्। तर तेस्रो दिन ७ जनाकै शव एकैचोटि संस्कार गरे। यस दिनसम्म रामलाल दमाईको मृत्यु भइसकेको थिएन।

### फौजको निशानामा

देशको विकट जिल्ला बाजुराको पनि दुर्गम क्षेत्रमा रहेको पाण्डुसेन गाविसमा माओवादीको प्रभाव धेरै थिएन। जिल्लामा माओवादीहरूले छिटफुट घटना भने गरिरहेका थिए। तर अगाउपानी गाविसमा भने माओवादीले

समर्थकहरू बनाएको चर्चा चलिरहेको थियो। यसै चर्चाको आधारमा फौजले त्यहाँ निगरानी राखिरहेको थियो । तर गाउँलेहरूलाई भने गाउँमा फौजले आक्रमण गर्न सक्ने शंका पनि थिएन । तर यस गाउँमा शंकै शंकामा नचिताएको घटना भयो। अकल्पनीय नरसंहार भयो।

घटनाका प्रत्यक्षदर्शी एवम् हरिकृष्ण राउतको छोरा भीमबहादुर राउतले बताए, "त्यस दिन मेरो खेतमा कोदोको नल काट्ने काम थियो। तिहारको बेला भएकोले राति अबेरसम्म नल काटेका थियौं। घटनामा परेका अन्य मानिसहरूले पनि हामीलाई नल काट्न सघाएका थिए। रातपरेपछि उनीहरू मेरो घरमा तास खेल्न बसे। मेरा बुबा तास नखेल्ने हुनाले बुबा, आमा र हामी अर्को कोठामा सुत्यौं। राति एक्कासी बन्दूक पड्कन थालेपछि हामी डराएर बाहिर निस्केनौं। तर बुबालाई भने फौजले बोलाएर लगे। उहाँलाई तँ माओवादीलाई पाल्छस् भनेर मर्नेहरूको नाम सोधेर लियो।"

भीमबहादुर सम्झन्छन्, "त्यसबेलासम्म सौरे राउत, रूप नेपाली (दमाई), काशी सार्की, चन्द्र बोहरा र नर बोहराको मृत्यु भइसकेको थियो । अलि तल दमाई बाडामा तुला राउतको मृत्यु भएको थियो । रामलाललाई गोली लागेको थियो, तर सास चल्दै थियो। तीन दिनपछि उनको पनि मृत्यु भयो।"

भीमबहादुर भन्छन्, "पदमबहादुर शाही चाहिं गाउँमा लम्फू शाही भनेर चिनिन्थे। उनी भोलिपल्ट बिहान पिरेकोटमा समातिएका हुन्। उनलाई फौजले कुटपीट गरेर अन्त्यमा गोली हानेर मारिदिएका थिए।

## माओवादीको निशानामा

नेकपा एमालेका बाजुरा जिल्ला उपसचिव, कोल्टी-३ का ताराचन्द्र रेग्मी माओवादीको निशानामा परे । २०६० फागुन २३ गते बाजुराको तल्लो भेगमा पर्ने कैलाशमाडौं गाविसको मौरेमा माओवादी पार्टीको सैन्य अभियान चलिरहेको थियो । ताराचन्द्र रेग्मी चाहिं शान्तिका लागि जनपरिचालन अभियान अन्तर्गत गाउँ दौडाहामा थिए। उनी मौरे पुगेको बेला माओवादीहरूले सुराकी गर्न आएको शंका गरी अपहरण गरेर चैत २२ गते मारिदिए।

ताराचन्द्रका भाइ बलदेव रेग्मी भन्छन्, "माओवादीले अपहरण गरेर लगेपछि परिवारका सदस्यलाई भेट्न पनि नदिई मारिदिए। यातना शिविरमा लगेर अमानवीय तरीकाले कुटपीट गरेछन्।"

## पीडित परिवार

अगाउपानी घटनामा परी मारिएका काशी सार्की भारतमा नोकरी गर्थे । उनी तिहार मनाउन घर आएका थिए । हरिकृष्णको घरमा राति अबेरसम्म तास खेलिरहँदा यिनी फौजको आक्रमणमा परी मारिए ।

काशी सार्कीको हत्या भएको ११ वर्ष भयो । तर उनको परिवारमा परेको चोट अझै पुरिएको छैन । उनकी श्रीमती रेउली सार्की भन्छिन्, "कमाएर परिवार पाल्ने मानिस नै मारिदिए । भोकभोकै सुत्नुपर्ने अवस्था आएको छ । दुःख झन्-झन् बढ्दैछ ।"

दैनिक ज्याला गरेर हातमुख जोर्नुपर्ने रेउलीका चार जना नाबालक बच्चा छन्। उनीसँग भएको थोरै जमीनको उब्जनीले दुई महीनाभन्दा बढी खान पुग्दैन।

पाण्डुसेन गाविसमा रेउली जस्तै पीडा भोग्ने अरू ८ परिवार छन् । त्यस दिनको घटनामा परेका नरबहादुर बोहराकी श्रीमती लालजना बोहरा भन्छिन्, "हामी सात जना छौं । खेतीबाट दुई/तीन महीना पनि खान पुग्दैन । जडीबुटी टिपेर, ज्याला मजदूरी गरेर गुजारा चलाइरहेकी छु ।"

उनको माइलो छोरो मनबहादुर बोहराले गत वर्ष आत्महत्या गरे । लालजनाले बताइन्, "छोराले सोलार किनिदेउ भन्याथ्यो, आफूसँग कौडी थिएन, त्यही पीरले आत्महत्या गर्‍यो ।"

त्यस घटनामा परेका चन्द्र बोहराकी श्रीमती रूपा बोहरा भन्छिन्, "हाम्रो बाँच्ने आधार नै खोसियो ।" उनले गुनासो गरिन्, "मेरो श्रीमान्लाई राज्यले मारेको हो । त्यसैले दोषीलाई कारबाही गराउन पनि सकिएन ।"

## सरकारले ढाँट्यो

बाजुरा जिल्ला नेपालकै कम उत्पादन हुने हिमाली क्षेत्र हो । यो जिल्ला निरन्तर खाद्य संकटको चपेटामा पर्दै आएको छ। यहाँ अति-निम्न र निम्नमध्यम वर्गका मानिसहरूको बसोबास छ। यहाँका अधिकांश मानिसहरू दैनिक मजदूरी गरेर वा भारतमा गएर कमाई गरी जीवन निर्वाह गर्छन् । यसरी कमाएको पैसाले मार्तडी र कोल्टीमा रहेको खाद्य संस्थानबाट चामल किनेर गुजारा चलाउन सकिँदैन ।

राजनीतिक द्वन्द्व पीडित सार्की र बोहरा जस्ता आठवटै परिवार निम्न आयस्तरका थिए । प्रत्यक्ष पीडितको पीडा कम गराउन भनी नेपाल सरकारले रु.१० लाख दिने घोषणा गरेको थियो । तर अहिलेसम्म रु.३ लाख मात्र दिएको छ ।

रूपा भन्छिन्, "सरकारले एकपल्ट रु.२ लाख र अर्को वर्ष रु.१ लाख गरेर रु.३ लाख दियो । बाँकी रकम दिएन । हामीलाई त सरकारले नै ढाँट्यो ।"

रेउली थप्छिन्, "सरकारले दिन्छु भनेर बाचा गरेको राहत पनि दिएन । गाँस, बास र कपासको ग्यारेन्टी गरिदिएको भए केही पीडा भुल्ने थियौं । श्रीमान् त मरेर गए । तर बाँचेकालाई हुर्काउने र बढाउने पीडाले बढी सताएको छ ।"

घटनामा परेका लालबहादुर बोहराकी श्रीमती हस्ता बोहरा भन्छिन्, "बाँचेका छोराछोरी पाल्न अरूको दैलो-दैलो चहारिरहेकी छु । गाउँ समाजले पनि विधवालाई अलि हेलाँ गर्छन् । ऋण पनि पत्याउँदैनन्, बाँच्नै नसकिने भयो ।

सौरे राउतकी श्रीमती प्यारु राउत थप्छिन्, "विधवाले त काम पर्दा गाउँलेको सहयोग पनि सहजै पाउँदैनन् । बिरामी भए पनि ऋण पाउँदैनन् । चाडपर्वका बेला निको खाने नौलो खाने लाउने मन हुन्छ । तर जुटाउन सकिँदैन । मन मारेर बस्नुपर्छ ।" चन्द्र बोहराकी श्रीमती रूपा बोहराले भनिन्, "विधवाले तिर्न सक्तैनन् भनेर कसैले ऋण पनि पत्याउँदैनन् ।"

माओवादीको अपहरणमा परी मारिएका ताराचन्द्र रेग्मीको परिवारको पीडा पनि उस्तै छ । रेग्मीकी श्रीमती शान्ता रेग्मीले भनिन्, "राहतका लागि पटक-पटक गृह मन्त्रालयमा धाएपछि अलिकति राहत पाइयो । तर हामीले राहतभन्दा पनि न्याय खोजेका छौं । दोषीलाई कारबाही भइदिए पनि मनमा शान्ति हुन्थ्यो ।"

## बालबालिकामाथि असर

सरकारले सबै बालबालिकालाई माध्यमिक तहसम्म नि:शुल्क शिक्षा दिने नीति बनाए तापनि बाजुराका द्वन्द्व पीडित परिवारका बालबालिका आर्थिक अभावका कारण भारतका विभिन्न स्थानमा गएर ज्याला मजदूरी गरिरहेका छन् ।

नरबहादुर बोहराका छोरा १६ वर्षीय पुने बोहराले ५ कक्षामै विद्यालय छोडे । पुनेले दु:खेसो गरे, "पढ्ने रहर थियो, तर परिवार पाल्नु पर्‍यो ।" उनका अर्का छोरा प्रेम पनि पढाइ छाडेर भारतमा काम गर्न गए । प्रेम भन्छन्, "पहिला माओवादीले पढ्न दिएन । सेनाले बुबाको हत्या गरिदिएपछि, घरको जेठो भएकाले परिवार पाल्ने जिम्मा आयो । त्यसैले पढ्न छोडें ।"

रेउली सार्कीका चार बच्चा नरेन्द्र सार्की, गंगा सार्की, दीप सार्की र मन सार्की भने क्रमश: १०, ८, ६ र ३ कक्षामा पढ्दैछन् । तर यिनीहरू नियमित विद्यालय जान पाउँदैनन् । रेउली भन्छिन्, "बिहान बेलुका ज्याला मजदूरी गरेर भए पनि खाना खर्च जुटाउनै पर्छ । कापी कलम किन्ने खर्च पनि जुटाउनै पर्‍यो ।"

पाण्डुसेनका विद्यालयमा पढाइ शुरू भएको दुई महीना बितिसक्दा पनि नरेन्द्र सार्की र दीप सार्की भने खाना खर्च जुटाउन दुई महीना जति हिमाली भेगमा जडीबुटी संकलन गर्न जान्छन् । उनीहरू वैशाखको अन्तिमतिर बुढीनदा, मालिकामा जडीबुटी कोर्न गएका थिए । प्यारु राउतका तीन बच्चा पनि पढाइ छाडेर खाना खर्च जुटाउन गाउँलेसँगै जडीबुटी संकलन गर्न हिमालतिर गए ।

यी विद्यार्थीहरूले हिउँदको दुई महीना र वर्षाको एक महीना विद्यालयको पढाइ छोड्छन् । पदमबहादुर शाहीका छोराका पाँच बच्चा छन् । उनका जेठा छोरा केश शाहीले भने, "चार जना भाइबहिनी छन्, पढाउने जिम्मा मेरै छ । बहिनी सुमिता एसएलसी दिएर बसेकी छ, टेक्निकल शिक्षा पढ्छु भन्छे मेरो हैसियत छैन ।" सुमिता भन्छिन्, "मेरो सपना त पूरा हुँदैन होला ।"

## संविधान बनोस्, शान्ति होस्

नरबहादुर बोहराकी श्रीमती लालजना बोहराले भनिन्, "मेरो श्रीमान्को हत्यारालाई कारबाही हुनुपर्छ । त्यो नगरे सरकारले गाँस, बास, कपास र बच्चाको शिक्षाको ग्यारेन्टी दिनुपर्छ ।" पूर्णबहादुर राउत भन्छन्, "पीडितलाई न्याय दिएमा मात्र देशमा शान्ति वहाल हुन्छ । न्याय नपाएको अवस्थामा देशमा जस्तोसुकै संविधान बने पनि हाम्रो मन खुशी हुँदैन ।"

स्थानीय बुद्धिजीवीहरू भन्छन्, "द्वन्द्व पीडित परिवारलाई आयमूलक काम दिने, तिनको क्षमता अभिवृद्धि गर्ने तथा जीवन निर्वाहका लागि सरकारी र गैरसरकारी निकायहरू मिलेर ठोस काम गरिदिए द्वन्द्व न्यूनीकरण गर्न सहयोग पुग्नेछ ।"

तर पीडित केशबहादुर शाहीले जोड दिँदै भने, "देशमा संविधान बनेमा सबै किसिमका द्वन्द्वका निकास निस्कन्थे । अनि शान्ति पनि आउँथ्यो ।" ■

**खोज पत्रकारिता केन्द्र**

पो.ब.नं. [illegible], जावलाखेल, ललितपुर, नेपाल
फोन: [illegible]
इमेल: mail@cijnepal.org
www.cijnepal.org